# सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट सञ्चालन हुने शिक्षा, भाषा, संस्कृति र पुरातत्त्व संरक्षण सम्बन्धी स्वीकृत कार्यक्रम तथा बजेट कार्यान्वयन

## मापदण्ड, २०८०

माननीय मन्त्रीस्तरीय निर्णयबाट मिति २०८०/०६/२६ मा स्वीकृत ।

आ.व. २०८०/८१

गण्डकी प्रदेश सरकार
**सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय**
पोखरा, नेपाल

विषय सूची

**खण्ड– एक** १

**परिचय** १

१.१ परिचयः १

१.२ उद्देश्यः १

१.३ मन्त्रालय र मातहतका कार्यालयले कार्यान्वयन गर्ने कार्यक्रम र बजेटको मापदण्ड १

१.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था १

१.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरुः १

**खण्ड– दुईः** ३

**वार्षिक विकास कार्यक्रम र कार्यान्वयन** ३

२.१ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा र कार्यान्वयन ३

२.२ मन्त्रालय, निर्देशनालय र शिक्षा तालिम केन्द्रका वार्षिक विकास कार्यक्रमको अभिमुखीकरण (सामाजिक विकास कार्यालय, स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा विकास तथा समन्वय ईकाई) ४

२.३ विद्यालय शैक्षिक गुणस्तर वृद्धि र स्तरीकरण सूचक विकास तथा अभिमुखीकरण ५

२.४ स्थानीय तहसँगको सहकार्यमा दुर्गम तथा छरिएका वस्ती क्षेत्रका विद्यालयहरुको एकिकरण/ समायोजनका लागि प्रोत्साहन गर्न लिड विद्यालय विकास कार्यक्रम ७

२.५ सामुदायिक विद्यालय/सामुदायिक भवन मर्मत सम्भार ८

२.६ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम सञ्चालन१०

२.७ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयलाई प्रयोगशाला स्तरोन्नती अनुदान १३

२.८ स्थानीय तहसँगको समन्वय र साझेदारीमा निर्माणाधीन ठूला विद्यालयलाई गुरुयोजना बमोजिम निर्माण कार्य सञ्चालन १५

२.९ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान १६

२.१० आधारभुत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान १८

२.११ न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८–१० मा अंग्रेजी, गणित र विज्ञान विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान २०

२.१२ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि स्थापित विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन अनुदान २३

२.१३ एस ओ एस हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समुहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान निरन्तरता २४

२.१४ कोभिड–१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान (निरन्तरता ) २५

२.१५ विद्यालयमा विपद/महामारी जोखिम न्यूनीकरण २७

२.१६ मा. वि. तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण २९

२.१७ संग्रहालय, संस्कृती तथा पुरातत्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा ३०

२.१८ माध्यामिक तह (कक्षा ९-१०) को ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्रीको मस्यौदा निर्माण ३१
२.१९ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत) ३२
२.२० स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वियनमा स्थानीय तहलाई सहजीकरण ३४
२.२१ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता ३६
२.२२ सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम ३८
२.२३ धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, वैकल्पिक विद्यालयहरूलाई अनुदान ३९
२.२४ शिक्षक तालिमको प्रभावकारीता अध्ययन ४१
२.२५ विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन सुधार ४३
२.२६ Friday For Future कार्यक्रम सञ्चालन निर्देशिका तयारी तथा अभिमुखीकरण ४५
२.२७ गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम ४६
२.२८ त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकास (कार्यक्रम विकास एवं कार्यान्वियन) ४८
२.२९ थमन परियार स्मृति प्रतिष्ठान नेपाल कास्कीलाई कार्यक्रम संचालन तथा व्यवस्थापन अनुदान ४९
२.३० शहिद पार्क स्थापना तथा व्यवस्थापन अनुदान ५०
२.३१ माध्यमिक विद्यालयमा STEM LAB स्थापना र सञ्चालन अनुदान ५२
ख) शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड ५४
२.३२ विषयगत शिक्षक समूह परिचालन ५४
२.३३ असल अभ्यास प्रवर्द्धन ५५
२.३४ अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति ५७
२.३५ शैक्षिक तथ्याङ्क संकलन र प्रकाशनः ५९
२.३६ शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कार ६१
२.३७ सहिद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम (उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति) ६४
२.३८ शैक्षिक प्रदर्शनी ६७
२.३९ आधारभूत तहको परीक्षा व्यबस्थापन सम्बन्धि अभिमुखीकरण ६९
२.४० एसईई परीक्षाको प्रश्न बैंक निर्माणका लागि विषयगत शिक्षक कार्यशाला ७०
ग) तालिम केन्द्रबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड ७२
२.४१ आधारभूत तथा माध्यमिक तहका शिक्षकका लागि ५ दिने मनोसामाजिक परामर्श तालिम ७२
२.४२ आधारभूत र माध्यमिक शिक्षकका लागि सिर्जनात्मक कला तालिम ७३
२.४३ मा.वि. तथा आधारभूत तहका शिक्षकलाई नविनतम शिक्षण विधिको प्रयोग सम्वन्धी पुनर्ताजगी तालिम ७४
२.४४ आधारभूत र माध्यमिक शिक्षकका ICT तालिम ७५
२.४५ रोष्टर प्रशिक्षक प्रशिक्षण ७६
२.४६ अपाङ्गता भएका शिक्षकहरुलाई मागमा आधारित विशेष तालिम ७७
२.४७ नवप्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम ७८
२.४८ गण्डकी विश्वविद्यालयलाई सशर्त पूँजीगत अनुदान ७९

२.४९ गण्डकी विश्वविद्यालयको समन्वयमा काम गर्ने गरी राष्ट्रिय आविष्कार केन्द्र, नेपाल (**National Innovation Center, Napal**) लाई अनुदान ८०
२.५० मागका आधारमा सामुदायिक क्याम्पसको स्तरोन्नति अनुदान ८१
२.५१ सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान ८४
घ) प्रदेश सङ्ग्रहालयबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड ८७
(अ) पुँजीगत तर्फका कार्यक्रमहरु ८७
२.५२ संग्रहालयको परिसरमा डि.पि.आर. वमोजिम श्रब्यदृष्य कक्ष, सभाहल निर्माण कार्य (क्रमागत निरन्तरता) ८७
२.५३ कम्पाउण्ड वाल निर्माण तथा परिसरमा ढुङ्गा छाप्ने ८८
२.५४ संग्रहालयको बगैचा सुधार कार्यक्रम (सालबसाली) ८९
२.५५ प्रदर्शनी कक्षमा डमी निर्माण ९०
२.५६ संग्रहालयको सूचना कक्ष निर्माण/गण्डकी प्रदेशको प्रतिकृती (मोडल निर्माण) ९१
२.५७ प्रदर्शनी कक्षमा शोकेश निर्माण ९२
२.५८ बाल उद्यान व्यवस्थित गर्ने ९३
२.५९ अभिलेखालयको लागि अभिलेख/पाण्डुलिपि ऐतिहासीक दस्ताबेज संकलन ९४
२.६० मौलिक एवं पुरातात्विक सामग्री संकलन ९५
(आ) चालु तर्फका कार्यक्रमहरु ९६
२.६१ कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम ९६
२.६२ संग्रहालय शैक्षिक कार्यक्रम सालवसाली ९७
२.६३ श्रव्य दृष्य कक्षमा गण्डकी प्रदेशका ऐतिहासिक/धार्मिक/सांस्कृतिक/पुरातात्विक महत्वका सम्पदा एवं परम्पराहरुको वृत्तचित्र निर्माण ९८
२.६४ गण्डकी प्रदेशमा रहेका संग्रहालयहरुको संरक्षण र सञ्चालनका लागि कार्यशाला गोष्ठी ९९
२.६५ गण्डकी प्रदेशको इतिहास/संस्कृति सम्वन्धि टक्स शो कार्यक्रम १००
३. सामाजिक विकास कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन मापदण्ड, २०८० १०१
३.१ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासिय विद्यालयमा आवासिय व्यवस्थापन १०१
३.२ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासिय विद्यालयमा आवासिय भवन र पूर्वाधारको विकासको निरन्तरता १०३
३.३ विषयगत शिक्षक समूह गठन परिचालन (गणित, विज्ञान र अंग्रेजी) १०४
३.४ शिक्षक विद्यार्थी प्रतिभा पहिचान कार्यक्रम १०७

**खण्ड- एक**

**परिचय**

## १.१ परिचय:

गण्डकी प्रदेश सरकारले आफ्ना नीति नियमको अङ्गिकार गर्दै सङ्घ र स्थानीय तहसँग समन्वय गरी आफ्ना कार्यक्रम कार्यान्वयन गर्दै आएको छ । कार्यक्रम कार्यान्वयन गर्ने क्रममा कार्यक्रमलाई पारदर्शी, सरल, उत्तरदायी, जवाफदेही तथा औचित्यपूर्ण एवं प्रभावकारी तरिकाले सम्पादन गर्दै अपेक्षित गुणस्तरीय परिणाम प्राप्त गर्नका लागि प्रदेश सरकारबाट जारी भएको बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ को अधिनमा रही गण्डकी प्रदेश सरकार, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट "कार्यक्रम तथा बजेट कार्यान्वयन मापदण्ड, २०८०" स्वीकृत गरिएको छ ।

## १.२ उद्देश्य:

क) आ.व. २०८०/८१ को वार्षिक विकास कार्यक्रमहरु समयमै सहज र सरल तरिकाले सम्पादन गर्ने,
ख) कार्यक्रम कार्यान्वयनमा एकरुपता र गुणस्तरीयता कायम गर्ने,
ग) कार्यक्रम कार्यान्वयनमा आर्थिक पारदर्शिता तथा मितव्ययिता कायम गर्ने ।

## १.३ मन्त्रालय र मातहतका कार्यालयले कार्यान्वयन गर्ने कार्यक्रम र बजेटको मापदण्ड

क) शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा
ख) उच्च शिक्षा तथा संस्कृति महाशाखा
ग) शिक्षा विकास निर्देशनालय
घ) शिक्षा तालिम केन्द्र
ङ) प्रदेश सङ्ग्रहालय
च) जिल्लामा ११ वटा सामाजिक विकास कार्यालयहरु

## १.४ कार्यक्रम सञ्चालन सम्बन्धी व्यवस्था

कार्यक्रम सञ्चालन गर्दा प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ तथा गण्डकी प्रदेश सरकारद्वारा स्वीकृत खर्चको मापदण्ड, २०७९ एवम् गण्डकी प्रदेश सरकारद्वारा जारी बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ मा भएको व्यवस्था एवं आर्थिक मामिला मन्त्रालय, गण्डकी प्रदेशको आ.व.२०८०/८१ को बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन बमोजिम हुनेछ। प्रचलित कानुनसँग यो मापदण्ड बाझिएमा बाझिएको हदसम्म प्रचलित कानुन लागु हुनेछ ।

## १.५ कार्यक्रम कार्यान्वयन गर्दा ध्यान दिनुपर्ने पक्षहरु:

१. हरेक कार्यक्रमको तयारी तथा सञ्चालन गर्नु पूर्व यो मापदण्ड राम्ररी अध्ययन गर्नुपर्नेछ ।
२. यस मापदण्डमा उल्लिखित कुरालाई पालना गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुनेछ र कार्यान्वयनमा समन्वयकारी भूमिका कार्यक्रमको जिम्मेवार व्यक्तिको हुनेछ।
३. कार्यक्रम शुरु गर्नु पूर्व कार्यालयमा बैठक बसी कार्यक्रम सञ्चालन प्रकिया, सहभागी संख्या, श्रोत व्यक्ति, सहजकर्ता, कार्यक्रम सञ्चालन हुने मिति, समय र स्थान तथा अन्य आवश्यक विवरण

सहितको अवधारणा पत्र वमोजिम निर्णय गराई कार्यालय प्रमुखबाट पूर्व स्वीकृत गराएर कार्यक्रम सञ्चालन गर्नु पर्दछ ।

४. कार्यक्रम सञ्चालन गर्दा कार्यालय प्रमुख, लेखा प्रमुख र कार्यक्रमको जिम्मेवारी प्राप्त कर्मचारीको समन्वयमा सञ्चालन गर्नु पर्नेछ ।

५. यस मापदण्ड अनुसार कार्यक्रम सञ्चालन गर्दा गण्डकी प्रदेश सरकारबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकाको हकमा सोही अनुसार र अन्यको हकमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, शिक्षा तथा मानव श्रोत विकास केन्द्र र सम्बन्धित निकायहरुबाट जारी भएका कार्यविधि, मापदण्ड र निर्देशिकालाई आधार मानी सञ्चालन गर्नु पर्नेछ ।

६. तोकिएको त्रैमासिक भित्र कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यदि समयमा कुनै कार्यक्रम सञ्चालन गर्न नसकिएमा कारण सहितको विवरण समयमै उपलब्ध गराउनु पर्नेछ ।

७. सम्पादित क्रियाकलापको आन्तरिक र वाह्य लेखा परीक्षण गराउने दायित्व सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखको हुनेछ। यस कार्यमा सहयोग गर्नको लागि सम्बन्धित कर्मचारी जिम्मेवार रहनेछ।

८. गण्डकी प्रदेश, आर्थिक मामिला मन्त्रालयबाट जारी भएको बजेट कार्यान्वयन मार्गदर्शन, २०८०/८१ को पूर्ण पालना गर्नुपर्नेछ । सार्वजनिक खर्चमा मितब्ययिता कायम गर्ने सम्बन्धी मापदण्ड, २०७७ समेत अनुसरण गर्नुपर्नेछ ।

९. यस मापदण्डमा अन्यत्र जेसुकै लेखिएको भए पनि स्वीकृत वार्षिक कार्यक्रमहरु सञ्चालन गर्दा गराउँदा बजेटको परिधिभित्र रही प्रचलित सार्वजनिक खरिद सम्बन्धी कानुन, गण्डकी प्रदेश सरकारको खर्च मापदण्ड २०७९, भ्रमण खर्च नियमावली २०६४ को परिधीभित्र रही कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

१०. कार्यक्रमको मुख्य मुख्य उपलव्धि र मासिक, त्रैमासिक र वार्षिक रूपमा भौतिक तथा वित्तीय प्रगति रुपमा तयार गर्नु पर्नेछ ।

११. यस मापदण्डमा उल्लिखित कार्यक्रमहरुमा बजेट थपघट भएमा यसै मापदण्ड बमोजिम कार्यान्वयन गरिनेछ ।

१२. यस मापदण्डमा निर्धारित कार्यक्रमहरु कार्यान्वयनका लागि मन्त्रालयले मातहतका निकायलाई जिम्मेवारी दिन सक्नेछ ।

१३. यस मापदण्डको विषयवस्तु वा कुनै विषयमा अस्पष्ट भएमा सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयसँग सम्पर्क गरी स्पष्ट हुनुपर्नेछ ।

१४. मन्त्रालय र मातहतका निकायहरुवाट अनुदान प्राप्त गर्ने विद्यालय, क्याम्पस तथा अन्य संघसंस्थाहरुले वील भरपाई र स्रेस्ता अद्यावधिक रुपमा राखि नियमानुसार वार्षिक लेखा परिक्षण गराउनु पर्नेछ ।

नोट : प्रचलित आर्थिक ऐन, नियमावली र कार्यविधि संशोधन वा जारी भएमा सोही बमोजिम कार्यक्रम सञ्चालन गर्नुपर्ने छ ।

**खण्ड- दुईः**

**वार्षिक विकास कार्यक्रम र कार्यान्वयन**

**क) मन्त्रालयबाट कार्यान्वयन हुने कार्यक्रमहरुको कार्यान्वयन मापदण्ड**

**२.१ प्रादेशिक शिक्षा नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा र कार्यान्वयन**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ४०० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश सरकारले शिक्षा क्षेत्रका नीति, योजना, ऐन नियम निर्देशिका मापदण्ड र कार्यविधि तर्जुमा गर्ने कार्यलाई व्यवस्थित रुपमा सम्पादन गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो। तर्जुमा गर्नुपर्ने ऐन, नियम, निर्देशिका, मापदण्ड एवम् कार्यविधि तयारीका सम्बन्धमा मन्त्रालयबाट निर्णय भए बमोजिमका कार्यहरु यस कार्यक्रम अन्तरगत रही कार्यान्वयनको व्यवस्था मिलाउन यो मापदण्ड तयार गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | शिक्षा क्षेत्रका प्रदेशस्तरीय नीति, योजना, ऐन नियम निर्देशिका मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयन गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेट बाँडफाँट | कार्यक्रमसँग सम्बन्धित बैठक, मस्यौदा तयारी र व्यवस्थापन लगायतका खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – आवश्यकता अनुसार बैठक<br>– तर्जुमा गर्नुपर्ने विषय पहिचान एवम् निर्णय<br>– कार्यविवरण निर्धारण गरी आवश्यकता अनुसार कार्यदल/समिति गठन<br>– सरोकारवालासंग छलफल, कार्यशाला सञ्चालन, अभिमुखिकरण<br>– मस्यौदा तयारी/ प्रकाशन<br>– प्रतिवेदन । |
| ६. अपेक्षित प्रतिफल | शिक्षा क्षेत्रको आवश्यक ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा भएका हुनेछन् । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | बैठकका निर्णयहरु, विल भर्पाई, मन्त्रालयको निर्णय बमोजिम तर्जुमा भएको ऐन, नियम, निर्देशिका, मापदण्ड, कार्यविधि |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

**२.२ मन्त्रालय, निर्देशनालय र शिक्षा तालिम केन्द्रका वार्षिक विकास कार्यक्रमको अभिमुखीकरण (सामाजिक विकास कार्यालय, स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा र शिक्षा विकास तथा समन्वय ईकाई)**

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १२०० | पहिलो/दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | मन्त्रालय र मातहतका निकायहरु शिक्षा विकास निर्देशनालय तथा शिक्षा तालिम केन्द्रले कार्यान्वयन गर्ने शिक्षा क्षेत्रका कार्यक्रमहरु सम्बन्धमा शिक्षा विकास निर्देशनालय, शिक्षा तालिम केन्द्र, सामाजिक विकास कार्यालयहरु, शिक्षा विकास तथा समन्वय इकाइहरु र स्थानीय तहका शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखामा कार्यरत जनशक्तिहरुलाई अभिमुखीकरण गरी कार्यक्रम कार्यान्वयनमा सहजिकरण गर्न तथा एकरुपता र प्रभावकारीता ल्याउन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | वार्षिक कार्यक्रम कार्यान्वयनमा सहजिकरण, एकरुपता र प्रभावकारितामा बृद्धि गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेट बाँडफाँट | विषयवस्तु तयारी, दैनिक तथा भ्रमण खर्च, खाजा खाना व्यवस्थापन, इन्धन लगायत कार्यक्रमसँग सम्बन्धित खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – अभिमुखीकरणका मुख्य विषयवस्तुहरु पहिचान एवम् तयारी<br>– कार्यक्रम सञ्चालनको मिति, सहभागी र स्थान निर्धारण<br>– जिम्मेवारी बाँडफाँड र कार्यक्रम सञ्चालन<br>– प्रतिवेदन |
| ६. अपेक्षित प्रतिफल | कार्यक्रम कार्यान्वयनमा एकरुपता, समन्वय र प्रभावकारीता बृद्धि हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | कार्यक्रमका मुख्य विषयवस्तुहरु, उपस्थिति विवरण, खर्चका बील भरपाई, फोटो र प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

## २.३ विद्यालय शैक्षिक गुणस्तर वृद्धि र स्तरीकरण सूचक विकास तथा अभिमुखीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विद्यालय तहको शैक्षिक सूचकहरुको अध्ययन तथा विश्लेषण गरी गुणस्तर अभिबृद्धि गर्नका लागि विद्यालयहरुको स्तर निर्धारण गर्दै कमजोर शैक्षिक स्तर भएका विद्यालयहरुलाई थप सहायता प्रदान गरी सक्षम विद्यालयको रुपमा विकास गर्दै लैजान आवश्यक हुन्छ । यसका लागि शैक्षिक सूचकहरुको विकास गरी कार्यान्वयन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | **विद्यालय स्तरीकरण सूचक विकास** गरी अभिमुखीकरण गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. सहयोगी निकाय | स्थानीय तह |
| ५. बजेट बाँडफाँट | सूचक विकास समितिका बैठक, सुझाव संकलन कार्यक्रम सञ्चालन, अभिमुखीकरण कार्यक्रम सञ्चालन, विद्यालय स्तरीकरण सूचक छपाई |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **निर्देशिका तयारीः** *विद्यालय शैक्षिक गुणस्तर वृद्धि र स्तरीकरण सूचक* तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको निर्देशिकाको मसौदा तयारी समिति गठन गर्ने।<br>• महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा- संयोजक<br>• महानिर्देशक, शिक्षा विकास निर्देशनालय- सदस्य<br>• सचिवले तोकेको दुईवटा स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा प्रमुखहरु (अधिकृतस्तर नवौं/दशौं)- सदस्य<br>• संयोजकले तोकेको माध्यमिक विद्यालयका प्र.अ./शिक्षक, २ जना - सदस्य<br>• शाखा प्रमुख, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव<br>*नोटः समितिले आवश्यकता अनुसार मन्त्रालयका कर्मचारी र अन्य सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।*<br>ख. **कार्यक्रम अभिमुखीकरणः** स्वीकृत निर्देशिकामा उल्लेख भए बमोजिमका सरोकारवाला हरुलाई भौगोलिक क्षेत्रगत रुपमा कार्यक्रम आयोजना गरी अभिमुखीकरण गर्ने । |
| ६. अपेक्षित उपलव्धी | विद्यालय स्तरीकरण सूचक तयार भई सरोकारवालाहरुलाई अभिमुखीकरण भएको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | वैठकका निर्णयहरु, स्तरीकरण सूचक पुस्तिका र अभिमुखीकरण कार्यक्रमसँग सम्बन्धित उपस्थिति विवरण, बील भरपाई र प्रतिवेदन। |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

## २.४ स्थानीय तहसँगको सहकार्यमा दुर्गम तथा छरिएका वस्ती क्षेत्रका विद्यालयहरुको एकिकरण/ समायोजनका लागि प्रोत्साहन गर्न लिड विद्यालय विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | पटक | १ | ११००० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | बालबालिकाको जन्मदर घट्दो क्रम र बसाईसराई बढ्दोका कारण दुर्गम तथा छरिएको वस्ती क्षेत्रका धेरै जसो विद्यालयहरुमा विद्यार्थी संख्या न्यून हुने अवस्था सिर्जना भएको छ । यसरी छरिएर रहेका तथा न्यून विद्यार्थी भएका विद्यालयलाई एकिकरण/समायोजन गरी पाएक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहितको लिड विद्यालयका रुपमा विकास गरी स्रोत परिचालनमा मितव्ययिता र गुणस्तरीय शिक्षाको प्रत्याभुत गराउन स्थानीय तहसँग सहकार्य गरी कार्यान्वयन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | न्यून विद्यार्थी भएका विद्यालयलाई एकिकरण/समायोजन गरी लिड विद्यालयको रुपमा विकास गर्न प्रोत्साहित गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकायहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सम्वन्धित स्थानीय तह, सामाजिक विकास कार्यालय र तोकिएका विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | निर्देशिका तयारी, अभिमुखीकरण, स्थानीय तहहरुको कार्ययोजनाका आधारमा सम्झौता बमोजिमको कार्य सञ्चालन लगायतका खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **निर्देशिका तयारी समितिः** लिड विद्यालय सञ्चालन तथा व्यवस्थापन सम्बन्धी निर्देशिका/कार्यविधिको मसौदा तयार गरी मन्त्रालयमा पेश गर्न निम्नानुसारको समिति हुनेछ :<br>• महाशाखा प्रमुख, शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा- संयोजक<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका उपसचिव प्रतिनिधि- सदस्य<br>• प्रदेश नीति तथा योजना आयोगको उपसचिव प्रतिनिधि-सदस्य<br>• महानिर्देशक, शिक्षा विकास निर्देशनालय-सदस्य<br>• महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा- सदस्य<br>• ईकाइ प्रमुख, शिक्षा विकास तथा समन्वय इकाइ, कास्की - सदस्य<br>• महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा- सदस्य सचिव<br>***(आवश्यकता अनुसार विज्ञ/अनुभवी व्यक्तिहरुलाई बैठकमा आमन्त्रण गर्न सकिनेछ)***<br>ख) समितिले पेश गरे अनुसारको निर्देशिका/कार्यविधिको स्वीकृति ।<br>ग) स्वीकृत निर्देशिका/कार्यविधि अनुसार कार्यक्रम कार्यान्वयन गरिनेछ ।<br>घ) समग्र प्रतिवेदन |
| ६. अपेक्षित उपलव्धी | न्यून विद्यार्थी भएका विद्यालयहरु एकीकरण/समायोजन भई लिड विद्यालयका रुपमा विकास भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | वैठक सम्वन्धी कागजातहरु, निर्देशिकाको मसौदा, विल भरपाईहरु र प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

## २.५ सामुदायिक विद्यालय/सामुदायिक भवन मर्मत सम्भार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | पटक | १ | १५००० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सामुदायिक विद्यालय/सामुदायिक भवनहरुको भौतिक संरचनाहरुको मर्मत सम्भार गरी त्यस्ता भौतिक पुर्वाधारहरुको संरक्षण, सम्बर्द्धन र सदुपयोग गर्नका लागि सहयोग पुऱ्याउन यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक विद्यालय/सामुदायिक भवनहरुको भौतिक संरचना मर्मत सम्भार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालयहरु, सामुदायिक विद्यालय/सामुदायिक संस्थाहरु |
| ४. बजेट बाँडफाँट | सूचना प्रकाशन, वैठक व्यवस्थापन, अनुगमन, सामुदायिक विद्यालय/सामुदायिक भवन मर्मत |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **सूचना प्रकाशनः** सामुदायिक विद्यालय/सामुदायिक भवनका सरोकारवालाहरुसँग कार्यक्रम सञ्चालनका लागि २१ दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्ने । प्रस्ताव साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।<br>१. अनुसूची -१ वमोजिमको ढाँचामा प्रस्ताव<br>२. व्यवस्थापन समिति/सञ्चालक समितिको निर्णय<br>३. लागत अनुमान<br>४. स्थानीय तहको सिफारिस<br>५. मर्मत सम्भार गर्ने भवन/कोठा, फर्निचर, शौचालय, घेराबार, खानेपानी लगायतको फोटो<br>६. गत वर्ष र चालु वर्ष सो कार्यक्रमको लागि कुनै पनि निकायबाट रकम प्राप्त नभएको स्वघोषणा पत्र ।<br>ख. **प्रस्ताव अध्ययन एवम् अनुदान सिफारिसः** प्राप्त प्रस्तावहरुको मूल्याङ्कन, छनौट तथा बजेट व्यवस्थाका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मुल्याङ्कन तथा सिफारिस समिति रहनेछ :<br>• शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख-संयोजक<br>• प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत प्रतिनिधि - सदस्य<br>• भौतिक पूर्वाधार मन्त्रालयको अधिकृत प्रतिनिधि (इन्जिनियर) - सदस्य<br>• शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखाका अधिकृत- सदस्य सचिव<br>***(समितिले आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)***<br>ग. **प्राथमिकता निर्धारणः** सामुदायिक विद्यालय/सामुदायिक भवनहरु छनौट गर्दा देहाय बमोजिमको प्राथमिकताका आधारमा छनौट गरिनेछ :<br>१. भवन मर्मत<br>२. कोठा मर्मत<br>३. फर्निचर मर्मत<br>४. शौचालय मर्मत |

| | | |
|---|---|---|
| | | ५. खानेपानी मर्मत<br>६. घेराबार मर्मत<br>(समितिले सिफारिस गर्दा अधिकतम आवश्यकता, औचित्य, लाभान्वित हुने सङ्ख्या, भौगोलिक अवस्था, सामुदायिक विद्यालय/सामुदायिक संस्थाको आन्तरिक स्रोत समेतलाई आधार लिनु पर्नेछ। प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-२ बमोजिम हुनेछ।)<br>घ. **रकमको सिमाः** समितिले मूल्याङ्कन गरी छनौट भएका विद्यालय/संस्थामा उपलव्ध गराउने बजेटको सिमा निम्नानुसारको हुनेछ :<br>• **विद्यालयको हकमा-**<br>१. कक्षा ५ सम्म सञ्चालित विद्यालय बढिमा - रु.२ लाख<br>२. कक्षा ८ सम्म सञ्चालित विद्यालय बढिमा - रु. ३ लाख<br>३. कक्षा १२ सम्म सञ्चालित विद्यालय बढिमा - रु. ४ लाख<br>• **सामुदायिक संस्थाको हकमा-** संस्थाको आवश्यकता अनुसार बढीमा-रु.३ लाख<br>ङ. **अख्तियारी उपलव्ध गराउनेः** अनुदान उपलव्ध गराउन छनौट भएका विद्यालयहरुको कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयमा अख्तियारी उपलव्ध गराउने।<br>च. **सम्झौता एवम् कार्यान्वयनः** मन्त्रालयबाट छनौट भएका विद्यालय र सामाजिक विकास कार्यालय बीच सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने। |
| ६. | अपेक्षित प्रतिफल | सामुदायिक विद्यालय/समुदायिक भवनहरुको भौतिक संरचनाको मर्मतसम्भार भएको हुनेछ। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि शैक्षिक संस्थाले पेश गर्नुपर्ने कागजातहरु**<br>१. रकम निकासाका लागि निवेदन<br>२. व्यवस्थापन/सञ्चालक समितिको खर्च अनुमोदन र भुक्तानी माग सम्बन्धी निर्णयको प्रतिलिपि<br>३. सम्झौता,<br>४. स्थानीय तहको सिफारिस,<br>५. कार्यक्रमसँग सम्वन्धित बील भरपाइहरु, डोर हाजिरी,<br>६. कार्यक्रमका फोटाहरु,<br>७. अनुगमन प्रतिवेदन,<br>८. स्वीकृत लागत अनुमान र प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन,<br>९. बैंक खाता सम्बन्धी विवरण |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय र स्थानीय तह |

## २.६ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका सामुदायिक विद्यालयमा सिक्दै कमाउदै, कमाउदै सिक्दै कार्यक्रम सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | विद्यालय | २० | १0000 | सबै |
| **शीर्षक** | **विवरण** | | | |
| १. पृष्ठभूमि | प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुलाई पाठ्यक्रमले तोकेको लक्ष्य पूरा गर्दै, व्यवहारिक, उद्यमशील तथा स्वाबलम्बी बनाउनुका साथै सिकाइलाई उत्पादनसंग र उत्पादनलाई आयसँग जोड्न सहयोग पुर्‍याउन यो कार्यक्रम तर्जुमा गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | विद्यार्थीहरुमा उद्यमशीलता एवं स्वावलम्बनको विकास र सिकाइलाई आयसँग जोड्न सहयोग पुर्‍याउने। | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र विद्यालयहरु | | | |
| ४. बजेट बाँडफाँट | **१. सूचना प्रकाशन, अनुगमन, छनौट र विद्यालयलाई अनुदान**<br>क) सूचना प्रकाशन, प्रस्ताव संकलन, अनुगमन, मूल्याङ्कन लगायतको व्यवस्थापन खर्च रु.५ लाख<br>ख) गत आ.व. २०७९/८० मा छनौट भई अनुदान उपलव्ध भएका १० वटा विद्यालयहरुलाई सिक्दै कमाउँदै कार्यक्रमको प्रभावकारीताको आधारमा कार्यक्रमको निरन्तरताका लागि प्रति विद्यालय रु.२ लाखका दरले जम्मा रु.२० लाख,<br>ग) यस आ.व. मा १५ वटा विद्यालयहरु छनौट गरी प्रति विद्यालय रु.५ लाखका दरले जम्मा रु. ७५ लाख<br>**२. अनुदान रकमबाट खर्च गर्न सकिने क्रियाकलापः**<br>क) उत्पादनमूलक प्रकृतिको अस्थायी संरचना निर्माण (जस्तैःव्याड, टनेल, खोर, विक्रि कक्ष, विउ, विरुवा, माछा पोखरी, माछाका भुरा, पाठापाठी, पाडोपाडी, बाच्छी खरिद जस्ता कार्य)<br>ख) उत्पादनमूलक कामका लागि आवश्यक पर्ने औजार, उपकरण र कार्यस्थलसँग सम्बन्धित प्रयोगशाला वा वर्कसप स्थापना गर्न लाग्ने खर्च<br>ग) वस्तु उत्पादन एवम् विक्रि व्यवस्थापनका लागि लाग्ने खर्च<br>घ) विज्ञहरुसँग परामर्श र अभिमुखीकरण तथा<br>ङ) सम्झौता<br>*(नोटः उक्त बजेटबाट स्थायी प्रकृतिका भौतिक पूर्वाधार संरचना निर्माणका लागि अनुदान रकम खर्च गर्न पाइने छैन ।)* | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** सिक्दै कमाउँदै, कमाउँदै सिक्दै कार्यक्रम कार्यान्वयन गर्न चाहने प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गरेका शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट पढ्दै कमाउँदै कार्यक्रमका लागि छनौटमा नपरेका विद्यालयहरुसँग २१ दिनको म्याद दिई सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने। | | | |

| | |
|---|---|
| | **प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः**<br>१. अनुसूची-३ ढाँचामा कार्यक्रम कार्यान्वयनको प्रस्तावना सहितको कार्ययोजना<br>२. कार्यक्रम सञ्चालन गर्ने सम्बन्धी विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपी<br>३. सम्बन्धित स्थानीय तहको साझेदारीको विवरण खुलेको सिफारिस<br>४. गत आ.व.र चालु आ.व. मा शिक्षा तथा मानव स्रोत विकास केन्द्र र स्थानीय तहबाट सोही कार्यक्रम दोहोरो नपरेको सम्बन्धी विद्यालयको स्वघोषणा पत्र<br>५. प्रशिक्षक समेतको सहभागितामा लागत अनुमान तयार गरी विद्यालयबाट स्वीकृत लागत अनुमान<br>ख. **प्रस्ताव मूल्याङ्कन तथा सिफारिसः** प्राप्त भएका प्रस्तावहरुको मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको एक समिति रहनेछ । प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची- ४ बमोजिम हुनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. शिक्षा विकास निर्देशनालयका महानिर्देशक- सदस्य<br>३. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>४. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा-सदस्य<br>५. CTEVT प्रादेशिक कार्यालय / GTEVTA को अधिकृत प्रतिनिधि-सदस्य<br>६. प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका विद्यालयहरु मध्ये संयोजकले तोकेको विद्यालयको १ जना प्र.अ.- सदस्य<br>७. विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा- सदस्य सचिव<br>*(आवश्यकता अनुसार समितिको बैठकमा विज्ञ/अनुभवी व्यक्तिलाई आमन्त्रण गर्न सकिनेछ)*<br>**ग. विद्यालय छनौटका आधारहरुः**<br>१. स्थानीय तहबाट प्राथमिकता निर्धारण भए बमोजिम गाउँपालिका भए कृषि (बाली विज्ञान वा पशु विज्ञान) लाई र नगरपालिका भए सेवा क्षेत्रलाई प्राथमिकतामा राखी विद्यालय छनौट गर्नुपर्नेछ । साथै एक स्थानीय तहमा एक विद्यालय छनौटका लागि प्राथमिकता दिइनेछ ।<br>२. संघीय सरकारबाट पढदै कमाउँदै कार्यक्रम कार्यान्वयन भईरहेका, CTEVT बाट **सिक, कमाउ अनि तिर कार्यक्रम** कार्यान्वयन भइरहेका तथा CTEVT को साझेदारीमा सञ्चालित विद्यालयहरु यस कार्यक्रमको मूल्याङ्कन प्रक्रियामा सहभागी हुने छैनन् ।<br>**घ. साझेदारी सम्बन्धी विशेष व्यवस्थाः** सिक्दै कमाउँदै कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने विद्यालयका लागि स्थानीय तहको साझेदारी सुनिश्चित भएका विद्यालयलाई प्राथमिकता प्रदान गरिनेछ ।<br>**ङ. अनुदान प्राप्त पुंजी नष्ट गर्न नपाइनेः** अनुदानबाट सिर्जित सम्पत्ती नष्ट गर्न पाइने छैन । यसलाई निरन्तरता दिई कार्यक्रम कार्यान्वयन गर्नुपर्नेछ ।<br>**च. अनुदान उपलब्ध गराउन सकिने विषयहरुः**<br>**१. कृषि (बाली/पशु/बागवानी विज्ञान)** |

| | | |
|---|---|---|
| | | २. ईञ्जिनियरिङ (सिभिल/कम्प्युटर/इलेक्ट्रिकल)<br>३. पर्यटन एवम् हस्पिटयालिटी<br>**छ. स्थानीय तहले सिफारिस गरी पठाउनुपर्नेः** प्राविधिक शिक्षा तथा व्यावसायिक शिक्षा सञ्चालन गरेका कक्षा ९-१२ मा प्राविधिक धार वा टेक्स कार्यक्रम सञ्चालन भएका CTEVT बाट नियमित अनुदान प्राप्त नगर्ने विद्यालयहरुले सिक्दै कमाउँदै कार्यक्रम सञ्चालन गर्न चाहेमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८** मा तोकिए बमोजिम न्यूनतम आधारहरु पुरा भएका विद्यालयहरु मध्ये आफ्नो स्थानीय तह अन्तर्गत सञ्चालित विद्यालयहरुलाई प्राथमिकता क्रम निर्धारण गरी सिफारिस गर्नु पर्नेछ।<br>**ज. समिति गठन तथा काम, कर्तव्य र अधिकारः** राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ मा उल्लेख भए बमोजिमको समिति गठन र काम, कर्तव्य र अधिकार हुनेछ ।<br>**झ. प्रतिवेदन पेश गर्नेः** कार्यक्रम कार्यान्वयन गर्ने विद्यालयहरुले अनुसूची- ५ मा उल्लेख भएको ढाँचामा प्रतिवेदन तयार गरी सम्बन्धित स्थानीय तह र मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ ।<br>ञ. छनौट भएका विद्यालयहरुको कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी पठाउन सकिनेछ । |
| ६. | अपेक्षित प्रतिफल | विद्यार्थीहरुमा उद्यमशीलता एवं स्वावलम्बनको विकास र सिकाइलाई आयसँग जोड्न सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. भुक्तानी मागको निवेदन<br>२. सम्झौतापत्रको प्रतिलिपी<br>३. कार्यसम्पन्न/आयआर्जन कार्यक्रमको प्रारम्भ भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>४. कार्य सम्पन्न भएको सम्बन्धमा सम्बन्धित स्थानीय तहको शिक्षा महाशाखा/शाखाको सिफारिस पत्र<br>५. खरिद आदेश, दाखिला प्रतिवेदन, जिन्सी खाताको प्रतिलिपि<br>६. खर्चका बील भरपाईहरु तथा डोर हाजिरी<br>७. अनुगमन प्रतिवेदन<br>८. फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र स्थानीय तहहरु |

## २.७ प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालन भएका विद्यालयलाई प्रयोगशाला स्तरोन्नती अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | १० | ५००० | दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | माध्यमिक विद्यालयहरुमा प्राविधिक धार र CTEVT बाट अनुमती लिई सञ्चालनमा रहेका सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) सञ्चालित विद्यालयहरुको प्रयोगशालामा सामग्री एवम् उपकरणको उचित व्यवस्थापन सहित स्तरोन्नती गर्दै गुणस्तरीय प्राविधिक शिक्षा प्रदान गरी सिकाइ उपलव्धी बृद्धि गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विद्यालयहरुमा प्रयोगात्मक अभ्यासका लागि उपयुक्त वातावरण सिर्जना गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन र अभिमुखीकरण लगायतको खर्चहरु र विद्यालयलाई अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत २१ दिनको म्याद दिई प्राविधिक तथा व्यावसायिक शिक्षा सञ्चालित विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने । प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।<br>१. अनुसूची- ६ को ढाँचामा प्रस्तावपत्र,<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय,<br>३. सम्बन्धित स्थानीय तहको कार्यक्रममा आ.व. २०७९/८० तथा चालु आ.व. मा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र,<br>४. स्थानीय तहबाट कक्षा ९-१० को प्रमाणित विद्यार्थी विवरण,<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** विद्यालयबाट प्राप्त प्रस्तावहरु अनुसूची-७ बमोजिमका आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ।<br>• शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>• महाशाखा प्रमुख योजना तथा प्रशासन महाशाखा- सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• अधिकृत,विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा-सदस्य सचिव<br>*(आवश्यकता अनुसार समितिको वैठकमा सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)*<br>ग. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहायका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन प्रकृयामा समावेश गरिने छैन।<br>१. आ.व. २०७८/७९ मा प्रदेश सरकार/स्थानीय तहबाट माध्यमिक विद्यालयमा विज्ञान प्रयोगशाला सुदृढीकरण र प्राविधिक विद्यालयका विज्ञान प्रयोगशाला स्थापनाका लागि बजेट अनुदान उपलव्ध भएका विद्यालयहरु,<br>२. प्रदेश सरकार र स्थानीय तहबाट आ.व. २०७९/८० र चालु आ.व. मा प्रयोगशाला सुदृढीकरण र STEM ल्याव स्थापनाका लागि बजेट अनुदान |

| | | |
|---|---|---|
| | | प्राप्त गरेका विद्यालयहरु,<br>घ. **अनुदान रकमको सिमाः** प्रति विद्यालय रु. पाँच लाखका दरले ।<br>ङ. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः** कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ./संयोजक शिक्षकका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्ने । |
| ६. | अपेक्षित उपलव्धी | समयानुकुल विद्यार्थीहरुको प्रयोगात्मक सिकाइका अवसर विस्तारमा सहयोग पुगेको हुनेछ । |
| ७. | विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. सम्झौता पत्रको प्रतिलिपी,<br>२. सामग्रीको विवरण निर्धारण, कम दरमा सामग्री/निर्माण कार्य उपलव्ध गराउने संस्था/फर्म छनौट, कोटेशन सम्बन्धी कागजातहरु, कार्य सम्पन्न र समितिको खर्च अनुमोदन सम्बन्धी निर्णय,<br>३. संस्थासँग सामग्री/निर्माण कार्य खरिद गर्ने समितिको बैठकको निर्णय,<br>४. खरिद आदेश, बील भरपाई र दाखिला प्रतिवेदन,<br>५. खर्च भएर नजाने जिन्सीमा जिन्सि खाताको प्रतिलिपी,<br>६. कार्यक्रमसँग सम्बन्धित फोटोहरु र अनुगमन प्रतिवेदन<br>७. बैंक खाता सम्बन्धी विवरण |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु र स्थानीय तह |

२.८ स्थानीय तहसँगको समन्वय र साझेदारीमा निर्माणाधीन ठूला विद्यालयलाई गुरुयोजना बमोजिम निर्माण कार्य सञ्चालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२२ | विद्यालय | ३ | ६००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | छरिएर रहेका तथा न्यून विद्यार्थी भएका विद्यालयहरुलाई स्थानीय तहको समन्वय र साझेदारीमा एकीकरण/समायोजन गरी पाएक पर्ने विद्यालयलाई आधारभूत पूर्वाधार सहितको ठुला विद्यालयका रुपमा विकास गर्न विगत वर्षहरुमा संघीय सरकारको सहयोगमा यस प्रदेश भित्रको नवलपरासी (वर्दघाट सुस्ता पुर्व) जिल्लाका २ वटा विद्यालय तथा कास्की जिल्लाका १ वटा विद्यालयहरुको गुरुयोजना निर्माण कार्य सम्पन्न भएको छ। विद्यालयको उक्त गुरुयोजना बमोजिम भौतिक पूर्वाधार निर्माण कार्यलाई सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | ठुला विद्यालयको गुरुयोजना बमोजिम पूर्वाधार विकास गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सम्वन्धित स्थानीय तहहरु, सामाजिक विकास कार्यालय र तोकिएका विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | निर्माणसँग सम्वन्धित कार्यमा तोकिए बमोजिमका खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) ठुला विद्यालयहरुको विस्तृत आयोजना प्रतिवेदन (DPR) मा उल्लेख भएका निर्माण सम्बन्धी कार्यको प्राथमिकता तोकी पूर्वाधार विकास सम्वन्धी प्रचलित कानून बमोजिमको खरीद योजना, लागत अनुमान, योजना कार्यान्वयनका लागि कार्ययोजना सहितको विद्यालयबाट प्रस्ताव माग गर्ने। साथै प्रस्तावसंग स्थानीय तहको सिफारिस र विस्तृत आयोजना प्रतिवेदन अनुसार हालसम्म सम्पन्न क्रियाकलाप विवरण समावेश हुनु पर्नेछ ।<br>ख) कार्यक्रम कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयलाई अख्तियारी दिने ।<br>ग) विद्यालयले सामाजिक विकास कार्यालयसँग सम्झौता गरी कार्यक्रम कार्यान्वयन गर्ने ।<br>घ) अनुगमन र प्रतिवेदन |
| ६. अपेक्षित उपलव्धी | न्यून विद्यार्थी भएका विद्यालयहरु एकीकरण/समायोजन भई भौतिक पूर्वाधारयुक्त ठुला विद्यालयका रुपमा विकास भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | सम्झौता पत्र, कार्यसम्पन्न प्राविधिक प्रतिवेदन, सामग्री/निर्माण कार्य खरिद सम्वन्धी कोटेशन र खरिद सम्वन्धी फर्म/संस्था छनौट एवं खर्चको विल भरपाई अनुमोदन निर्णय प्रतिलिपि तथा भुक्तानी मागको निवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय |

## २.९ प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | केन्द्र/विद्यालय | ४० | ८००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रारम्भिक बालविकास कक्षाको मूल उद्देश्य विविध किसिमका मनोरञ्जनात्मक क्रियाकलापको माध्यमद्वारा बालबालिकाको सर्वाङ्गीण विकास गरी उनीहरूलाई कक्षा-१ का लागि तयार गराउनु हो ।प्रारम्भिक बाल विकास उमेरका बालबालिकाको शारीरिक, मानसिक, सामाजिक तथा सम्वेगात्मक पक्षहरुको विकास गर्ने पाठ्यक्रमको उद्देश्य पूरा गर्न उनीहरुलाई खेल्दै सिक्ने वातावरण सृजना गर्नका लागि कक्षा कोठामा पर्याप्त सिकाई सामग्री व्यवस्थापन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | प्रारम्भिक वालविकास केन्द्रमा सिकाइ सामग्रीहरुको व्यवस्थापन गरी बाल सिकाइमा सहजिकरण गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय र छनौटमा परेका वालविकास केन्द्र/विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | – बालविकास केन्द्रको प्रस्ताव मूल्याङ्कन एवम् छनौट व्यवस्थापन खर्च र अभिमुखिकरण तथा बालविकास केन्द्र सिकाइ सामग्री व्यवस्थापन अनुदान<br>– अनुगमन तथा मूल्याङ्कन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** प्रारम्भिक बालविकास केन्द्रहरुको सिकाइ सामग्री व्यवस्थापन गर्न आवश्यक भएका विद्यालयहरु/समुदायमा आधारित वाल विकास केन्द्रहरुसँग २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी देहायको कागजात सहित प्रस्ताव माग गरिनेछ ।<br>१. अनुसूची- ८ को ढाँचामा प्रस्तावपत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. आ.व. २०७८/०७९ र २०७९/०८० तथा चालु वर्षमा सम्बन्धित कार्यक्रमका लागि दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको स्थानीय तहको सिफारिस पत्र ।<br>४. स्थानीय तहबाट प्रमाणित प्रारम्भिक बालविकास कक्षाका विद्यार्थी विवरण<br>ख. **प्रस्ताव मूल्याङ्कनः** विद्यालयहरुबाट प्राप्त प्रस्तावहरुको अनुसूची- ९ बमोजिम मूल्याङ्कन एवम् छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न तपसिल बमोजिमको एक समिति रहनेछ ।<br>• शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख - संयोजक<br>• प्रशासन तथा योजना महाशाखा-सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• शाखा अधिकृत,शैक्षिक योजना, अनुसन्धान तथा तथ्याङ्क शाखा- सदस्य सचिव<br>*(समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)*<br>ग. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहाय बमोजिमका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन |

| | |
|---|---|
| | प्रकृयामा समावेश नगर्ने ।<br>१. आ.व.२०७८/७९ र २०७९/८० मा प्रदेश सरकारबाट बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापनका लागि अनुदान उपलव्ध भएका विद्यालयहरु<br>२. आ.व.२०७९/८० र चालु आ.व.मा सम्बन्धित स्थानीय तहबाट बालविकास केन्द्रका लागि सिकाइ सामग्री व्यवस्थापन कार्यका लागि छनौट भई अनुदान प्राप्त गरेका विद्यालयहरु,<br>घ. **अनुदान रकमको सिमाः** प्रति विद्यालय रु.२ लाखका दरले ।<br>ङ. **स्पेशिफिकेशन बमोजिम गर्नुपर्नेः** आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत प्रारम्भिक बालविकास केन्द्रमा आवश्यक पर्ने सिकाइ सामग्री पहिचान गरी स्पेसिफिकेशनमा रहेका सामग्रीमध्ये आवश्यक पर्ने सामग्रीहरु बालविकास केन्द्र/विद्यालयहरुले सिकाइ सामग्री व्यवस्थापन गर्नुपर्नेछ भने अनुदान रकमको कम्तीमा ८० प्रतिशत रकम शैक्षिक सामग्री व्यवस्थापनका लागि लगानी गर्नुपर्नेछ ।<br>च. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः**<br>प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्री व्यवस्थापन अनुदान प्राप्तिका लागि स्वीकृत भएका बालविकास केन्द्रहरुका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्न सकिनेछ ।<br>छ. छनौट भएका बालविकास/विद्यालयहरुको कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी प्रदान गर्न सकिनेछ । |
| ६. अपेक्षित उपलव्धी | प्रारम्भिक बालविकास केन्द्रमा सिकाइ सामग्रीहरुको व्यवस्थापन गरी बाल सिकाइमा सहजिकरण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **क. भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>१. भुक्तानी मागको निवेदन<br>२. विद्यालय व्यवस्थापन समिति/केन्द्र/कक्षा व्यवस्थापन समितिको सामग्री खरिद, कोटेशन र स्विकृति सम्वन्धी कागजातहरु, खर्च अनुमोदन र भुक्तानी मागको निर्णय प्रतिलिपी<br>३. रित पूर्वक गरिएका खर्चका बील भरपाइहरु<br>४. खरिद आदेश, जिन्सी दाखिला रिपोर्ट<br>५. अनुगमन प्रतिवेदन<br>६. स्थानीय तहको सिफारिस<br>७. सिकाइ सामग्री व्यवस्थापनका फोटाहरु |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्वन्धित स्थानीय तह र सामाजिक विकास कार्यालयहरु |

## २.१० आधारभुत विद्यालय (कक्षा १-८) मा विज्ञान प्रयोगशाला सुदृढीकरण अनुदान

| खर्च शीर्षक | | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | | विद्यालय | २५ | ५००० | पहिलो, दोस्रो र तेस्रो |
| शीर्षक | | विवरण | | | |
| १. | पृष्ठभूमि | आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना गर्न तथा स्थापना भएका प्रयोगशालाहरुमा नपुग सामग्रीहरुको थप व्यवस्थापन गरी व्यवस्थित प्रयोगशालाको रुपमा स्तरोन्नती गर्न आवश्यक छ। प्रयोगशालामा नवीनतम् प्रविधि र सामग्री समेत व्यवस्थापन गरी विद्यार्थीहरुलाई नियमित प्रयोगात्मक अभ्यासको उचित अवसर सहितको शिक्षण सिकाइमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. | कार्यक्रमको उद्देश्य | प्रयोगशाला अद्यावधिक एवम् आवश्यक सामग्रीहरुको व्यवस्थापन गरी विद्यार्थीका लागि प्रयोगात्मक अभ्यास सहितको सिकाइको अवसर बृद्धि गर्ने । | | | |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु, छनौटमा परेका विद्यालयहरु | | | |
| ४. | बजेट बाँडफाँट | – प्रस्ताव माग, मूल्याङ्कन एवम् छनौट व्यवस्थापन<br>– अभिमुखीकरण<br>– विद्यालयका लागि अनुदान<br>– अनुगमन | | | |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत २१ दिनको म्याद राखी सामुदायिक विद्यालयमा (कक्षा १-८) सञ्चालित आधारभूत विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने। प्रस्तावसंग देहायका कागजातहरु पेश गर्नु पर्नेछ।<br>१. अनुसूची-१० को ढाँचामा प्रस्तावपत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. सम्बन्धित स्थानीय तहको कार्यक्रममा आ.व. २०७९/८० र चालु आ.व. मा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>४. स्थानीय तहबाट प्रमाणित विद्यार्थी विवरण<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** विद्यालयबाट प्राप्त प्रस्तावहरु अनुसूची-११ बमोजिमका आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ।<br>• शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>• महाशाखा प्रमुख योजना तथा प्रशासन महाशाखा- सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• अधिकृत, विज्ञान प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा-सदस्य सचिव<br>*(समितिको वैठकमा आवश्यकता अनुसार सम्वन्धित क्षेत्रको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ)*<br>ग. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहाय बमोजिमका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश नगर्ने । | | | |

| | | |
|---|---|---|
| | | अ) आ.व.२०७८/७९ र २०७९/८० मा प्रदेश सरकारबाट कक्षा (१-८) विज्ञान प्रयोगशाला सुदृढीकरण/स्थापनाका लागि अनुदान उपलव्ध भएका विद्यालयहरु<br>आ) आ.व.२०७९/८० र चालु आ.व.मा सम्बन्धित स्थानीय तहबाट विज्ञान प्रयोगशाला सुदृढीकरण कार्यका लागि छनौट भई अनुदान प्राप्त गरेका विद्यालयहरु,<br>घ. **अनुदान रकमको सिमाः** प्रति विद्यालय बढिमा रु.२ लाखसम्म अनुदान उपलव्ध गराइने छ ।<br>ङ. **स्पेशिफिकेशन बमोजिम गर्नुपर्नेः** आ.व. २०७८/७९ मा मन्त्रालयबाट स्वीकृत "आधारभूत तहमा विज्ञान प्रयोगशाला स्थापना अनुदान कार्यक्रम कार्यान्वयनका लागि स्पेशिफिकेशन, २०७८" बमोजिम सामग्री पहिचान गरी विद्यालयको आवश्यकता अनुसार प्रयोगशाला व्यवस्थापन गर्नु पर्नेछ।<br>च. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः** कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ/विज्ञान शिक्षकका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्न सकिनेछ ।<br>छ. छनौट भएका विद्यालयहरुको कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी प्रदान गर्न सकिनेछ। |
| ६. | अपेक्षित उपलव्धि | आधारभूत विद्यालयका विज्ञान प्रयोगशालाहरु स्थापना एवं सुदृढ भएका हुनेछन। |
| ७. | विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>१. भुक्तानी मागको निवेदन<br>२. विद्यालय व्यवस्थापन समितिको सामग्री खरिद, कोटेशन सम्वन्धी कागजात र स्वीकृति, खर्च अनुमोदन र भुक्तानी मागको निर्णय प्रतिलिपी<br>३. खर्चका बील भरपाइहरु<br>४. खरिद आदेश, जिन्सी दाखिला रिपोर्ट<br>५. अनुगमन प्रतिवेदन<br>६. भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>७. प्रयोगशाला व्यवस्थापन गरिएका तस्विरहरु<br>८. बैङ्क खाता विवरण |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु र स्थानीय तह |

## २.११ न्यून सिकाइ उपलव्धी भएका (कक्षा ८-१० मा (अंग्रेजी, गणित र विज्ञान विषय) विद्यालयमा अतिरिक्त कक्षा सञ्चालन अनुदान

| खर्च शीर्षक | | इकाई | लक्ष्य | विनियोजित वजेट(रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | | विद्यालय | ७५ | ७५०० | सबै |
| | शीर्षक | विवरण | | | |
| १. | पृष्ठभूमि | विशेष गरी अंग्रेजी, गणित र विज्ञान जस्ता विषयमा विभिन्न कारणले अपेक्षित शैक्षिक उपलव्धी हासिल हुन नसकेका सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलव्धिस्तर न्यून भएका विद्यार्थीहरुको लागि विद्यालय समयका अतिरिक्त समयमा पनि थप कक्षा सञ्चालन गरी सिकाइ हुन नसकेका विषयवस्तुहरुलाई सिकाउँदै उपलव्धीस्तर बृद्धि गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. | कार्यक्रमको उद्देश्य | अंग्रेजी, गणित र विज्ञान विषयमा शैक्षिक उपलव्धिस्तर न्यून भएका विद्यार्थीको सिकाइ उपलव्धिस्तर बृद्धि गर्नु । | | | |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय र विद्यालयहरु | | | |
| ४. | बजेट बाँडफाँट | • अतिरिक्त कक्षा सञ्चालन गर्ने प्रति शिक्षकका लागि प्रोत्साहन रकमः १८०००।—(प्रति महिना ६ हजारका दरले ३ महिना मात्र)<br>• विद्यालयका लागि मसलन्द व्यवस्थापनः ४०००।- एकमुष्ठ<br>• स्थानीय तहका लागि अनुगमन यातायात खर्च-३०००।—(३ पटकका लागि)<br>• कार्यक्रम व्यवस्थापन/संयोजन खर्च प्र.अ. का लागि-३०००।—(तीन महिनाका लागि) गरी प्रति विद्यालय बढिमा १ लाख रुपैंयाका दरले हुनेछ । | | | |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत २१ दिनको म्याद राखि सामुदायिक विद्यालयमा न्युन सिकाइ उपलव्धी भएका विद्यार्थीहरुको सिकाइ उपलव्धीस्तर उकास्नका लागि अतिरिक्त कक्षा सञ्चालन गर्न चाहने विद्यालयहरुसँग अनुसूची-१२ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने ।<br>**प्रस्ताव निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजातहरुः**<br>१. विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>२. दोहोरो नपरेको र आवश्यकता सम्बन्धमा स्थानीय तहको सिफारिस<br>३. कक्षा ८, ९ र १० को शैक्षिक सत्र २०७९ को विषयगत सिकाइ उपलब्धि<br>ख. **प्रस्ताव मूल्याङ्कन, छनौट एवम् सिफारिसः** प्रस्ताव पेश गरेका विद्यालयको अनुसूची-१३ का आधारमा मूल्याङ्कन एवम् छनौट गरी निर्देशनालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ।<br>• उपमहानिर्देशक, योजना तथा कार्यक्रम शाखा - संयोजक<br>• मन्त्रालयको अधिकृत प्रतिनिधि — सदस्य<br>• अधिकृत, अनुसन्धान तथा तथ्याङ्क शाखा - सदस्य<br>• निर्देशनालयका आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• अधिकृत, योजना तथा कार्यक्रम शाखा - सदस्य सचिव | | | |

ग. **कार्यक्रम सञ्चालन अवधिः** अतिरिक्त कक्षा सञ्चालनको अवधि ३ महिनाको हुनेछ।

घ. **विषय निर्धारणः** विद्यालय व्यवस्थापन समितिले विषय निर्धारण गर्दा कक्षा ८ मा २ विषय, कक्षा ९ मा १ विषय र कक्षा १० मा २ विषय हुने गरी निर्धारण गर्नुपर्नेछ ।

ङ. **कक्षा सञ्चालन सम्बन्धी व्यवस्थाः** अतिरिक्त कक्षा सञ्चालन गर्दा विद्यालयले देहाय बमोजिम गर्नुपर्नेछ ।

१. विद्यालय व्यवस्थापन समिति र कक्षा ८, ९ र १० मा अंग्रेजी गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरुको संयुक्त बैठक बसी अध्यापन गर्ने कक्षागत विषय, जिम्मेवारी र पढाइ हुने समय निर्धारण गर्ने,

२. विद्यालयले अध्ययनरत विद्यार्थीहरु मध्ये सिकाइ उपलव्धी न्युन भएका, आर्थिक रुपमा विपन्न, दलित, अपाङ्गता भएका विद्यार्थीहरुलाई प्राथमिकता दिनु पर्नेछ ।

३. विद्यार्थी छनौट गर्दा सोहि कक्षामा अध्यापन गर्ने विषयगत शिक्षकले न्युन सिकाइ उपलव्धी भएका लक्षित समुहका न्यूनतम २० विद्यार्थी छनौट गर्नुपर्नेछ,

४. कक्षा सञ्चालन विद्यालयमा उपलव्ध भौतिक संरचना र विद्यार्थीहरुलाई उपयुक्त समय पहिचान गरी विहान र बेलुकाको समय निर्धारण गरी कक्षा सञ्चालन गर्नु पर्नेछ,

५. एउटा विषयको एउटा कक्षाका विद्यार्थीका लागि एक दिनमा कम्तिमा एक घण्टाको दरले कक्षा सञ्चालन गर्नु पर्नेछ,

६. भौतिक रुपमा उपस्थित भई कक्षा सञ्चालन गर्न नसक्ने अवस्था सिर्जना भएकोमा अनलाईन माध्यमको प्रयोग गरी कक्षा सञ्चालनको व्यवस्था मिलाउनु पर्नेछ ।

७. कक्षा मुलतः सम्बन्धित विषयको आधारभुत ज्ञान, सीपका लागि अधिकतम अभ्यास गराउनु पर्नेछ।

च. **जिम्मेवारी बाँडफाँडः** अतिरिक्त कक्षा सञ्चालन सम्बन्धी जिम्मेवारी देहाय बमोजिम हुनेछः

**विद्यालय व्यवस्थापन समितिः** आफ्नो विदयालयमा अध्ययनरत अंग्रेजी, गणित र विज्ञान विषयमा कमजोर नतिजा भएका बालबालिकाको लागि अतिरिक्त कक्षा सञ्चालन गरी शैक्षिक उपलव्धीस्तर उकास्ने कार्यको लागि विद्यालयमा उपयुक्त वातावरण तयार गर्नु विद्यालय व्यवस्थापन समितिको दायित्व हुनेछ ।

**प्रधानाध्यापकः** कार्यक्रमको सञ्चालन एवम् व्यवस्थापन र मासिक रुपमा सो कार्यको प्रतिवेदन सम्बन्धित मन्त्रालय र स्थानीय तहमा पठाउने जिम्मेवारी प्रधानाध्यापकको हुनेछ ।

**शिक्षकः** विद्यार्थीको सिकाइ क्रियाकलाप सञ्चालन गर्ने प्रयोजनका लागि विद्यालयले सोहि विद्यालयमा अध्यापन गर्ने शिक्षकलाई अतिरिक्त कक्षा सञ्चालनको जिम्मेवारी प्रदान गर्नु पर्नेछ । साथै तोकिए बमोजिम अतिरिक्त कक्षा सञ्चालन गरी विद्यार्थीको

| | |
|---|---|
| | शैक्षिक उपलव्धीस्तर उकास्नु शिक्षकको दायित्व हुनेछ।<br>**स्थानीय तहः** कार्यक्रम अनुगमन गरी पृष्ठपोषण प्रदान गर्ने र कार्यक्रम कार्यान्वयनको समग्र प्रतिवेदन तयार गरी मन्त्रालयमा पठाउने।<br>छ. **अभिमुखीकरण एवम् सम्झौताः** अतिरिक्त कक्षा सञ्चालन गर्नका लागि छनौटमा परेका विद्यालयहरुसँग कार्यक्रम कार्यान्वयन सम्बन्धमा अभिमुखीकरण गरी सम्झौता गरिनेछ।<br>ज. छनौट भएका विद्यालयहरुको कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी प्रदान गर्न सकिनेछ। |
| ६. अपेक्षित उपलव्धि | अंग्रेजी, गणित र विज्ञान विषयमा शैक्षिक उपलव्धिस्तर न्यून भएका विद्यार्थीको सिकाइ उपलव्धिस्तर अभिबृद्धि भएको हुनेछ । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानी मागका लागि पेश गर्नुपर्ने काजजातहरुः**<br>१. विद्यालय व्यवस्थापन समितिको खर्च अनुमोदन र भुक्तानी मागको निर्णय सहितको माग निवेदन<br>२. अतिरिक्त कक्षामा सहभागी भएका विद्यार्थी र शिक्षकको प्रमाणित हाजिरी<br>३. नियमानुसार प्रोत्साहन भत्ता बुझेको भरपाई<br>४. कक्षा सञ्चालन पूर्व र अतिरिक्त कक्षा सञ्चालन पश्चातको सिकाइ उपलव्धि सहित फोटो समेतको प्रतिवेदन<br>५. कार्य सम्पन्न भएको सम्बन्धमा स्थानीय तहको सिफारिस |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु र सम्बन्धित स्थानीय तहहरु |

## २.१२ बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि स्थापित विद्यालयलाई सञ्चालन तथा व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | ५००० | दोस्रो /तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपाल सरकार संघ सशर्त अनुदान अन्तर्गतको बजेटबाट पोखरा महानगरपालिकाको वडा नं. ३० मा रहेको त्रिभुवन शान्ति मा.विको परिसरमा बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका आवासीय सुविधा सहितको विद्यालयको रुपमा निर्माणाधिन प्रदेशस्तरीय विद्यालय सञ्चालन र व्यवस्थापकीय कार्यका लागि यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि आवासीय सुविधा सहितको विद्यालय सञ्चालन तथा व्यवस्थापन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/सम्बन्धित विद्यालय |
| ४. बजेट बाँडफाँट | – खरिद प्रकृयासँग सम्बन्धित सूचना प्रकाशन, प्रस्ताव मूल्याङ्कन एवम् छनौटसँग सम्बन्धित कार्यका लागि<br>– सामग्री खरिद र व्यवस्थापनसँग सम्बन्धित कार्यहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. बौद्धिक अपाङ्गता भएका अद्यावधिक विद्यार्थी विवरण र गत वर्षको प्रगति प्रतिवेदन माग गर्ने ।<br>ख. चालु वर्षमा विद्यालय सञ्चालन गर्न आवासीय सुविधा सहितको कक्षा सञ्चालनका लागि व्यवस्थापन गर्नु पर्ने भौतिक (सामग्री समेत) एवम् मानव संसाधनको लागत अनुमान सहितको प्रस्ताव माग गर्ने ।<br>ग. मन्त्रालयले निर्णय गरी विद्यालयको प्रस्ताव बमोजिम विद्यालयलाई अनुदान प्रदान गरी व्यवस्थापकीय कार्य सञ्चालन गर्ने । |
| ६. अपेक्षित प्रतिफल | बौद्धिक अपाङ्गता भएका बालबालिकाहरुका लागि आवासीय सुविधा सहितको विद्यालय सञ्चालन तथा व्यवस्थापन भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क. निर्णयका प्रतिलिपिहरु<br>ख. सार्वजनिक खरिद प्रक्रियासँग सम्बन्धित कागजातहरु<br>ग. खर्चका बील एवम् भरपाईहरु<br>घ. अनुगमन प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, गण्डकी प्रदेश, पोखरा |

### २.१३ एस ओ एस हर्मन माइनर विद्यालय पोखरा १५ मा अध्ययनरत लक्षित समुहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ६००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | एस.ओ.एस. हर्मन माइनर विद्यालय पोखरा १५ ले अभिभावक विहिन, असहाय, जोखिममा रहेका,सामाजिक,आर्थिक एवं सांस्कृतिक कारणले विभेदमा परेका बालवालिकाहरुको संरक्षणसँगै शिक्षा प्राप्त गर्ने अधिकारलाई प्रत्याभुत गर्दै पठनपाठन कार्यमा सहयोग गर्दै आएको छ। उक्त संस्थामा बसी अध्ययन गर्ने गण्डकी प्रदेशका र अभिभावकत्व नखुलेका लक्षित समूहका बालबालिकाहरुका लागि छात्रवृत्ति अनुदान प्रदान गरी उनीहरुको शिक्षा पाउने अधिकार प्रत्याभुत गर्ने कार्यलाई निरन्तरता दिन यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | लक्षित समूहका बालबालिकाहरुको पठनपाठन निरन्तरताका लागि छात्रवृत्ति अनुदान उपलव्ध गराउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्था | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र एस.ओ.एस.हर्मन माइनर मा.वि., पोखरा १५ |
| ४. बजेट बाँडफाँट | छात्रवृत्ति रकम |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. अनुसूची- १४ को ढाँचामा लक्षित बालबालिकाहरुको फोटो र छात्रवृत्ति रकम सहितको प्रमाणित विवरण माग गर्ने,<br>ख. विद्यालयसँग सम्झौता गर्ने,<br>ग. लक्षित बालबालिकाहरुलाई विद्यालयको माग र प्रस्ताव बमोजिम २ किस्तामा अनुदान रकम निकासा दिने । |
| ६. अपेक्षित प्रतिफल | लक्षित समूहका बालबालिकाहरुले पठनपाठन निरन्तरताका लागि छात्रवृत्ति अनुदान प्राप्त गरेका हुनेछन् । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क. विद्यार्थीले छात्रवृत्ति वुझेको सक्कल भरपाई,<br>ख. विद्यालय व्यवस्थापन समितिले छात्रवृत्ति प्राप्त गरी सदुपयोग गर्ने प्रतिवद्धता सहितको निर्णय एवम् छात्रवृत्ति वितरण भए पछि कार्य सम्पन्न प्रतिवेदन,<br>ग. अनुगमन प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१४ कोभिड-१९ का कारण अभिभावक गुमाएका बालबालिकाहरुको लागि राहत अनुदान (निरन्तरता)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २७२१२ | पटक | १ | १०००० | प्रथम, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | कोभिड-१९ महामारीको संक्रमणका कारण अभिभावक गुमाएका बालबालिकाहरुको संरक्षण र जीवनयापन सहित शिक्षा प्राप्त गर्ने अधिकार प्रत्याभुतिका लागि बालबालिकालाई सामाजिक सुरक्षा बापत राहत उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिन यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाहरुको संरक्षण, जीवनयापन र पठनपाठनमा सहयोग पुर्‍याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४. बजेट बाँडफाँट | सूचना प्रकाशन, बैठक व्यवस्थापन, बालबालिकाहरुलाई राहत र छात्रवृत्ति रकम |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **क. परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा;<br>"मन्त्रालय" भन्नाले गण्डकी प्रदेशको शिक्षा हेर्ने मन्त्रालयलाई सम्झनु पर्दछ।<br>"बालबालिका" भन्नाले गण्डकी प्रदेश भित्रका स्थायी बासिन्दा, कोभिड १९ को कारण अभिभावकको मृत्यु भएको, उमेर १८ वर्ष ननाघेको बालबालिकालाई सम्झनु पर्दछ। १८ वर्ष पूरा भएपछि यो सुविधा प्रदान गरिने छैन ।<br>"अभिभावक" भन्नाले बालबालिकाका बुवा वा आमालाई सम्झनु पर्दछ ।<br>"संरक्षक" भन्नाले स्थानीय तहले कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाको संरक्षक भनी सिफारिस गरेको व्यक्ति सम्झनु पर्दछ।<br>**ख. पेश गर्नुपर्ने कागजातहरुः** कोभिडका कारण अभिभावक गुमाएका बालबालिकको लागि राहत अनुदान प्राप्त गर्न अनुसूची-१५ को ढाँचामा निवेदन सहित देहाय बोजिमका कागजातहरु पेश गर्नुपर्नेछ ।<br>१. संरक्षक वा बालबालिकाले पेश गरेको निवेदन<br>२. मृतकको पिसिआर वा एण्टिजेन रिपोर्ट<br>३. बालवालिकाको जन्मदर्ता प्रमाणपत्र<br>४. अभिभावकको मृत्यु दर्ता प्रमाण पत्र<br>५. मृतक र बालबालिकाको सम्बन्ध खुलेको नाता प्रमाणित<br>६. स्थानीय तहको सिफारिस (संरक्षक समेत खुलेको)<br>७. अध्ययनरत भए विद्यालयको सिफारिस<br>८. बालबालिकाको नाममा खोलिएको बैंक खाता विवरण<br>**ग. मान्यता दिनुपर्नेः** खण्ड ख बमोजिमका कागजातका साथै देहाय बमोजिमको कागजात पेश गरेको अवस्थामा समेत उक्त कागजातहरुलाई मान्यता दिई राहत अनुदान प्राप्तीका लागि सिफारिस गर्नुपर्नेछ ।<br>**घ.** मृतकको पिसिआर रिपोर्ट वा एण्टिजेन रिपोर्ट नभएका तर अस्पतालले दिएको कुनै कागजातमा कोभिड-१९ का कारणले मृत्यु भएको भनी स्वीकृत |

| | |
|---|---|
| | चिकित्सकको सिफारिसमा उल्लेख भएको पाइएमा पनि उक्त कागजातलाई मान्यता दिइनेछ ।<br>**ङ.** विदेशमा मृत्यु भएका अभिभावकको हकमा विदेशी अस्पताल वा दुतावासले कोभिड-१९ का कारण मृत्यु भएको भन्ने आधारमा मान्यता दिइनेछ ।<br>**च.** एउटा अस्पतालबाट अर्को अस्पतालमा लैजादै गर्दा बाटैमा मृत्यु भएको छ भने गाउँपालिका/नगरपालिका/महानगरपालिकाको निज व्यक्ति कोभिड-१९ का कारणबाट मृत्यु भएको भनी दिएको सिफारिस पत्र ।<br>**छ. विवरण रुजु एवम् सिफारिस समितिः** पेश गरेका कागजात तथा विवरणहरु रुजु गरी मन्त्रालय समक्ष पेश गर्न देहाय बमोजिमको एक समिति रहनेछ :<br>• कार्यक्रम तथा योजना शाखाका निर्देशक — संयोजक<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका अधिकृत प्रतिनिधि-सदस्य<br>• सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयको अधिकृत प्रतिनिधि -सदस्य<br>• स्वास्थ्य निर्देशनालयको अधिकृत प्रतिनिधि -सदस्य<br>• कार्यक्रम तथा योजना शाखाको अधिकृत - सदस्य सचिव<br>***(नोटः समितिले आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)***<br>**ज. राहत अनुदानको सीमाः** समितिले सिफारिस गरेका बालबालिकाहरुको सामाजिक सुरक्षा एवं पठनपाठन खर्च वापत राहत रकम मासिक रु.५ हजारका दरले सम्बन्धित बालबालिकाको बैंक खातामा रकम उपलव्ध गराइनेछ । त्यस्तो अनुदान रकम वढीमा तीन किस्तामा उपलव्ध हुनेछ ।<br>झ. **अनुदान उपलव्ध हुने समय निर्धारणः** कोभिड-१९ का कारण मृत्यु भएको महिनाको दोस्रो महिनाबाट गणना गरी राहत अनुदान उपलव्ध हुनेछ । नयाँ निवेदकको हकमा निवेदन पेश गरेको महिनाबाट उक्त अनुदान रकम उपलव्ध हुनेछ। |
| ६. अपेक्षित प्रतिफल | कोरोना महामारीका कारण अभिभावक गुमाएका बालबालिकाहरुको संरक्षण, जीवनयापन र पठनपाठनमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | रकम भुक्तानीको लागि माथि वुँदा नं. ५ (ख) मा उल्लेख भए वमोजिमको कागजातहरु पेश गर्नु पर्नेछ । |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु, स्थानीय तह |

## २.१५ विद्यालयमा विपद/महामारी जोखिम न्यूनीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | २००० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्राकृतिक प्रकोप वा विभिन्न विपद्जन्य घटनाका कारण विद्यालयमा पुगेको क्षतिको न्यूनीकरण गरी थप क्षति हुनबाट विद्यालय जोगाउने र विद्यालय सहज रुपमा सञ्चालनका लागि सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । नेपाल सरकार संघ ससर्त अनुदान तर्फको विपद् व्यवस्थापनका लागि शैक्षिक कार्यक्रम समेत यसै मापदण्ड बमोजिम कार्यान्वयन हुनेछ । |
| २. कार्यक्रमको उद्देश्य | विपद/महामारीबाट विद्यालयमा पुगेको क्षतिको न्यूनीकरण गरी सहज रुपमा विद्यालय सञ्चालन गर्न सहयोग पु-याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालयहरु र विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | – सूचना प्रकाशन<br>– विद्यालयको प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>– विद्यालयलाई अनुदान<br>– अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः**<br>सार्वजनिक सूचना मार्फत विपद/महामारीबाट क्षति भएका शैक्षिक संस्थाहरुसँग देहायको कागजात सहित प्रस्ताव आव्हान गरिनेछ ।<br>• अनुसूची- १६ को ढाँचामा माग निवेदन<br>• विद्यालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्तावपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस<br>• सक्कलै प्रहरी मूचुल्का<br>• वि.व्य.स.वाट स्वीकृत भएको अनुमानित लागतको विवरण<br>• जिल्ला वा स्थानीय तह विपद् व्यवस्थापन समितिको निर्णय प्रतिलिपि<br>• प्राविधिक निर्माण कार्यमा सहयोग गर्ने स्थानीय तहको प्रतिवद्धता पत्र<br>• क्षतिसँग सम्बन्धित फोटोहरु<br>• कार्यक्रम सञ्चालनमा स्थानीय तह, प्रदेश सरकार वा अन्य कुनै निकायको बजेट एउटै कार्यक्रममा दोहोरोपना नपर्ने सम्बन्धमा विद्यालयको स्वःघोषणा पत्र<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु छनौट गरी मन्त्रालय समक्ष विद्यालयगत अनुदान रकम सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अधिकृत प्रतिनिधि - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य |

| | |
|---|---|
| | ५. शाखा अधिकृत, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा-सदस्य सचिव<br>**ग. प्राथमिकता निर्धारणः** प्रस्ताव छनौट गर्दा विद्यालय सञ्चालन गर्न सहज हुने कार्यक्रमलाई पहिलो प्राथमिकता, कक्षाकोठामा पुगेको क्षति एवम् विद्यालय भवन एवम् संरचनाहरुको संरक्षणका लागि प्राथमिकता दिइ अनुदान उपलव्ध गराउनु पर्नेछ ।<br>**घ. अख्तियारी उपलव्ध गराउनेः** छनौटमा परेका विद्यालयहरुको लागि अनुदान उपलव्ध गराउन सम्बन्धित जिल्लाका सामाजिक विकास कार्यालयहरुलाई अख्तियारी उपलव्ध गराउन सकिनेछ ।<br>**ङ. कार्यक्रम कार्यान्वयनः** कार्यक्रम कार्यान्वयनका लागि सामाजिक विकास कार्यालयले लागत अनुमान तयार गरी क्षतिको प्रकार अनुसार कार्यक्रम कार्यान्वयनका लागि विद्यालय व्यवस्थापन समितिसँग सम्झौता गरी कार्यान्वयन गर्नुपर्नेछ ।<br>**च. प्रतिवेदनः** सम्पादित कामको समग्र विवरण समावेश गरी सामाजिक विकास कार्यालयले मन्त्रालयमा प्रतिवेदन पेश गर्नुपर्नेछ । |
| ६. अपेक्षित प्रतिफल | विपद्का कारण विद्यालयमा पुगेको क्षतिको मर्मत सम्भार/पुनर्निर्माण भई विद्यालय सञ्चालनमा सहयोग पुगेको हुनेछ । |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नु पर्ने कागजातहरुः**<br>१. रकम निकासाका लागि शैक्षिक संस्थाको निवेदन<br>२. लागत अनुमान र सम्झौता, स्थानीय तहको सिफारिस<br>३. कार्यक्रमसंग सम्वन्धित बील भरपाइहरु, डोर हाजिरी<br>४. अनुगमन प्रतिवेदन, सार्वजनिक सुनुवाइको प्रतिवेदन/व्यवस्थापन समितिको खर्च अनुमोदन निर्णय प्रतिलिपि र कार्यक्रमका फोटाहरु<br>५. प्राविधिकको कार्य सम्पन्न प्रतिवेदन<br>६. विद्यालयको बैंक खाता सम्बन्धी विवरण ।<br>७. कार्यसम्पन्न प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालय र स्थानीय तह |

२.१६ मा. वि. तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो,दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नेपालको प्रचलित कानुन अनुसार माध्यमिक तहसम्मको शिक्षा सञ्चालन, व्यवस्थापन एवम् नियमन गर्ने अधिकार स्थानीय तहमा निहित रहेको र माध्यमिक तहको परीक्षा सञ्चालनको जिम्मेवारी प्रदेशलाई भएकोले उक्त परीक्षालाई व्यवस्थित, मर्यादित एवम् अनुसाशित रुपमा सञ्चालन गर्न परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका निर्माण गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | माध्यमिक तहको परीक्षा संचालन तथा व्यवस्थापन गर्न कार्यविधि/निर्देशिका निर्माण गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च र कार्यविधि/निर्देशिका लेखन तथा छपाई |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) कार्यविधि/निर्देशिका तयारी समिति गठन: माध्यमिक तहको परीक्षा सञ्चालन तथा व्यवस्थापन कार्यविधि/निर्देशिका तयार गरी मन्त्रालय समक्ष पेश गर्न देहाय बमोजिमको एक समिति रहनेछ :<br>– उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख - संयोजक<br>– राष्ट्रिय परीक्षावोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालय गण्डकी प्रदेश प्रमुख - सदस्य<br>– शिक्षा विकास निर्देशनालयका महानिर्देशक - सदस्य<br>– शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख (कास्की) - सदस्य<br>– माध्यमिक विद्यालयका प्र.अ. मध्येवाट संयोजकले तोकेको एक जना -सदस्य<br>– उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख - सदस्य सचिव<br>ख) कार्यशर्त तयारी एवम् कार्य जिम्मेवारी प्रदान<br>ग) सरोकारवालाहरुसँग सुझाव संकलन कार्यशाला<br>घ) निर्देशिकाको मसौदा तयार |
| ६. अपेक्षित प्रतिफल | माध्यमिक तहको परीक्षा संचालन तथा व्यवस्थापन गर्न कार्यविधि/निर्देशिका निर्माण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | – समितिको बैठक सम्वन्धि कागजात<br>– बील भरपाईहरु<br>– प्रतिवेदन र कार्यविधि/निर्देशिका । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१७ संग्रहालय, संस्कृती तथा पुरातत्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश बहुजाति, भाषा, धर्म, संकृति, परम्परा, जस्ता विबिधतामा एकता भएको प्रदेश हो । यस प्रदेशका यी अमुल्य सम्पत्तिहरुको संरक्षण, संभार र व्यवस्थापनका लागि आवश्यक नीति, नियम, निर्देशिका, कार्यविधि मापदण्ड आदिको निर्माण भएको अवस्था छैन। यस कार्यसँग सम्बद्ध निकाय, संघ, संस्था, समूह आदिको कार्य प्रक्रियामा एकरुपकता, पारदर्शीता, जवाफदेही र व्यवस्थित रुपमा सञ्चालन गर्न तथा नियमनका लागि संग्राहालय, संस्कृति तथा पुरातत्त्व क्षेत्रको नीति, योजना, ऐन, नियम, निर्देशिका, मापदण्ड र कार्यविधि तर्जुमा गरी कार्यान्वयनमा ल्याउन आवश्यक भएकोले उक्त कुराहरु निर्माण गर्नका लागि यो मापदण्ड तयार गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्रको नीति, योजना र कानूनको तर्जुमा गर्न सहयोग पु-याउनु । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | संचालन तथा व्यवस्थापन खर्च, मसौदा तयारी र छपाई, प्रतिवेदन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्र मध्ये तर्जुमा गर्नुपर्ने विषय क्षेत्र निर्धारण बैठक।<br>ख. **समिति गठनः** मन्त्रालयबाट स्वीकृत कार्यशर्त बमोजिम कार्य सञ्चालन गरी मन्त्रालयको निर्णय बमोजिमको क्षेत्रमा नीतिको मसौदा निर्माणका लागि देहाय बमोजिमको समिति गठन गर्ने ।<br>१. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>२. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा - सदस्य<br>३. प्रमुख, प्रदेश सङ्ग्रहालय, गण्डकी प्रदेश - सदस्य<br>४. गण्डकी प्रज्ञा प्रतिष्ठानको विज्ञ प्रतिनिधि १ जना - सदस्य<br>५. शाखा प्रमुख, भाषा संस्कृति र पुरातत्व संरक्षण शाखा - सदस्य सचिव<br>***(नोटः समितिले आवश्यकता अनुसार विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)***<br>ग. संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्रको नीतिको मसौदा तयारी<br>घ. सुझाव सङ्कलन कार्यशाला<br>ङ. प्रतिवेदन तयार/नीतिगत दस्तावेज स्वीकृतीका लागि पेश गर्ने । |
| ६. अपेक्षित प्रतिफल | संग्रहालय, संस्कृति तथा पुरातत्व क्षेत्रको नीति, योजना र कानूनको तर्जुमा गर्न सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | – समिति वैठक सम्वन्धी कागजातहरु,<br>– बील भरपाईहरु<br>– तयार भएको दस्तावेज/प्रतिवेदन आदि। |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१८ माध्यामिक तह (कक्षा ९-१०) को ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्यसामाग्रीको मस्यौदा निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विद्यालय शिक्षाको अनिवार्य विषयको पाठ्यक्रमले नसमेटेका सिकाइका क्षेत्रहरुलाई ऐच्छिक विषयका रुपमा विकास गरी प्रदेशभर समान रुपमा लागु गर्न आवश्यक देखिन्छ । यसरी पाठ्यक्रम तथा पाठ्यसामग्री तयार गर्दा विशेष गरी प्रदेशको भौगोलिक विशेषता, प्रदेश सरकारले समृद्धिका संवाहक भनी निर्धारण गरेका क्षेत्रहरु, आकस्मिक चिकित्सा सेवा, सामाजिक तथा स्व-सुरक्षा, विपद् व्यवस्थापन, वातावरण संरक्षण जस्ता विषयहरुलाई एकिकृत रुपमा तयार गरी सक्षमतामा आधारित आधारभूत मानवीय जीवनोपयोगी सीपहरु विकास गर्नका लागि कक्षा ९-१० को पाठ्यक्रम एवम् पाठ्यसामग्री विकास गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | कक्षा (९-१०) को ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्य सामग्रीको मसौदा तयारीमा सहयोग पु-याउनु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | क) समन्वय, संचालन तथा व्यवस्थापन खर्च<br>ख) परामर्श सेवा खरिद<br>ग) भाषा तथा विषयवस्तु सम्पादन<br>घ) कार्यशाला/अभिमुखीकरण<br>ङ) अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १. माध्यमिक तह (कक्षा ९-१०) को ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्यसामग्रीको मसौदा निर्माण विज्ञ समिति गठन/परामर्श सेवा खरिद<br>२. गत आ.व. मा मसौदा गरिएको पाठ्यक्रमको अध्ययन तथा सुझाव सङ्कलन<br>३. पाठ्यक्रम तथा पाठ्यसामग्रीको मसौदा निर्माण र छलफल<br>४. पाठ्यक्रम तथा पाठ्यसामग्रीको मसौदा तयार तथा स्वीकृति र कार्यान्वयन |
| ६. अपेक्षित उपलव्धी | कक्षा (९-१०) को ऐच्छिक विषयको पाठ्यक्रम तथा पाठ्य सामग्रीको मसौदा तयारीमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | – विज्ञ समिति गठन/परामर्श सेवा खरिद सम्बन्धी काजगातहरु<br>– कार्यशाला सञ्चालन सम्बन्धी कागजातहरु<br>– पाठ्यक्रम तथा पाठ्यसामग्री मसौदा |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.१९ सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुलाई स्तरोन्नतीका लागि अनुदान (E-Learning समेत)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ३००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | प्रदेश भित्र सञ्चालित सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुको स्तरोन्नती गरी पुस्तकालयहरुलाई समुदायको अध्ययन केन्द्रको रुपमा विकास गर्न तथा गण्डकी प्रदेशको भौगोलिक अवस्था, इतिहास, धर्म, संस्कृति, पर्यटन, कलाकौशल एवम् यस प्रदेशका स्रष्टाहरुद्वारा लिखित पुस्तक तथा पठन सामग्री व्यवस्थापन गरी प्रदेशको पहिचान तथा चिनारीलाई मजवुद वनाउन आवश्यक छ । साथै पुस्तकालयको आवश्यकताका आधारमा अन्य पुस्तक खरिद, फर्निचर, सूचना प्रविधि र इ-लर्निङका सफ्टवेयर व्यवस्थापन लगायतका कार्यहरु सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सञ्चालित पुस्तकालयहरुको स्तरोन्नती गरी समुदायमा पठन संस्कृतिको विकास गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, छनौटमा परेका पुस्तकालयहरु |
| ४. बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन र कार्यक्रम अभिमुखीकरण<br>• पुस्तकालयका लागि अनुदान<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. सार्वजनिक सूचना मार्फत प्रस्ताव आव्हान गर्ने (प्रस्तावको ढाँचा अनुसुची-१७ मा भए बमोजिम हुनेछ) ।<br>**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरु-**<br>– पुस्तकालय व्यवस्थापन समितिको निर्णय र माग निवेदन सहितको प्रस्ताव पत्र<br>– पुस्तकालय तथ्याङ्क फाराम (अनुसूची-१८ मा भए बमोजिमको )<br>– लागत अनुमान<br>– पुस्तकालय व्यवस्थापन समितिका निर्णयहरु<br>– सम्वन्धित स्थानीय तहको सिफारिस<br>– स्थानीय तहसँग साझेदारी हुने भएमा प्रतिवद्धता पत्र<br>ख. प्रस्ताव मूल्याङ्कन एवम् सिफारिस (प्रस्ताव मूल्याङ्कनका आधारहरु अनुसूची-१९ मा भए बमोजिम हुनेछ) ।<br>ग. कार्यक्रम कार्यान्वयनका लागि दर्ता भएका प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, मूल्याङ्कन, छनौट, तथा सिफारिस समिति रहनेछ ।<br>• उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख - संयोजक<br>• प्रशासन तथा योजना महाशाखा प्रमुख - सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख - सदस्य<br>• शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>***(नोटः समितिले आवश्यकता अनुसार विषय विज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)*** |

| | | |
|---|---|---|
| | | घ. **अनुदान रकमको सिमाः** प्रति पुस्तकालय बढिमा रु.३ लाखसम्म अनुदान उपलव्ध गराइने छ ।<br>ङ. सम्झौता एवं अभिमुखीकरण<br>च. कार्यक्रम कार्यन्वयन<br>छ. सम्वन्धित पुस्तकालयलाई भुक्तानी<br>ज. अनुगमन र प्रतिवेदन।<br>झ. छनौट भएका पुस्तकालयहरुसँग सम्झौता गरी कार्यक्रम र बजेट कार्यान्वयनका लागि सम्बन्धित सामाजिक विकास कार्यालयहरुमा अख्तियारी पठाउन सकिनेछ। |
| ६. | अपेक्षित प्रतिफल | सञ्चालित पुस्तकालयहरुको स्तरोन्नती भई समुदायमा पठन संस्कृतिको विकास भएको हुनेछ। |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | क. भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु<br>– सक्कल वील भरपाइहरु<br>– स्थानीय तहको सिफारिस पत्र<br>– पुस्तकालय व्यवस्थापन समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग सम्वन्धी निर्णय प्रतिलिपी<br>– कार्यक्रमका फोटाहरु<br>– सामग्री खरीदको हकमा खरीद आदेश, दाखिला प्रतिवेदन, खर्च भएर नजाने जिन्सी खाताको प्रतिलिपि<br>– कार्य सम्पन्न प्रतिवेदन<br>– अनुगमन प्रतिवेदन |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामजिक विकास कार्यालय, स्थानिय तह |

## २.२० स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो, तेस्रो र चौथो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | पाठ्यक्रम समग्र शिक्षा पद्धतिको मार्गदर्शक एवम् गतिशील योजना हो । स्थानीय आवश्यकता र परिवेशलाई सम्बोधन गर्ने गरी स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्री विकास गर्न आवश्यक छ । यस कार्यमा स्थानीय तहमा क्षमता विकास र विज्ञहरुवाट सहजीकरण गरी स्थानीय मातृभाषा बिषयक/पाठ्यक्रम निर्माण कार्यलाई उद्देश्यमूलक बनाउन तथा राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०७६ को मर्म वमोजिम स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउने कार्यमा स्थानीय तहलाई सघाउ पुऱ्याउन यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजिकरण गर्न सहयोग गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय, गणंडकी प्रदेश र स्थानीय तहहरु |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, कार्यशाला सम्बन्धी खर्च, प्रतिवेदन लेखन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. स्थानीय तहहरुबाट माग सङ्कलनका लागि २१ दिनको म्याद दिई सुचना प्रकाशन गर्ने ।<br>ख. स्थानीय तह छनौट,<br>ग. स्थानीय तहमा स्थानीय पाठ्यक्रम विकास, निर्माण एवम् परिमार्जन/अद्यावधिक समिति गठनका लागि सहजीकरण गर्ने,<br>घ. निर्देशनालयमा स्थानीय पाठ्यक्रम निर्माण, विकास एवम् परिमार्जन कार्यको सहजीकरणका लागि अनुभवी दक्ष व्यक्तिहरु सम्मिलित तपशिल बमोजिमको सहजीकरण समिति गठन गरिनेछ ।<br>• उपमहानिर्देशक, योजना तथा कार्यक्रम शाखा - संयोजक<br>• महाशाखा प्रमुख, उच्चशिक्षा तथा संस्कृति महाशाखा - सदस्य<br>• स्थानीय तहका शिक्षा प्रमुखहरु मध्येबाट महानिर्देशकद्धारा मनोनित १ जना- सदस्य<br>• स्थानीय पाठ्यक्रम निर्माण सम्वन्धमा अनुभवी/दक्ष विज्ञहरु मध्येबाट शिक्षा विकास निर्देशनालयबाट मनोनित २ जना - सदस्य<br>• अधिकृत, योजना तथा कार्यक्रम शाखा - सदस्य सचिव<br>ङ. सहजीकरण समुहको सहभागीतामा स्थानीय तहमा गठित पाठ्यक्रम विकास एवं निर्माण समितिलाई सहजीकरण कार्यशाला सञ्चालन गर्ने,<br>च. कार्यशाला सञ्चालनको लागि समय, स्थान र सहभागी एवं कार्यक्रम संख्या बजेट अनुसार तय गर्ने,<br>छ. स्थानीय तहलाई पाठ्यक्रमको मसौदा निर्माण/अद्यावधिक गर्न लगाउने,<br>ज. स्थानीय तहले निर्माण गरेको मसौदालाई मन्त्रालयमा गठन भएको सहजीकरण समितिले आवश्यकता अनुसार भर्चुअल माध्यमद्वारा सहजीकरण गर्न सकिने छ,<br>झ. कार्यक्रमको प्रतिवेदन तयार गर्ने । |

| | | |
|---|---|---|
| ६. | अपेक्षित प्रतिफल | स्थानीय पाठ्यक्रम विकास, निर्माण र कार्यान्वयनमा स्थानीय तहलाई सहजिकरण गर्न सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | क. स्थानीय पाठ्यक्रम विकास, निर्माण एवं सहजीकरण समिति गठन सम्बन्धी कागजात<br>ख. बैठकका निर्णय प्रतिलिपी/सहजीकरणको उपस्थिति<br>ग. स्थानीय पाठ्यक्रमको मसौदा<br>घ. कार्यक्रमको प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र शिक्षा विकास निर्देशनालय |

## २.२१ स्थानीय तह तथा सामुदायिक क्षेत्रसँगको समन्वयमा प्रविधिमैत्री साक्षरता कार्यक्रम निरन्तरता

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | १००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | आ.व.२०७९/०८० मा गण्डकी प्रदेश भित्रका ३६ वटा स्थानमा प्रविधिमैत्री वित्तीय साक्षरता कक्षा सञ्चालन भएका थिए। समुदायका नवसाक्षरहरुलाई उनीहरुको आवश्यकता अनुकुल हुने गरी नविनतम प्रविधि र वित्तिय कारोबारसँग सम्बन्धित विषयवस्तुहरुको बारेमा सामुदायिक सिकाइ केन्द्र मार्फत कक्षा सञ्चालन गरी साक्षरता र निरन्तर शिक्षा कार्यक्रम व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले यो कार्यक्रम राखिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | लक्षित समुहलाई प्रविधिमैत्री साक्षरता कार्यक्रम संचालनको माध्यमवाट निरन्तर सिकाइको अवसर प्रदान गर्ने । |
| ३. कार्यक्रमकार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामुदायिक सिकाइ केन्द्रहरु |
| ४. बजेट बाँडफाँट | • संचालन तथा व्यवस्थापन खर्च<br>• सहजकर्ता तालिम सञ्चालन<br>• साक्षरता कक्षा व्यवस्थापन एवम् सञ्चालन र पुस्तक तथा शिक्षण सामग्रीको व्यवस्था<br>• सहजकर्ता प्रोत्साहन खर्च<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • सूचना प्रकाशन गरी अनुसुची- २० बमोजिमको ढाँचामा प्रस्ताव माग गर्ने।<br>• प्रस्तावमा संलग्न गर्नुपर्ने भनी उल्लेख भएका कागजातहरू प्रस्ताव साथ पेश गर्नु पर्ने<br>• प्रस्ताव को ढाँचा हुनेछ।<br>• कक्षा सञ्चालन स्थान (क्षेत्र) छनौट समितिः सामुदायिक सिकाइ केन्द्रले निम्न समितिको वैठकको निर्णयवाट कक्षा सञ्चालन स्थल (क्षेत्र) निर्धारण गर्नु पर्नेछ।<br>क) सम्वन्धित सामुदायिक सिकाइ केन्द्रको अध्यक्ष - संयोजक<br>ख) सम्वन्धित स्थानीय तहको शिक्षा युवा तथा खेलकुद महाशाखा/ शाखा प्रमुख वा स्थानीय तहले तोकेको व्यक्ति- सदस्य<br>ग) सम्वन्धित सामुदायिक सिकाइ केन्द्रको परिचालक - सदस्य<br>• प्रस्ताव मूल्याङ्कन एवम् छनौट गर्नेः प्रस्ताव मूल्याङ्कनको आधारहरु अनुसूची -२१ बमोजिमको हुनेछ ।<br>• कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट एवं सिफारिस समिति रहनेछ।<br>क) उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>ख) प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य |

| | |
|---|---|
| | ग) आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>घ) संयोजकले तोकेको सम्बन्धित क्षेत्रको विज्ञ- सदस्य<br>ङ) उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख- सदस्य सचिव<br>• सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताका लागि तालिम सञ्चालन गर्ने ।<br>• कार्यक्रम कार्यान्वयन सम्झौता गरी साक्षरता कक्षा सञ्चालन गर्ने ।<br>• आवश्यक पाठ्यपुस्तक, मसलन्द सामग्री, कक्षा व्यवस्थापन खर्च उपलव्ध गराउने। |
| ६. अपेक्षित उपलव्धी | लक्षित समुहलाई प्रविधिमैत्री साक्षरता कार्यक्रम संचालनको माध्यमवाट निरन्तर सिकाइको अवसर प्राप्त भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>• तालिम सञ्चालनसँग सम्बन्धित कागजातहरु<br>• कक्षा सञ्चालन सम्बन्धी सहजकर्ता र सहभागीहरुको हाजिरी,<br>• बिल भरपाईहरु<br>• कार्यक्रमको फरफारकका लागि स्थानीय तहको सिफारिस तथा सामुदयिक सिकाइ केन्द्रको खर्च अनुमोदन सम्बन्धी निर्णय<br>• कार्यक्रम सञ्चालनका फोटोहरु<br>• सहजकर्ता र सहभागिहरुको हाजिरी<br>• स्थानीय तहबाट भएको अनुगमन प्रतिवेदन र सिफारिस<br>• कार्यक्रमको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय र स्थानीय तह |

### २.२२ सामुदायिक सिकाइ केन्द्रको व्यवस्थापकीय क्षमता विकास कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/सङ्ख्या | १ | ५०० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | समुदायको आवश्यकता अनसुार साक्षरता, निरन्तर शिक्षा, जीवनपर्यन्त सिकाइ तथा सामुदायिक विकास कार्यक्रम पहिचान, व्यवस्थापन, कार्यान्वयन तथा समन्वय गर्नका लागि सञ्चालित सामुदायिक सिकाइ केन्द्रका समुदाय परिचालकहरुको व्यवस्थापकीय क्षमता विकास गरी उपयुक्त र प्रभावकारी तवरले कार्य सम्पादन गर्न सक्षम बनाउनका लागि तर्जुमा भएको यस कार्यक्रमलाई व्यवस्थित रुपमा सञ्चालन गर्न आवश्यक भएकोले यो मापदण्ड तयार गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक सिकाइ केन्द्रका परिचालकहरुको क्षमता विकास गरी उक्त केन्द्रको व्यवस्थापनमा सुधार गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | **क.** तालिम सञ्चालन एवम् व्यवस्थापन<br>**ख.** सामग्री छपाइ, मसलन्द<br>**ग.** अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • कार्यक्रमको अवधारणा पत्र निर्माण<br>• सहजीकरण सामग्री व्यवस्था गर्ने<br>• प्रशिक्षक छनौट<br>• कार्यक्रमका सहभागी छनौट र कार्यक्रम सञ्चालन<br>• प्रतिवेदन तयारी । |
| ६. अपेक्षित उपलव्धी | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता विकास भई सिकाइ केन्द्र व्यवस्थापनमा प्रभावकारिता आएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • कार्यक्रम सञ्चालन सम्बन्धी कागजातहरु, खर्चका बील भरपाईहरु<br>• प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२३ धार्मिक शिक्षा प्रदान गर्ने गुरुकुल, आश्रम, मदरसा, वैकल्पिक विद्यालयहरूलाई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक/संख्या | १ | ५००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गुरुकुल, गुम्बा, आश्रम, मदरसा लगायत परम्परागत शिक्षा प्रदान गर्ने एवम् बैकल्पिक विद्यालयका रुपमा सञ्चालित शिक्षण संस्थाहरु जस्तैः अनौपचारिक प्रौढ विद्यालयहरूको शैक्षिक पूर्वाधार विकास गर्दै शैक्षिक प्रणालीको मुलधारमा ल्याउन आवश्यक छ । परम्परागत धार्मिक एवं शैक्षिक ब्यवस्थालाई सुदृढ तथा संस्थागत गरी राष्ट्रिय मापदण्ड अनुरुप औपचारिक शिक्षाको समकक्षी बनाउन शैक्षिक व्यवस्थापनका लागि श्रोत उपलब्ध गराइ बालबालिका/सिकारुहरुले समान रुपले सिक्न पाउने अवस्था सुनिश्चित गर्न यो अनुदान कार्यक्रमलाई व्यवस्थित तवरले सञ्चालन गर्न यो मापदण्ड निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | धार्मिक प्रकृतिका शिक्षा प्रदान गर्ने एवम् अनौपचारिक तथा वैकल्पिक विद्यालयका रुपमा सञ्चालित शिक्षण संस्थाहरुको शैक्षिक पूर्वाधार विकास गरी औपचारिक शिक्षाको मुलधारमा ल्याउन प्रोत्साहित गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय, र शैक्षिक सस्थाहरु |
| ४. बजेट बाँडफाँट | शिक्षण संस्था छनौटका लागि बैठक व्यवस्थापन र अनुगमन<br>शैक्षिक संस्थालाई अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) **सूचना प्रकाशन** : २१ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने ।प्रस्तावका साथ देहायका कागजातहरु पेश गर्नु पर्नेछः<br>१. अनुसूची - २२ वमोजिमको ढाँचामा प्रस्ताव<br>२. विद्यालय/संस्था व्यवस्थापन समितिको निर्णय<br>३. विद्यालय/संस्था सञ्चालनको अनुमतिपत्र<br>४. कक्षागत विद्यार्थी संख्या खुलेको स्थानीय तहको सिफारिस पत्र<br>ख) **प्रस्ताव मूल्याङ्कनः** कार्यक्रम कार्यान्वयनका लागि प्रस्तावहरु अनुसूची- २३ बमोजिम मूल्याङ्कन गरी मन्त्रालयका सचिव समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव, छनौट, मूल्याङ्कन तथा सिफारिस समिति रहनेछ।<br>१. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा - संयोजक<br>२. महाशाखा प्रमुख, प्रशासन तथा योजना महाशाखा - सदस्य<br>३. संयोजकले तोकेको धार्मिक शिक्षा सञ्चालित विद्यालयको प्रतिनिधि- सदस्य<br>४. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य<br>५. शाखा प्रमुख, भाषा, संस्कृति र पुरातत्त्व संरक्षण शाखा- सदस्य सचिव<br>**ग) अनुदान रकमको सिमाः**<br>१. एउटा मात्र कक्षा सञ्चालन भएको विद्यालय- रु. १ लाख ५० हजार<br>२. कक्षा ५ सम्म सञ्चालन भएको विद्यालय- रु. २ लाख<br>३. कक्षा ८ सम्म सञ्चालन भएको विद्यालय- रु. ४ लाख |

| | | |
|---|---|---|
| | | ४. कक्षा १२ सम्म सञ्चालन भएको विद्यालय- रु. ५ लाख<br>५. वैकल्पिक विद्यालयलाई तहगत प्रणाली र विद्यार्थी सङ्ख्याका आधारमा समितिको सिफारिस बमोजिम अनुदान उपलव्ध गराउने ।<br>**घ) अनुदानबाट सञ्चानल गर्नुपर्ने कार्यहरुः**<br>१. विद्यालयमा सूचना प्रविधिका सामग्रीहरु खरिद एवम् मर्मत<br>२. शैक्षिक सामग्री एवम् सन्दर्भ सामग्रीहरु खरिद<br>३. ईन्टरनेटको क्षमता विस्तार<br>४. पुस्तकालयमा पुस्तक एवम् फर्निचर व्यवस्थापन<br>५. भौतिक संरचनाको मर्मत सम्भार, रङरोगन<br>६. भान्सा र आवासका लागि सामग्री खरिद (खाद्यान्न बाहेक)<br>ङ) **सम्झौता एवम् अभिमुखिकरणः** छनौटमा परेका शिक्षणसस्थाहरुसँग सम्झौता एवम् अभिमुखीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाउने । |
| ६. | अपेक्षित उपलव्धी | धार्मिक प्रकृतिका शिक्षा प्रदान गर्ने एवम् अनौपचारिक तथा वैकल्पिक विद्यालयका रुपमा सञ्चालित शिक्षण संस्थाहरुको शैक्षिक पूर्वाधार विकास गरी औपचारिक शिक्षाको मुलधारमा ल्याउन प्रोत्साहन पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>१. विद्यालय/संस्था व्यवस्थापन समितिको खर्च अनुमोदनको निर्णय सहित भुक्तानीका लागि निवेदन<br>२. निर्माण कार्य/सामग्री खरिद सम्बन्धी आवश्यक कागजातहरु<br>३. स्थानीय तहको सिफारिस पत्र<br>४. बील भरपाइहरु<br>५. कार्य सम्पन्न प्रतिवेदन<br>६. अनुगमन प्रतिवेदन |
| ८. | अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालय, स्थानीय तह |

### २.२४ शिक्षक तालिमको प्रभावकारीता अध्ययन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेश्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | सिकाइ क्रियाकलाप सञ्चालन गर्ने मुख्य भूमिकामा रहेको शिक्षकको ज्ञान, सीप, दक्षता, मनोवृत्तिका साथै पेशागत व्यवहारमा समय सापेक्ष प्रभावकारीता ल्याउन नेपाल सरकारले वाल विकास केन्द्र देखि माध्यमिक तहसम्म कार्यरत शिक्षकहरुका लागि विभिन्न विषयहरुसँग सम्वन्धित लामो, छोटो एवम् पुनर्ताजगी तालिमहरु संचालन गर्दै आएको छ। तर तालिमवाट सिकेका ज्ञान सिप र दक्षता कक्षा कोठाको सिकाइ वातावरण सुधार गर्नमा अपेक्षित सकिरहेको छैन । शैक्षिक गुणस्तर बृद्धिमा शिक्षक तालिमको भूमिका महत्वपूर्ण हुने भएकोले शिक्षकको वैयक्तिक अवस्था, तालिम प्रदायक संस्थाको सक्षमता र तालिमका विषय वस्तु सान्दर्भिक र विद्यार्थीहरुको सिकाइ स्तर अनुकुल हुन सकिरहेको छैन । विद्यार्थीको सिकाइ उपलब्धिस्तर खस्किरहेको जनगुनासो व्याप्त छ। त्यसैले शिक्षक तालिमलाई प्रभावकारी वनाउन अध्ययन अनुसन्धान जस्ता कार्यक्रम संचालन गर्नु पर्ने आवश्यकता देखिएकोले यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | शिक्षक तालिमको प्रभावकारीता अध्ययनमा सहयोग पुऱ्याउनु। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन, परामर्श सेवा, अध्ययन प्रतिवेदन लेखन र प्रकाशन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अध्ययन समिति गठन/परामर्श सेवा<br>क) शिक्षा शास्त्र संकायका प्राध्यापकहरु मध्येवाट मन्त्रालयले मनोनयन गरेको एक जना - संयोजक<br>ख) शिक्षा शास्त्र संकायमा अध्यापनरत महिला प्राध्यापकहरु मध्येवाट मन्त्रालयले मनोनयन गरेको एक जना - सदस्य<br>ग) इकाइ प्रमुखहरू मध्येबाट मन्त्रालयले मनोनयन गरेको १ जना - सदस्य<br>घ) माध्यमिक तहको प्र.अ./शिक्षक मध्येबाट मन्त्रालयले मनोनयन गरेको १ जना-सदस्य<br>ङ) उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- सदस्य सचिव<br>• अध्ययन साधन निर्माण, परिक्षण एवं स्वीकृति<br>• तथ्याङ्क सङ्कलन र विश्लेषण<br>• मसौदा तयार गर्ने<br>• सरोकारवाला वीच छलफल एवम् सुझाव संकलन ।<br>• प्रतिवेदन निर्माण गरी मन्त्रालयमा पेश गर्ने। |
| ६. अपेक्षित प्रतिफल | शिक्षक तालिमको प्रभावकारीता अध्ययन भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क) परामर्श सेवा/समिति गठनका कागजातहरु,<br>ख) बील भरपाईहरु |

| | |
|---|---|
| | ग) उपस्थिति<br>घ) बैठकका निर्णय प्रतिलिपि,<br>ङ) अध्ययन प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२५ विशेष विद्यालय/स्रोतकक्षा सञ्चालन भएका विद्यालयहरुको व्यवस्थापन सुधार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु. हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक/संख्या | १ | ६००० | पहिलो,दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | विशेष आवश्यकता एवं फरक क्षमता भएका बालबालिकाको शिक्षामा सहज पहुच एवं गुणस्तरीय शिक्षाका लागि अनुकुल वातावरण सिर्जना गर्न आवस्यक छ। विशेष विद्यालय र स्रोतकक्षा सञ्चालित विद्यालयहरुको कक्षाकोठा व्यवस्थापन, शैक्षिक सामग्री व्यवस्थापन, आवास एवम् भान्सा व्यवस्थापन जस्ता कार्यहरु सुधार गर्नका लागि अनुदान उपलव्ध गराई सहज र प्रभावकारी रुपमा पठनपाठन सञ्चालनका लागि यो कार्यक्रम समावेश गरिएको र उक्त कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्ने यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | विशेष विद्यालय/स्रोतकक्षा संचालन भएका विद्यालयहरुको व्यवस्थापन सुधारमा सहयोग गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय/सम्बन्धित विद्यालय |
| ४. बजेट बाँडफाँट | • प्रस्ताव मूल्याङ्कन एवम् छनौट बैठक व्यवस्थापन<br>• शैक्षिक सामग्रि व्यवस्थापन, आवासीय व्यवस्थापन, भान्साकोठा व्यवस्थापन<br>• अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • **सूचना र प्रस्ताव मागः** २१ दिनको म्याद दिई सार्वजनिक सूचना प्रकाशन गरी प्रस्ताव माग गर्ने ।प्रस्ताव साथ निम्न कागजातहरु पेश गर्नु पर्नेछ ।<br>१. अनुसूची- २४ को ढाँचामा प्रस्तावपत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. कार्यक्रममा दोहोरोपन नपरेको सम्बन्धमा स्व:घोषणा<br>४. कार्यक्रमका लागि स्थानीय तहको सिफारिस र<br>५. शैक्षिक सत्र २०८० को प्रमाणित विद्यार्थी विवरण<br>• **प्रस्ताव छनौट एवम् मूल्याङकन समिति** :- कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन एवम् छनौट सिफारिस समिति रहनेछ । प्रस्ताव मूल्याड्ङ्कनको आधार अनुसूची- २५ मा व्यवस्था भए बमोजिम हुनेछ ।<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. संयोजकले तोकेको विशेष विद्यालयको प्र.अ. - सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा- सदस्य सचिव<br>• **बजेट अनुदानको सिमाः**<br>❖ कक्षा ५ सम्म संचालित भए वढीमा- रु.१ लाख ५० हजार<br>❖ कक्षा ८ सम्म सञ्चालित भएमा बढीमा- रु.२ लाख र |

| | |
|---|---|
| | ❖ कक्षा ८ भन्दा माथि सञ्चालित भएमा बढीमा- रु.२ लाख ५० हजार<br>• विद्यालय छनौट र सम्झौता<br>• कार्यक्रम कार्यान्वयन<br>• अनुगमन |
| ६. अपेक्षित उपलव्धी | विशेष विद्यालय/स्रोतकक्षा संचालन भएका विद्यालयहरुको व्यवस्थापन सुधारमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>(१) भुक्तानी माग निवेदन<br>(२) सम्झौता पत्रको प्रतिलिपी<br>(३) सामग्रीको विवरण निर्धारण, कम दरमा सामग्री उपलव्ध गराउने संस्था/फर्म छनौट, कार्यसम्पन्न र खर्च अनुमोदन सम्बन्धी विद्यालय व्यवस्थापन समितिका निर्णयको प्रतिलिपी<br>(४) खरिद आदेश, बील भरपाई र दाखिला प्रतिवेदन<br>(५) खर्च भएर नजाने जिन्सीमा जिन्सि खाताको प्रतिलिपी<br>(६) कार्यक्रमसँग सम्बन्धित फोटोहरु<br>(७) स्थानीय तहको अनुगमन प्रतिवेदन र भुक्तानीका लागि सिफारिस पत्र<br>(८) बैंक खाता सम्बन्धी विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय र सामाजिक विकास कार्यालयहरु |

## २.२६ Friday For Future कार्यक्रम सञ्चालन निर्देशिका तयारी तथा अभिमुखीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | हरेक शुक्रबार विद्यार्थीका अन्तरनिहित प्रतिभाहरु प्रष्फुटन गर्नुका साथै रैथाने एवम् नविनतम पद्धतिमा आधारित जीवनउपयोगी ज्ञान र सीपको विकास गरी भविष्यको तयारीका लागि सहयोग पुऱ्याउन **Friday For Future कार्यक्रम सञ्चालन निर्देशिका** तर्जुमा गरी सरोकारवालाहरुलाई अभिमुखीकरण गरी प्रदेशभरी लागु गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २. कार्यक्रमको उद्देश्य | Friday For Future कार्यक्रम सञ्चालन निर्देशिका तयार गरी सरोकारवालाहरुलाई अभिमुखिकरण गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्थानीय तहहरु |
| ४. बजेट बाँडफाँट | निर्देशिका तयारी समितिका बैठक व्यवस्थापन, सुझाव संकलन कार्यक्रम सञ्चालन, निर्देशिका छपाई र अभिमुखीकरण कार्यक्रम सञ्चालन । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) **निर्देशिका मसौदा तयारीः** कार्यक्रम कार्यान्वन निर्देशिकाको मसौदा तयार गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको निर्देशिका तयारी समिति गठन गर्ने।<br>१. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा- संयोजक<br>२. सचिवले तोकेको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख १ जना- सदस्य<br>३. न.पा. र गा.पा. को शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखहरु मध्येबाट मन्त्रालयले तोकेको १/१ जना गरी २ जना - सदस्य<br>४. संयोजकले तोकेको आधारभूत र माध्यमिक विद्यालयका शिक्षक (१ जना प्र.अ र १ जना सामाजिक विषयका शिक्षक)- सदस्य<br>५. अधिकृत, विज्ञान, प्रविधि र प्राविधिक तथा व्यावसायिक शिक्षा शाखा -सदस्य सचिव<br>(नोटः समितिले आवश्यकता अनुसार विज्ञ/सरोकारवालाहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)<br>ख) **कार्यक्रम अभिमुखीकरणः** स्वीकृत निर्देशिकामा उल्लेख भए बमोजिमका सरोकारवालाहरुलाई भौगोलिक क्षेत्रगत रुपमा कार्यक्रम आयोजना गरी अभिमुखीकरण गर्ने । |
| ६. अपेक्षित उपलव्धी | Friday For Future कार्यक्रम कार्यान्वयन निर्देशिका तयार भई सरोकारवालाहरुलाई अभिमुखीकरण भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | निर्देशिका र अभिमुखीकरण कार्यक्रमसँग सम्बन्धित विवरणहरु, बील भरपाई र प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२७ गण्डकी प्रदेशको संस्कृति संरक्षण कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | १५०० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेशमा रहेका धर्म एवम् संस्कृति (परम्परागत रुपमा मनाउँदै आएका चाडपर्व, मेला, नाचगान लगायतको) संरक्षण एवम् सम्बर्द्धन गरी धार्मिक सहिष्णुता, साँस्कृतिक विविधताले युक्त प्रदेशको रुपमा पहिचान स्थापित गर्नका लागि धर्म र संस्कृति संरक्षणका लागि स्थापित संस्था, समिति, समूहहरुले कार्यान्वयन गर्ने संस्कृति संरक्षणका कार्यक्रममा सहयोग पुऱ्याउनका लागि यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशमा रहेका विविध संस्कृति र परम्पराको संरक्षण गर्न सहयोग पु-याउनु |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | मन्त्रालय र प्रस्ताव स्वीकृत भएका संघ संस्था, समिति वा समूहहरु |
| ४. बजेट वाँडफाँट | क. **संस्कृति संरक्षणसँग सम्बन्धित सामग्री खरिद**: धर्म संस्कृतिसँग सम्बन्धित बाजा, बाद्यवाधनका सामग्रीहरु, धार्मिक पुस्तकहरु, परम्परागत पोशाक खरिद एवम् व्यवस्थापनसँग सम्बन्धित खर्च । (प्रति संस्था अधिकतम रु.२५ हजार)<br>ख. **विभिन्न प्रतियोगिता एवम् कार्यक्रम सञ्चालन गर्नेः** परम्परा अनुसार मनाइने जात्रा, पर्व, नाच, मेला, प्रतियोगिता सञ्चालनसँग सम्बन्धित क्रियाकलापका लागि लाग्ने खर्च । (पुरस्कार, प्रमाणपत्र, सम्मानपत्र, मञ्च व्यवस्थापन, (साउण्ड सिस्टम, टेन्ट, कुर्सि, टेबल), मूल्याङ्कनकर्ताको पारिश्रमीक, संस्कृति झल्कने पोशाक भाडा, आदि) (प्रदेश/जिल्ला स्तरीय कार्यक्रमः बढीमा रु.५० हजार, पालिकास्तरीय/अन्य कार्यक्रम भएमा बढिमा रु.२५ हजार) |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **क. प्रस्ताव/ माग निवेदन संकलनः** संस्कृति संरक्षणसँग सम्बन्धित सामग्री खरिद गर्न र प्रतियोगिता एवम् कार्यक्रम सञ्चालन गर्न ईच्छुक संघ संस्था, समिति, क्लव, समूहहरुसँग मागका आधारमा प्रस्ताव संकलन गर्ने । प्रस्ताव पेश गर्दा निम्न कागजातहरु पेश गर्नु पर्नेछः<br>• अनुसूची-२६ बमोजिमको प्रस्ताव र कार्यक्रमको लागत अनुमान ।<br>• प्रस्ताव पेश गर्ने संस्था/समूह/समिति/क्लव व्यवस्थापन/सञ्चालक समितिको कार्यक्रम माग गर्ने निर्णय<br>• संस्था/समूह/समिति/क्लबको नविकरण सहितको दर्ता प्रमाणपत्र<br>• सम्बन्धित स्थानीय तहको सिफारिस पत्र<br>ख. **प्रस्ताव छनौट एवम् सिफारिस समितिः** संस्कृति संरक्षणसँग सम्बन्धित रही मन्त्रालयमा प्राप्त हुने निवेदन/प्रस्तावहरुको छनौट गरी मन्त्रालय समक्ष अनुदान रकम सिफारिस गर्न मन्त्रालयमा देहायको एक समिति रहनेछ ।<br>१. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा- संयोजक<br>२. सामाजिक विकास महाशाखा प्रमुख- सदस्य<br>३. गण्डकी प्रज्ञा प्रतिष्ठानको प्रतिनिधि - सदस्य<br>४. प्रमुख, आर्थिक प्रशासन शाखा - सदस्य |

| | | |
|---|---|---|
| | | ५. सम्बन्धित शाखाको प्रमुख- सदस्य सचिव<br>ग. **कार्यक्रम कार्यान्वयनः** गण्डकी प्रदेशको धर्म, संस्कृति संरक्षणका लागि क्रियाशिल संस्था, समूह/समिति/क्लव आदिको प्रस्ताव स्वीकृत र कार्यक्रम कार्यान्वयन गर्ने ।<br>घ. संस्था मार्फत कार्यक्रम सञ्चालन र कार्य सम्पन्न प्रतिवेदन तयारी र पेश ।<br>ङ. चालु आ.व.२०८०/०८१ को स्विकृत बार्षिक कार्यक्रम र वजेट अन्तर्गतको गण्डकी प्रदेशको सँस्कृति संरक्षण कार्यक्रम कार्यान्वयनको लागि तयार गरिएको यस मापदण्ड स्विकृत हुनु पूर्व केही कार्यक्रमहरुको निवेदन/प्रस्ताव पेश भै कार्यक्रम समेत सम्पन्न भैसकेको हकमा मन्त्रालयको निर्णय वमोजिम हुनेछ । |
| ६. | अपेक्षित प्रतिफल | गण्डकी प्रदेशमा रहेका विविध संस्कृति र परम्पराको संरक्षण गर्न सहयोग पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानी मागका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. कार्यसम्पन्न भए पश्चात समितिको खर्च अनुमोदन सहितको भुक्तानी माग गर्ने निर्णय<br>२. खर्चका बील भरपाईहरु<br>३. कार्य सञ्चालनसँग सम्बन्धित फोटो सहितको प्रतिवेदन<br>४. भुक्तानीका लागि स्थानीय तहको सिफारिस<br>५. कार्य सम्पन्न प्रतिवेदन |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, स्थानीय तह |

## २.२८ त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्रविकास (कार्यक्रम विकास एवं कार्यान्वयन)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १०००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | नवलपरासी (वर्दघाट सुस्तापूर्व) विनयी त्रिवेणी गाउँपालिका वडा नं-६ र ७ स्थित पवित्र त्रिवेणी संगम स्थित गजेन्द्रमोक्ष दिव्य धामलाई पौराणिक र ऐतिहासिक महत्वको धार्मिक,साँस्कृतिक तथा पर्यटकीय स्थलका रुपमा विकास र सञ्चालन गर्न आवश्यक भएको सन्दर्भमा गण्डकी प्रदेश सरकार मन्त्रीपरिषदको प्रस्ताव र प्र.म. प.वै.सं.३२/०७८ मिति २०७८/०७/२९ को निर्णयानुसार त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति (गठन) आदेश, २०७८ स्वीकृत भई कार्यान्वयन भएको छ। त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकास कार्यक्रम मार्फत धार्मिक, साँस्कृतिक तथा पर्यटकीय स्थलका रुपमा विकास र सञ्चालन गर्न यो कार्यक्रम राखिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | त्रिवेणी संगम गजेन्द्रमोक्ष दिव्य धामलाई पौराणीक र ऐतिहासिक महत्वको धार्मिक साँस्कृतिक तथा पर्यटकिय स्थलका रुपमा विकास र सञ्चालन गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समिति |
| ४. बजेट बाँडफाँट | • कार्यक्रम संचालन तथा व्यवस्थापनका लागि त्रिवेणी गजेन्द्रमोक्ष दिव्यधाम क्षेत्र विकास समितिलाई एकमुष्ठ अनुदान ।<br>• अनुगमन खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) क्षेत्र विकास समितिको यस वर्षको वार्षिक कार्यक्रम सहितको प्रस्ताव माग गर्ने ।<br>ख) प्रस्ताव तथा कार्ययोजना स्वीकृत गरी अख्तियारी प्रदान गर्ने ।<br>ग) त्रैमासिक प्रगति/खर्च विवरण मन्त्रालयमा पेश गर्ने । |
| ६. अपेक्षित उपलव्धी | त्रिवेणी गजेन्द्रमोक्ष दिव्य धाम क्षेत्र विकासको धार्मिक साँस्कृतिक तथा पर्यटकीय स्थलका रुपमा विकास भएको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • प्रस्तावना एवं कार्ययोजना<br>• वार्षिक कार्ययोजना सहितको क्रियाकलाप<br>• खर्चको फाँटबारी<br>• वार्षिक प्रगति प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.२९ थमन परियार स्मृति प्रतिष्ठान नेपाल कास्कीलाई कार्यक्रम संचालन तथा व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ५०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | थमन परियार स्मृति प्रतिष्ठान नेपाल, कास्कीले सञ्चालन गर्ने संस्कृति संरक्षण, स्रष्टा एवम् प्रतिभाहरुलाई सम्मान, विभिन्न प्रतियोगिता सञ्चालन जस्ता कार्यक्रम सञ्चालन गर्न एवम् प्रतिष्ठानको कार्यालय व्यवस्थापन (सूचना प्रविधिका सामग्री एवम् फर्निचर खरिद, मर्मत सम्भार) सँग सम्बन्धित कार्यमा सहयोग पुऱ्याउन यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | थमन परियार स्मृति प्रतिष्ठान नेपाल, कास्कीका कार्यक्रम सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने संस्थाहरु | मन्त्रालय र थमन परियार स्मृति प्रतिष्ठान नेपाल, कास्की |
| ४. बजेट बाँडफाँट | क.प्रतियोगिता एवम् सम्मान कार्यक्रम सञ्चालनः प्रमाणपत्र, पुरस्कार, मञ्च व्यवस्थापन, मूल्याङ्कनकर्ता पारिश्रमिक<br>ख.सामग्री खरिदः सूचना प्रविधिका सामग्री एवम् फर्निचर खरिद व्यवस्थापन एवम् मर्मत सम्भार |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. प्रतिष्ठानबाट प्रस्ताव माग गर्ने,<br>ख. प्रस्ताव साथ निम्न कागजातहरु पेश गर्नु पर्नेछः<br>१. कार्यक्रम कार्यान्वनय सम्बन्धी समितिको निर्णय,<br>२. कार्ययोजना र लागत अनुमान<br>३. संस्था दर्ता प्रमाणपत्र (नविकरण समेत भएको)<br>ग. प्रस्ताव स्वीकृत गरी प्रतिष्ठानसँग सम्झौता गर्ने,<br>घ. कार्यक्रम कार्यान्वयनको अवस्था अनुगमन गर्ने ।<br>ङ. कार्य सम्पन्न प्रतिवेदन पेश गर्ने ।<br>च. प्रतिष्ठानलाई भुक्तानी दिने । |
| ६. अपेक्षित उपलब्धी | थमन परियार स्मृति प्रतिष्ठान नेपाल, कास्कीलाई कार्यक्रम संचालन र व्यवस्थापनमा सहयोग पुगेको हुनेछ । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>१. कार्यक्रम सम्पन्न भएको सम्बन्धमा खर्च अनुमोदन र भुक्तानी माग सम्बन्धी समितिको निर्णय<br>२. विल भरपाई<br>३. स्थानीय तहको सिफारिस<br>४. कार्य सम्पन्न फोटो सहितको प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.३० शहिद पार्क स्थापना तथा व्यवस्थापन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | १०००० | सबै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | राज्यले शहिद भनी घोषणा गरेका व्यक्तिको सम्झना र सम्मान हुने गरी गण्डकी प्रदेश भित्र शहिद पार्क स्थापना एवम् सञ्चालन गर्नु आवश्यक छ । पार्कको स्थापनाले सर्वसाधारण नागरिकहरुसम्म शहिदहरुको पहिचान एवम् इतिहासको संरक्षण, शहिदहरु प्रतिको सम्मान, राष्ट्र र राष्ट्रियता प्रति नागरिकहरुमा कर्तव्य बोध गराउन तथा पर्यटन प्रबर्द्धनमा समेत सहयोग पुग्ने भएकोले यो कार्यक्रम समावेश गरिएको छ। यस कार्यक्रम अन्तर्गत यस पूर्व स्थापना भएका पार्कहरुको स्तरोन्नतिलाई समेत समेटिने छ। |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशमा शहिद पार्क स्थापना तथा व्यवस्थापन गर्नमा सहयोग पु-याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र संवन्धित शहिदपार्क |
| ४. बजेट बाँडफाँट | कार्यक्रम संचालन तथा व्यवस्थापन खर्च, विस्तृत आयोजना प्रतिवेदन, पार्क निर्माण तथा स्तरोन्नती खर्च, पार्क व्यवस्थापन तथा अनुगमन खर्च, आदि। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | १.परिभाषाः- विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,-<br>**"शहिद"** भन्नाले राज्यले शहिद भनी घोषणा गरेका व्यक्तिहरुलाई जनाउँदछ ।<br>**"शहिद पार्क"** भन्नाले शहिदहरुको योगदान र पहिचान खुल्ने गरी शहिदहरुको सम्मानमा स्थापना भएका वा हुने पार्कलाई बुझिन्छ।<br>२. पार्क भित्र निर्माण गर्नुपर्ने पूर्वाधारः(१) यस मापदण्ड बमोजिम निर्माण एवम् स्तरोन्नति हुने शहिद पार्कभित्र देहायका पूर्वाधारहरु निर्माण क्रमशःगर्दै जानु पर्नेछः<br>• शहिदहरुको परिचय, योगदान र सूचना समेटिएको सूचना केन्द्र,<br>• शहिदहरुको तस्वीर/ शालिक तथा शान्ति स्मारक/स्तम्भ,<br>• बगैंचा तथा उद्यान,<br>• कम्पाउण्ड तथा गेट<br>• सम्बन्धित क्षेत्रको साँस्कृतिक तथा विविधता झल्कने पूर्वाधारहरु<br>• चमेना गृह, खानेपानी तथा शौचालय<br>३. नयाँ पार्क निर्माणका निम्ति निजी वा स्थानीय तहले हकभोग गर्न सहमति दिएको ऐलानी वा पर्ती जग्गा कम्तिमा १(एक) रोपनी क्षेत्रफल भएको जग्गा उपलव्ध हुनु पर्नेछ ।<br>४. **प्रस्ताव माग गर्नेः** पार्क स्थापना एवम् स्तरोन्नतीका लागि मन्त्रालयले समिति, संघसंस्था वा स्थानीय तहवाट २१ दिनको सार्वजनिक सूचना मार्फत अनुसूची-२७ बमोजिमको ढाँचामा प्रस्ताव माग गर्नेछ।<br>५. पार्क निर्माणका लागि स्थान छनौट गर्ने आधारः-<br>• यस पूर्व पार्क निर्माण भएका पार्कको हकमा स्थान छनौट गरिरहनु नपर्ने,<br>• पार्कको नाम वा पार्कले भोग गर्ने जग्गा न्यूनतम १(एक) रोपनी हुनु पर्ने,<br>• स्थानीय तह वा अन्य समिति, संघ संस्थावाट हुन सक्ने साझेदारी,<br>• कार्यक्रमबाट लाभान्वित हुने जनसङ्ख्या, |

| | |
|---|---|
| | • कार्यक्रमवाट अपेक्षित प्रतिफल<br>• उपयुक्त भौगोलिक अवस्था,<br>• यातायात, विद्युत तथा सञ्चारको सुविधाको सम्भाव्यता भएको स्थान,<br>• मन्त्रालयवाट गरिएको स्थलगत अध्ययन प्रतिवेदन ।<br><u>६. प्रस्ताव  छनौट तथा  अनुदान सिफारिस समितिः-</u><br>कार्यक्रम कार्यान्वयनका लागि प्रस्ताव मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन एवम् छनौट सिफारिस समिति रहनेछ । समितिले प्रस्ताव छनौट तथा मुल्याङकन अनुसुची- २८ को आधारमा गर्नु पर्नेछ।<br>• उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>• प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>• मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयका अधिकृत प्रतिनिधि एक जना-सदस्य<br>• मन्त्रालयले तोकेको प्राविधिक (विषय विज्ञ)— सदस्य<br>• आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>• शाखा अधिकृत, उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा - सदस्य सचिव<br>७. कार्यक्रम सञ्चालनमा मन्त्रालयवाट अनुदान तथा साझेदारी हुन नसक्ने र वजेट तथा कार्यक्रम प्रस्ताव गर्न नपाइने विषयहरुः-<br>• राष्ट्रिय एकता तथा सामाजिक सांस्कृतिक सद्भाव खलवलिने विषय,<br>• बातावरण संरक्षणमा प्रतिकुल असर पुऱ्याउने विषय ।<br>८. लागत साझेदारी र सो को रकम निकासा तथा भुक्तानी प्रक्रियाः-  यस कार्यविधि बमोजिम शहिद पार्क पूर्वाधार निर्माणको लागि लागत साझेदारी हुन सक्नेछ ।<br><u>**९. सम्झौता गर्नु पर्नेः-**</u> छनौट भएका समिति, संघ संस्था निकायले शहिद पार्क निर्माणका लागि मन्त्रालयसँग सम्झौता गर्नुपर्ने छ ।<br><u>**१०. समिति, संघ संस्था निकायको काम र कर्तव्यः-**</u> (१) यस कार्यविधि बमोजिम छनौट भएका समिति, संघसंस्था निकायको काम र कर्तव्य देहाय बमोजिम हुनेछः-<br>• निर्माण वा स्तरोन्ती गरिने शहिद पार्कसम्म यातायात तथा सञ्चार, खानेपानी लगायत सुविधा प्रयास पुर्याउने,<br>• जुन कार्यक्रमका लागि सम्झौता भएको हो सोही वमोजिम कार्यान्वयन गर्ने।<br><u>**११. उल्लेख गर्नु पर्नेः-**</u> यस मापदण्ड बमोजिम निर्माण वा स्तरोन्नती हुने शहिद पार्क पूर्वाधारको कार्य प्रारम्भ गर्दाका बखत नै सबैले देखिने ठाउँमा स्पष्ट रुपमा साझेदारहरुको (मन्त्रालय र सम्बन्धित समिति, संघसंस्था वा निकाय) नाम उल्लेख गरी सूचना पाटी राख्नु पर्नेछ ।<br><u>**१२. पार्क स्तरोन्नती गर्न सक्नेः-**</u> सम्बन्धित समिति, संघ संस्था वा निकायले यो मापदण्ड स्वीकृत हुनु अघि कुनै प्रक्रियाबाट शुरु भई सञ्चालनमा आएका पार्क, स्मारक जस्ता पूर्वाधारको स्तरोन्नती कार्य गर्ने गरी शहिद पार्क निर्माणको प्रस्ताव पेश गरेमा मन्त्रालयले त्यस्ता पार्कहरुको स्तरोन्नती गर्न सक्नेछ ।<br><u>**१३. पार्क संरक्षण समितिः-**</u> यस कार्यविधि बमोजिम निर्माण हुने शहिद पार्कको संरक्षण गर्न एक पार्क संरक्षण समिति गठन गर्नु पर्नेछ। |
| ६.   अपेक्षित उपलव्धी | गण्डकी प्रदेशमा शहिद पार्क स्थापना र व्यवस्थापन गर्नमा सहयोग पुगेको हुनेछ। |
| ७. पेश गर्नुपर्ने कागजातहरु | डिपिआर, लागत अनुमान, कार्यसम्पन्न प्रतिवेदन, स्थानीय तहको सिफारिस । |
| ८.   अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.३१ माध्यमिक विद्यालयमा STEM LAB स्थापना र सञ्चालन अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | विद्यालय | ३० | १५००० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | गण्डकी प्रदेश शिक्षा नीति, २०७८ ले विज्ञान, प्रविधि, ईञ्जिनियरिङ र गणित शिक्षालाई समग्र शिक्षा प्रणालीको अभिन्न अङ्गको रुपमा विकास तथा विस्तार गर्ने रणनीति निर्धारण गरेको छ । प्रारम्भिक तह देखि नै गणित, विज्ञान, प्रविधि र इञ्जिनियरिङसँग सम्बन्धित विषयहरुमा बालबालिकाहरुको रुची, सहभागिता र क्षमता विकास गर्नका लागि विद्यालयहरुमा नविनतम प्रविधि एवम् सामग्रीहरुको व्यवस्था गरी पाठ्यक्रमले निर्धारण गरेका उद्देश्यहरु पुरा गर्नका लागि यस मन्त्रालयबाट आ.व. २०७८/०७९ मा स्वीकृत स्पेसिफिकेशन/ Master Plan (STEM Laboratory for Schools in Gandaki Pradesh and Beyond) बमोजिम माध्यमिक विद्यालयमा STEM Lab स्थापना गर्न यस मापदण्डको निर्माण गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक विद्यालयहरुमा STEM सँग सम्बन्धित विषयको प्रयोगशाला स्थापना भै सञ्चालन हुने। |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकास | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र सम्बन्धित विद्यालयहरु |
| ४. बजेट बाँडफाँट | विद्यालयहरुमा STEM ल्याब स्तरोन्नतिका लागि अनुदान |
| ५. सञ्चालन गरिने क्रियाकलाप | **क. प्रस्ताव माग गर्नेः** सार्वजनिक सूचना मार्फत २१ दिनको म्याद राखि माध्यमिक विद्यालयहरुसँग प्रस्ताव आव्हान गर्ने ।<br>**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः**<br>१. अनुसूची- ३६ को ढाँचामा प्रस्तावपत्र<br>२. कार्यक्रम कार्यान्वयन सम्बन्धमा विद्यालय व्यवस्थापन समितिको निर्णय<br>३. सम्बन्धित स्थानीय तहको कार्यक्रममा आ.व. २०७९/८० र चालु आ.वमा दोहोरोपन नपरेको सम्बन्धमा स्पष्ट खुलाएको सिफारिस पत्र<br>४. स्थानीय तहबाट प्रमाणित शैक्षिक सत्र २०८० को कक्षा ९-१० को विद्यार्थी विवरण<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् छनौटः** विद्यालयबाट प्राप्त प्रस्तावहरु अनुसूची-३७ बमोजिमका आधारमा मूल्याङ्कन गरी मन्त्रालय समक्ष सिफारिस गर्नका लागि देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ ।<br>१. शैक्षिक योजना तथा विज्ञान प्रविधि महाशाखा प्रमुख- संयोजक<br>२. योजना तथा प्रशासन महाशाखा- सदस्य<br>३. संयोजकले तोकेको विषय विज्ञ - सदस्य<br>४. शाखा प्रमुख, आर्थिक प्रशासन शाखा — सदस्य<br>५. शाखा प्रमुख, शैक्षिक योजना, तथ्याङ्क तथा अनुसन्धान शाखा- सदस्य सचिव<br>ग. **प्रस्ताव मूल्याङ्कन नहुनेः** देहाय बमोजिमका विद्यालयहरुको प्रस्ताव मूल्याङ्कन प्रक्रियामा समावेश नगर्ने ।<br>१. प्रदेश सरकारबाट STEM ल्याब स्थापनाका लागि चालु आ.व. अगावै अनुदान उपलव्ध भएका विद्यालयहरु |

| | |
|---|---|
| | २. आ.व.२०७९/८० र चालु आ.व मा संघीय सरकार र सम्बन्धित स्थानीय तहबाट STEM ल्याब स्थापना कार्यका लागि छनौट भई अनुदान प्राप्त गरेका विद्यालयहरु,<br>घ. **अनुदान रकमको सिमाः** प्रयोगशाला स्थापना एवम् स्तरोन्नती कार्यका लागि प्रति विद्यालय ५ लाख रुपैंयाका दरले अनुदान उपलव्ध गराइने छ ।<br>ङ. **गुरुयोजना बमोजिम गर्नुपर्नेः** प्रदेश सरकारबाट STEM ल्याब स्थापनाका लागि आ.व. २०७८/०७९ मा स्वीकृत गुरुयोजना बमोजिम ल्याबको संरचना विकास एवम् सामग्री खरिद गर्नुपर्नेछ ।<br>च. **प्राथमिकता निर्धारणः** अनुदानका लागि छनौटमा परेका विद्यालयहरुले प्रथम चरणमा विज्ञान प्रविधि र गणित विषयका सामग्री एवम् उपकरण खरिद एवम् व्यवस्थापनमा जोड दिनुपर्नेछ ।<br>छ. ठुला विद्यालय विकास कार्यक्रम, अगुवा विद्यालय विकास कार्यक्रम र नमुना आवासिय विद्यालय कार्यक्रममा छनौट भएका विद्यालयमा यस भन्दा अगावै उक्त प्रयोगशाला स्थापना नभएको भए उक्त विद्यालयहरुमा स्टेम ल्याव स्थापनामा प्राथमिकता दिइनेछ ।<br>ज. **अभिमुखीकरण एवम् सम्झौता कार्यक्रमः** कार्यक्रम कार्यान्वयनका लागि स्वीकृत भएका विद्यालयका प्र.अ/गणित/विज्ञान शिक्षकका लागि एक दिनको अभिमुखीकरण कार्यक्रम सञ्चालन गरी सम्झौता गर्न सकिनेछ। |
| ६. अपेक्षित उपलव्धी | १. STEM LAB स्थापना भई विज्ञान प्रविधि सम्बन्धी ल्याब स्थापना भै सञ्चालनमा आएको हुनेछ ,<br>२. शिक्षण पद्धतीको आधुनिकीकरण मार्फत विद्यार्थीद्वारा नवप्रर्वतनकारी कार्यमा संलग्न हुने अवसर उपलव्ध हुनेछ। |
| ७. विद्यालयले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरुः**<br>१. भुक्तानी माग निवेदन<br>२. सम्झौता पत्रको प्रतिलिपी<br>३. सामग्रीको विवरण निर्धारण, कम दरमा सामग्री उपलव्ध गराउने संस्था/फर्म छनौट, कार्य सम्पन्न र खर्च अनुमोदन सम्बन्धी विद्यालय व्यवस्थापन समितिका निर्णयको प्रतिलिपी<br>४. कोटेशन सम्बन्धी कागजातहरु<br>५. खरिद आदेश, बील भरपाई र दाखिला प्रतिवेदन<br>६. खर्च भएर नजाने जिन्सीमा जिन्सि खाताको प्रतिलिपी<br>७. कार्यक्रमसँग सम्बन्धित फोटोहरु<br>८. स्थानीय तहको अनुगमन प्रतिवेदन र भुक्तानीका लागि सिफारिस पत्र<br>९. बैंक खाता सम्बन्धी विवरण |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय, सम्बन्धित स्थानीय तहहरु |

## ख) शिक्षा विकास निर्देशनालयबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड

### २.३२ विषयगत शिक्षक समूह परिचालन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो |

| क.स. | शिर्षक | विवरण |
|---|---|---|
| १ | पृष्ठभूमि | सामुदायिक विद्यालयमा अङ्ग्रेजी, गणित र विज्ञान विषय अध्यापन गर्ने शिक्षकहरुको समूह परिचालन गरी, विषयगत शिक्षकहरुलाई बढीभन्दा बढी क्रियाशिल बनाइ पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलव्धीहरु हासिल गर्दै विषयगत सिकाइ उपलव्धी बृद्धि गर्न विद्यार्थीहरुलाई सक्षम बनाउने उद्देश्यले स्थानीय तहमा विषयगत शिक्षक समूह गठन भएका छन् । विषयगत शिक्षक समूह परिचालनलाई व्यवस्थित बनाइ स्थानीय तहहरुमा एकरुपता कायम गर्ने सम्बन्धमा समान बुझाइको विकास गरी प्रभावकारी रुपमा परिचालन गर्न यो कार्यक्रम समावेश गरिएको हो। |
| २ | कार्यक्रमको उद्देश्य | विषयगत शिक्षक समूह व्यवस्थित र प्रभावकारी रुपमा परिचालन गर्न सहयोग पुर्‍याउने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४ | बजेट बाँडफाँट | कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन, अनुगमन खर्च |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहायका गतिविधिहरु सञ्चालन गर्नुपर्नेछ।<br>**क. अङ्ग्रेजी, गणित र विज्ञान विषयको विषयगत शिक्षक समूह गठन एवम् परिचालन गर्नका लागि मापदण्ड, २०८०** मा देखिएका समस्या वा सुधार गर्नुपर्ने विषय सम्बन्धमा स्थानीय तहहरुसँग सुझाव संकलन गर्ने,<br>**ख.** आवश्यकता अनुसार मार्गदर्शनमा परिमार्जन,<br>ग. विषयगत शिक्षक समूह गठन एवम् परिचालन गर्नका लागि सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने, पत्राचार गर्ने ।<br>घ. समूह गठन भएका स्थानीय तहहरुको विवरण अध्यावधिक गर्ने,<br>**ङ.** स्थानीय तहका शिक्षा शाखा प्रमुख, सामाजिक विकास कार्यालय र विषयगत शिक्षक समूहका संयोजक/शिक्षक प्रतिनिधिहरुको प्रतिनिधिमुलक सहभागितामा प्रगती समिक्षा सहितको अन्तरक्रियात्मक कार्यक्रम आयोजना गर्ने ।<br>च. कार्यक्रम आयोजना गर्दा शैक्षिक सत्रको अन्त हुनु भन्दा कम्तिमा २ महिना अगाडि कार्यक्रम सञ्चालन गर्ने,<br>छ. कार्यक्रम प्रदेशस्तरीय वा भौगोलिक क्षेत्रगत रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाउने । |
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | क. विद्यालयहरुमा अङ्ग्रेजी, गणित र विज्ञान विषयका शिक्षकहरुको अनुभव आदान प्रदान समूहगत शैक्षिक क्रियाकलाप सञ्चालनमा आउने ।<br>ख. शैक्षणिक प्रविधिको प्रयोग गर्ने सीप विकास हुने । |
| ७ | पेश गर्नुपर्ने कागजहरु | विषयगत शिक्षक समूह परिचालन सम्बन्धी मार्गदर्शन<br>निर्णयका प्रतिलिपिहरु, खर्चका बिल भरपाइहरु र कार्यक्रम सम्पन्न प्रतिवेदन |
| ८ | अनुगमन | सामाजिक विकास तथा स्वास्थ मन्त्रालय, शिक्षा विकास निर्देशनालय |

## २.३३ असल अभ्यास प्रवर्द्धन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | पहिलो |

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रमको पृष्ठभूमि | शिक्षण सिकाइ सुधारका लागि विद्यालयहरुले सञ्चालन र प्रयोगमा ल्याएका असल र सफल अभ्यासहरुलाई अन्य विद्यालयहरुले अबलम्बन गरी विद्यालयका समग्र गतिविधिहरुमा सुधार ल्याउन र असल अभ्यास गरिरहेका विद्यालयहरुलाई प्रोत्साहन गरी प्रवर्द्धन गर्ने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २ | कार्यक्रमको उद्देश्य | असल शैक्षिक तथा अभ्यासहरुको प्रचारप्रसार, प्रयोग तथा प्रवर्द्धन गर्ने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईहरु,स्थानीय तहहरु र विद्यालयहरु । |
| ४ | बजेट बाँडफाँट | कार्यक्रम व्यवस्थापन र प्रकाशन ,बैठक भत्ता, समितिको खाजा/खाना खर्च, अनुगमन र प्रतिवेदन आदि । |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका गतिविधिहरु सञ्चालन गर्नुपर्नेछः<br>क. **सूचना प्रकाशनः** विद्यालयहरुले अबलम्बन गरेका असल एवम् अनुकरणीय अभ्यासहरुको संकलनका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन एवम् स्थानीय तहमा पत्राचार गरि विद्यालयसँग विवरण एबम् जानाकरीमूलक लेख रचनाहरु माग गर्ने ।<br>ख. **विवरण उपलब्ध गराउनेः** असल एबम् अनुकरणीय अभ्यासहरु सञ्चालन गरेका विद्यालयहरुले अनुसूची-२९ मा तोकिएको ढाँचामा तयार गरी पेश गर्ने<br>ग. **सिफारिस गर्नेः** (१) स्थानीय तहले आफ्नो स्थानीय तह भित्रका खण्ड (ख) बमोजिमको अभ्यास गरिहेका मध्येबाट निवेदन दिएका मध्ये उत्कृष्ट ३ वटा विद्यालयहरुको प्राथमिकता सहित सिफारिस गरी सूचनाको म्याद समाप्त भएको मितिले ७ दिन भित्र सिफारिस सहित शिक्षा विकास तथा समन्वय इकाइमा पठाउने। साथै अनुसूची-३० को ढाँचामा स्थानीय तह भित्र सञ्चालन भएका असल अभ्यास प्रकाशनका लागि जानकारीमूलक लेख पठाउने ।<br>**(२)** स्थानीय तहबाट सिफारिस भई आएका विद्यालयहरु मध्येबाट शिक्षा विकास तथा समन्वय इकाइले देहाय बमोजिमको सहभागितामा विद्यालय छनौट एवम् सिफारिस गरी शिक्षा विकास निर्देशनालयमा सिफारिस गरी पठाउने ।<br>१ इकाइ प्रमुख. शिक्षा विकास तथा समन्वय ईकाइ- संयोजक<br>२. कुनै एक स्थानीय तहको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुख- सदस्य<br>३. कार्यालय प्रमुख, सामाजिक विकास कार्यालय - सदस्य<br>नोटः शिक्षा युवा तथा खेलकुद शाखा प्रमुख र प्र.अ. संयोजकले मनोनयन गर्ने र यसरी मनोनयन गर्दा फरक फरक स्थानीय तहबाट मनोनयन गर्ने ।<br>**घ. प्रदेशस्तरीय विद्यालय छनौट समितिः** असल अभ्यास सञ्चालन गरेका विद्यालयका अभ्यासहरुको विवरण संकलन गरी सकेपश्चात तुलनात्मक रुपमा धेरै क्षेत्रमा असल अभ्यासहरु सञ्चालन गरेका विद्यालयहरुमध्येबाट जिल्लागतरुपमा कम्तिमा ३ वटा विद्यालयहरु छनोट गरी उक्त अभ्यासहरुको प्रकाशन गर्ने व्यवस्था मिलाउनका लागि देहाय बमोजिमको विद्यालय |

| | | |
|---|---|---|
| | | सिफारिस समिति गठन हुनेछ।<br>**प्रदेश स्तरीय सिफारिस समिति**<br>१. निर्देशक,योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय — संयोजक<br>२. मन्त्रालयले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि — सदस्य<br>३. निर्देशनालयले तोकेको माध्यमिक विद्यालयको प्र.अ. — सदस्य<br>४. अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- सदस्य सचिव<br>ङ. **असल अभ्यासहरुको प्रस्तुती**ः असल अभ्यास सिफारिस समितिले सिफारिस गरे बमोजिमका विद्यालयहरु र असल अभ्यास गर्न इच्छुक भएका विद्यालयहरु बीच अनुभव हस्तान्तरणका लागि प्रदेशस्तरीय कार्यक्रम सञ्चालन गर्ने ।<br>च. **असल अभ्यासहरुको सङ्ग्रह प्रकाशन**ः प्रदेश सरकारले शिक्षामा गरेको लगानी र प्रतिफल, शैक्षिक गुणस्तरका लागि मुख्य योजनाहरु, स्थानीय तह र विद्यालयहरुले अबलम्बन गरेका असल अभ्यासहरु समावेश गरी एउटा पुस्तिका प्रकाशन गरी सबै स्थानीय तहहरु समक्ष पुऱ्याउने व्यवस्था मिलाउनु पर्नेछ । |
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | विद्यालयहरुले सञ्चालन गरेका असल कार्यहरुको प्रस्तुतिको प्रचार प्रसार र प्रयोग भएको हुने । |
| ७ | पेश गर्नुपर्ने कागजहरु | १. विद्यालय छनौट सम्बन्धी कागजातहरु<br>२. प्रदर्शनी सञ्चालन सम्बन्धी कागजातहरु<br>३. पुस्तक प्रकाशन |
| ८ | अनुगमन | सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

२ ३४.अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १००० | पहिलो देखि तेस्रो |

| क्र.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रमको पृष्ठभूमि | गण्डकी प्रदेशभित्र स्थायी बसोबास भइ स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुलाई तह पूरा गर्न सहयोग एवम् प्रोत्साहन गर्न अपाङ्ग उच्च शिक्षा छात्रवृत्ति कार्यक्रमका लागि बजेट व्यबस्था भएको हो |
| २ | कार्यक्रमको उद्देश्य | उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा पूरा गर्न प्रोत्साहन गर्ने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, स्थानीय तहहरु र विद्यालयहरु |
| ४ | बजेट बाँडफाँट | विद्यार्थी छनौट, व्यवस्थापन र छात्रवृत्ति रकम । |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | परिभाषाः विषय वा अन्य प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>"अपाङ्गता भएका व्यक्ति" भन्नाले शारीरिक,मानसिक,बौद्धिक वा इन्द्रिय सम्बन्धी दीर्घकालिन अशक्तता,कार्यगत सिमितता वा विद्यमान अवरोधका कारण अन्य व्यक्ति सरह समान आधारमा पूर्ण र प्रभावकारी ढंगले सामाजिक जीवनमा सहभागी हुन बाधा भएका व्यक्ति सम्झनु पर्छ ।<br>"अपाङ्गता उच्च शिक्षा छात्रवृत्ति" भन्नाले स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्नका लागि क्याम्पस वा विश्वविद्यालयमा भर्ना भई अध्ययन सुरु गरेका अपाङ्ग विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाई बिचैमा छाड्ने समस्यालाई कम गर्नका लागि उपलब्ध गराइने प्रोत्साहन सम्झनु पर्दछ।<br>"उच्च शिक्षा" भन्नाले स्नातक र स्नातकोत्तर तहलाई सम्झनु पर्दछ ।<br>**क. सूचना प्रकाशनः** (१) छात्रवृत्ति प्रदान गर्नका लागि स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुसँग कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गरी तोकएका कागजात सहित निवेदन माग गरिनेछ।<br>(२) उपदफा (१) बमोजिमको सूचना मन्त्रालयको वेवसाइट वा अन्य विद्युतिय माध्यम तथा राष्ट्रिय स्तरको पत्रिकामा प्रकाशन गरिनेछ ।<br>**ख. निवेदन पेश गर्नेः** (१) स्नातक र स्नातकोत्तर तहमा अध्ययनरत अपाङ्ग विद्यार्थीहरुले सूचनाको म्याद भित्र अनुसूची ३१ को ढाँचामा शिक्षा विकास निर्देशनालयमा निवेदन पेश गर्नुपर्नेछ ।<br>ग. **छात्रवृत्ति रकम सम्बन्धमाः** छात्रवृत्ति बापतको रकम मूल्याङ्न समितिको सिफारिसका आधारमा दामासाहीले उपलब्ध हुनेछ ।<br>**घ. छात्रवृत्ति कोटा निर्धारणः** श्रेणी अनुसारको कोटा तथा रकम निर्धारण निवेदन सङ्ख्या र प्रकृतिका आधारमा मूल्याङ्कन समितिले गर्न सक्नेछ ।<br>**ङ. मूल्याङ्कन समितिः** प्राप्त निवेदनको अनुसूची-३२ बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी महानिर्देशक समक्ष सिफारिस गर्न देहाय बमोजिम समिति गठन हुनेछ ।<br>१. निर्देशक, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनलाय-संयोजक |

| | | |
|---|---|---|
| | | २. सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयका शिक्षा सेवाको अधिकृत प्रतिनिधी- सदस्य<br>३. अध्यक्ष, राष्ट्रिय अपाङ्ग महासंघ गण्डकी प्रदेश वा अध्यक्षले तोकेको महासंघको प्रतिनिधि- सदस्य<br>४. आर्थिक प्रशासन शाखा,शिक्षा विकास निर्देशनालय- सदस्य<br>५. योजना तथा कार्यक्रम शाखा,शिक्षा विकास निर्देशनालय-सदस्य सचिव<br>**च. छात्रवृत्ति रकम भुक्तानीः** छात्रवृत्ति बापतको रकम विद्यार्थीको बैङ्क खाता मार्फत एकमुष्ठ भुक्तानी दिनुपर्नेछ । |
| ६ | अपेक्षित उपलब्धि | उच्च शिक्षा अध्ययनरत अपाङ्गता भएका विद्यार्थीहरुलाई छात्रवृत्ति प्रदान गरी उच्च शिक्षा पूरा गर्न प्रोत्साहन भएको हुनेछ । |
| ७ | पेश गर्नुपर्ने कागजहरु | • अनुसूची ३१ अनुसारको निवेदन,<br>• नागरिकताको प्रमाणपत्रको प्रतिलिपी,<br>• भर्ना भएको प्रमाण खुल्ने र दोहोरो छत्रवृत्ति प्राप्त नगरेको भन्ने व्यहोराको सम्बन्धित शिक्षण संस्थाको प्रमाणित पत्र,<br>• अपाङ्गता परिचयपत्रको प्रतिलिपी,<br>• निवेदन पेश गरेको तह भन्दा तल्लो तहको शैक्षिक योग्यताको प्रमाणपत्रहरुको प्रतिलिपी<br>• सम्बन्धित विद्यार्थीको नाममा भएको बैंक विवरण (चेकको पत्ता) |
| ८ | अनुगमन | सामजिक विकास तथा स्वास्थ्य मन्त्रालय र शिक्षा विकास निर्देशनालय |

### २.३५ शैक्षिक तथ्याङ्क संकलन र प्रकाशनः

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक | १ | ५०० | दोस्रो र तेस्रो |

| क्र.स. | शिर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रमको पृष्ठभूमि | विभिन्न तहमा बन्ने योजना र नीतिलाई तथ्यमा आधारित बनाउन सूचनाको महत्वपूर्ण भूमिका रहन्छ। शिक्षासम्बन्धी विकेन्द्रित अधिकार बमोजिम शैक्षिक योजना निर्माण एवम् कार्यान्वयनलाई समय सापेक्ष, वैज्ञानिक, गुणस्तरीय, प्रतिस्पर्धी बनाई शिक्षा सम्बद्ध सबै संघसंस्थाहरुलाई योजना निर्माण गर्न मार्गदर्शन हुने उद्देश्यले शिक्षा सम्बन्धी विवरणहरुलाई एकिकृत रुपमा तयार गरी प्रकाशन समेत गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २ | कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशको एकिकृत शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन गर्ने । |
| ३ | कार्यक्रम कार्यन्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाईहरु,स्थानीय तहहरु र विद्यालयहरु । |
| ४ | बजेट बाँडफाँट | तथ्याङ्क संकलन, एकिकृत र विश्लेषणसँग सम्बन्धित काम र छपाइ खर्च |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका गतिविधिहरु सञ्चालन गर्नुपर्नेछः<br>क. नेपाल सरकार संघ सशर्त अनुदान तर्फको कार्यक्रम र यो कार्यक्रम समेतलाई मिलान गरी शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगको समन्वयमा स्थानीय तहका शिक्षा युवा तथा खेलकुद शाखाका कर्मचारीहरुलाई तथ्याङ्क व्यवस्थापन सम्बन्धमा क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन गर्ने ।<br>ख. **तथ्याङ्कका क्षेत्र निर्धारण एवम् प्रकाशन सिफारिस समितिः** विद्यालय शिक्षा देखि उच्च शिक्षा सम्मका तथ्याङ्क संकलन एवम् विश्लेषण गर्नका लागि निर्देशनालयमा एक समिति गठन हुनेछ ।<br>**प्रदेश स्तरीय तथ्याङ्क व्यवस्थापन समिति**<br>१. निर्देशक, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- संयोजक<br>२. मन्त्रालयले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि- सदस्य<br>३. महानिर्देशकले तोकेको स्थानीय तह शिक्षा शाखा प्रमुख- सदस्य<br>४. अधिकृत,योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय-सदस्य सचिव<br>ग. **तथ्याङ्क** संकलनः प्रदेशस्तरी तथ्याङ्क व्यवस्थापन समितिले विद्यालय स्तरीय तथ्याङ्क संकलन एवम् एकिकृत गर्ने कार्यका लागि शिक्षा तथा मानव स्रोत विकास केन्द्रसँगबाट User Name र Password प्राप्त गरी IEMIS System बाट प्राप्त गरी एकिकृत गर्ने। उक्त प्रणालीबाट प्राप्त हुन नसक्ने सूचना एवम् विवरणहरु शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरुसँग पत्राचार गरी प्राप्त गर्ने व्यवस्था मिलाउने ।<br>घ. उच्च शिक्षा सम्बन्धी विवरण विश्वविद्यालय अनुदान आयोग र गण्डकी विश्वविद्यालयबाट प्राप्त गर्ने । आवश्यकता अनुसार सामुदायिक क्याम्पस सम्बन्धी सूचनाहरु क्याम्पसहरुसँग प्रत्यक्ष एवम् समन्वय गरी संकलन एवम् व्यवस्थापन गर्ने। प्राविधिक शिक्षा सम्वन्धी र सामुदायिक तथा सार्वजनिक पुस्तकालयहरुको तथ्याङ्क अद्यावधिक गर्ने व्यवस्था मिलाउने । |

| | | |
|---|---|---|
| | | **ङ.** तथ्याङ्कको **प्रकाशनः** एकिकृत रुपमा शैक्षिक सूचना तथा अभिलेखहरु समावेश भएको पुस्तिका प्रकाशन गरी सबै स्थानीय तहहरुमा पुऱ्याउने । |
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | गण्डकी प्रदेशको एकिकृत शैक्षिक तथ्याङ्क संकलन, विश्लेषण र प्रकाशन भै सरोकारवाला समक्ष पुगेको हुनेछ । |
| ७ | पेश गर्नुपर्ने कागजहरु | तथ्याङ्क व्यवस्थापन सम्वन्धी विवरण, तथ्याङ्क पुस्तिका प्रकाशन र अन्य बील भरपाईहरु |
| ८ | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय |

## २३.६ शिक्षक तथा विद्यार्थी प्रतिभा पहिचान तथा प्रोत्साहन पुरस्कार

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | १५०० | पहिलो |

| क्र.सं. | शीर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | यस प्रदेशमा सञ्चालित (सामुदायिक र संस्थागत) विद्यालयमा अध्यापन गर्ने शिक्षक तथा अध्ययन गर्ने विद्यार्थीहरुमा रहेको अन्तर्निहित प्रतिभा तथा क्षमताको पहिचान, विकास र प्रस्फुटन गर्न गराउनका लागि शिक्षक तथा विद्यार्थीलाई प्रोत्साहित गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | शिक्षक तथा विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचान गरी उत्कृट शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहित गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाई, सामाजिक विकास कार्यालयहरु |
| ४ | बजेट बाँडफाँड | प्रतिभा प्रस्फुटनसँग सम्बन्धिका कार्यका खर्चहरु (बैठक व्यवस्थापन, कार्यक्रम सञ्चालन व्यवस्थापन, प्रतिभा मूल्याङ्कन, पुरस्कार, प्रतिवेदन) |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | विद्यार्थी एवम् शिक्षकहरुको प्रतिभा पहिचान एवम् प्रोत्साहनका लागि देहाय बमोजिम कार्यक्रम सञ्चालन गरिने छ ।<br>क. **प्रतिभा पहिचानका क्षेत्रहरु निर्धारणः** शिक्षक एवम् विद्यार्थीको प्रतिभा देहाय बमोजिमको क्षेत्रमा आधारित भई सञ्चालन गरिनेछ ।<br>१. **विद्यार्थीहरुको प्रतिभा पहिचानः**<br>• गीत, रचना, गायन र नृत्य<br>• वक्तृत्वकला प्रतियोगिता र<br>• प्रदेशस्तरीय व्यवस्थापन समितिको निर्णयले निर्धारण गरेका अन्य क्षेत्रहरु<br>२. **शिक्षकहरुको प्रतिभा पहिचान**<br>• वक्तृत्वकला र संगीत (नृत्य)<br>**ख. कार्यक्रम सञ्चालन** : प्रतिभा छनौटका लागि जिल्ला स्तर र प्रदेशस्तरमा गरी दुई चरणमा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।<br>**अ. जिल्ला स्तरीय कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समितिः** जिल्ला स्तरमा कार्यक्रम सञ्चालन एवम् ब्यबस्थापनका लागि देहाय बमोजिम एक समिति रहनेछः<br>१. शिक्षा विकास तथा समन्वय इकाई प्रमुख- संयोजक<br>२. क्षेत्रगत विज्ञ एक/एक जना सदस्य(संयोजकले मनोनित गरेको)<br>३. सामाजिक विकास कार्यालयको प्रमुख- सदस्य सचिव<br>**आ. समिति बैठक एवम् जिम्मेवारी**<br>समितिको बैठक समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>१. जिल्ला स्तरीय कार्यक्रम सञ्चालन गर्नुपूर्व स्थानीय तहबाट प्रतिभाहरु पहिचान गरी सिफारीस गरी पठाउनका लागि स्थानीय तहहरुसँग समन्वय गरी जिल्ला स्तरीय प्रतियोगितामा सहभागी हुनेहरुको विवरण |

| | | |
|---|---|---|
| | | तयार गर्ने,<br>२. बजेटको सिमा भित्र रही कार्यक्रम सञ्चालनको ढाँचा तयार गर्ने तथा प्रदान गरीने पुरस्कार रकम निर्धारण, प्रमाणपत्रका विषयमा निर्णय गर्ने,<br>३. विधागत रुपमा जिल्लास्तरीय प्रतियोगिता सम्पन्न गरी प्रथम भएका प्रतियोगिलाई प्रदेश स्तरको प्रतियोगितामा सहभागिताका लागि प्रतियोगिता सम्पन्न भएको ७ दिन भित्र शिक्षा विकास निर्देशनालय समक्ष सिफारीस गरी पठाउने,<br>४. प्रतियोगिता सञ्चालन सम्बन्धी प्रतिवेदन तयार गरी प्रतियोगिता सम्पन्न भएको मितिले ७ दिन भित्र समग्र प्रतिवेदन तयार गरी शिक्षा विकास निर्देशनालयमा पठाउने,<br>५. कार्यक्रम सञ्चालन तथा व्यवस्थापनसँग सम्बन्धित समितिले आवश्यक ठानेका अन्य कार्यहरु गर्ने।<br>**इ.प्रदेश स्तरीय कार्यक्रम सञ्चालन एवम् ब्यवस्थापन** : प्रदेश स्तरीय कार्यक्रम संञ्चालन शिक्षा विकास निर्देशनालयले गर्नेछ ।प्रदेशस्तरीय कार्यक्रम सञ्चालन एवम् व्यवस्थापन सम्वन्धी कार्यका लागि देहाय बमोजिम एक समिति रहनेछ ।<br>१. महानिर्देशक, शिक्षा विकास निर्देशनालय -संयोजक<br>२. महाशाखा प्रमुख, उच्च शिक्षा तथा संस्कृति महाशाखा, सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय- सदस्य<br>३. शाखा प्रमुख, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख, शिक्षा विकास निर्देशनालय —सदस्य<br>५. अधिकृत, योजना तथा कार्यक्रम शाखा,शिक्षा विकास निर्देशनालय-सदस्य सचिव<br>**समितिको कार्य विवरण र कार्यक्रमको ढाँचा :**<br>१. जिल्लास्तरीय प्रतिभा पहिचान सञ्चालनको समयावधि निर्धारण गरी सामाजिक विकास कार्यालयहरुलाई सहजीकरण गर्ने,<br>२. प्रदेश स्तरीय प्रतियोगिता सञ्चालनको मिति र स्थान निर्धारण,<br>३. प्रतिभा मूयाङ्गन समिति गठन एवम् मूल्याङ्गनका आधारहरु निर्धारण,<br>४. पुरस्कार रकम निर्धारण एवम् प्रमाणपत्र वितरणको व्यबस्थापन,<br>५. जिल्ला र प्रदेश स्तरीय प्रतियोगिता सञ्चालनका शर्तहरु निर्धारण गर्ने,<br>६. शिक्षकको प्रतिभा पहिचानका लागि बक्तृत्वकलाको शीर्षक निर्धारण गर्नुका साथै नवप्रवर्तनात्मक कार्यका लागि विषयगत क्षेत्र निर्धारण गर्ने,<br>७. समितिले आवश्यक ठानेका अन्य कार्यहरु<br>**घ. पुरस्कारः** पुरस्कार रकमको सिमा जिल्लास्तरीय प्रतियोगिताका लागि जिल्लास्तरीय समितिले र प्रदेशस्तरीय प्रतियोगिताका लागि प्रदेशस्तरीय समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>१. जिल्ला स्तरमा सञ्चालन हुने प्रतियोगिताका लागि विधागत रुपमा प्रथम द्धितिय र तृतिय स्थान हासिल गर्ने प्रतियोगिहरुलाई नगद पुरस्कार र |

| | | |
|---|---|---|
| | | प्रमाणपत्र प्रदान गर्नुका साथै सम्बन्धित विद्यालयलाई प्रशंसापत्र उपलब्ध गराउनु पर्नेछ ।<br>२. प्रदेशस्तर सञ्चालन हुने प्रतियिगताका लागि विधागत रुपमा प्रथम, द्धितिय र तृतिय स्थान प्राप्त गर्ने प्रतियोगिलाई नगद पुरस्कार र प्रमाणपत्र एवम् प्रशंसापत्र उपलब्ध गराउनुपर्ने छ ।<br>**ङ. सहभागिले प्राप्त गर्ने सुविधाः** जिल्ला स्तरमा सञ्चालन हुने कार्यक्रमको लागि सम्बन्धित सामाजिक विकास कार्यालय मार्फत र प्रदेशस्तरमा सञ्चालन हुने प्रतियोगितामा जिल्लाबाट छनौट भएका विद्यार्थी र विद्यार्थीका शिक्षकलाई निर्देशनालयले आतेजाते र न्यूनतम निर्वाह खर्च कार्यक्रमको समयमा उपलब्ध गराउने । |
| ६. | अपेक्षित उपलब्धि प्रतिफल | शिक्षक तथा विद्यार्थीहरुको अन्तरनिहित प्रतिभा पहिचान भै उत्कृट शिक्षक तथा विद्यार्थीहरुलाई प्रोत्साहन पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | - प्रतियोगिता सञ्चालन तथा व्यवस्थापन समितिका निर्णयहरु<br>- सहभागी उपस्थिति लगायतका कागजातहरु<br>- अन्य विल भरपाई समेतको अन्य आवश्यक कागजातहरु<br>- फोटा सहितको प्रतिवेदन। |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय |

## २.३७ सहिद दिलबहादुर रम्तेल स्मृति छात्रवृत्ति कार्यक्रम (उच्च शिक्षा प्रोत्साहन छात्रवृत्ति)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | पटक | १ | २००० | तेस्रो |

| क.सं. | शिर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | यस प्रदेश भित्र स्थायी बसोबास गर्ने नेपाली नागरिक मध्ये एम.बि.बि.एस., लगायत प्राविधिक विषयमा उच्च शिक्षा अध्ययन गर्दै गरेका सहिद, बेपत्ता, द्वन्द पिडित एवम् जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित र गरीब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययनका लागि प्रोत्साहन गर्न सहिद दिल बहादुर रम्तेल स्मृति छात्तवृत्ति कार्यक्रमका लागि बजेट ब्यवस्था गरिएको छ । |
| २ | कार्यक्रमको उद्देश्य | शहिद र वेपत्ता परिवारका छोराछोरी, द्वन्द्वपिडित, जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा गरिब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन पूरा गर्न प्रोत्साहित गर्ने । |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय |
| ४ | बजेट बाँडफाड | सूचना प्रकाशन, निवेदन मूल्याङ्कन, छात्रवृत्ति रकम र व्यवस्थापन |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | **क.** परिभाषा- विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस मापदण्डमा,<br>१. **शहिद** भन्नाले राज्यले शहिद भनि घोषणा गरेका व्यात्तिलाई जनाउँदछ।<br>२. **बेपत्ता परिवार** भन्नाले सशस्त्र द्वन्द्व र मधेश आन्दोलनका क्रममा बेपत्ता भएका वा पारिएका व्यात्तिका परिवारलाई बुझाउँदछ।<br>३. **द्वन्द्व पिडीत** भन्नाले सशस्त्र जनयुद्वमा ज्यान गुमाएका र घाइतेका परिवार वा छोराछोरिलाई जनाउँछ।<br>४. **जनआन्दोलनका घाइते** भन्नाले वि.सं. २०६२/२०६३ को जनआन्दोलनमा घाइते भएका व्यात्तिलाई सम्झनु पर्दछ।<br>५. **मेडिकल कलेज** भन्नाले विभिन्न विश्वविद्यालयहरुबाट मेडिकल कलेज रुपमा सम्बन्धन वा अनुमति पाएका संस्थालाई सम्झनु पर्दछ । यसले एमविविएस कक्षा संचालन गर्ने अन्य स्वास्थ्य विज्ञान प्रतिष्ठानलाइ समेत जनाउनेछ।<br>६. **दलित विद्यार्थी** भन्नाले कानून बमोजिम दलित भनी तोकिएका जातिका विद्यार्थीलाई सम्झनु पर्दछ ।<br>७. **गरिव विद्यार्थी** भन्नाले सम्बन्धित स्थानीय तहले गरिब हो भनि किटानी साथ सिफारिश गरेका विद्यार्थीलाई सम्झनु पर्दछ।<br>८. **प्रोत्साहन छात्रवृत्ति** भन्नाले एमविविएस लगायतका स्नातक तहमा प्राविधिक विषय अध्ययन गर्नका लागि विश्वविद्यालयमा भर्ना भई अध्ययन गरिरहेका विद्यार्थीहरुको अध्ययनका लागि चाहिने खर्चको अभावमा अध्ययनलाइ बिचैमा छाड्न नपरोस भनि उपलब्ध गराइने थप सहायता रकम सम्झनु पर्दछ ।<br>९. **उच्च प्राविधिक शिक्षाः** छात्रवृती व्यावस्थापनका लागि स्नातक तहमा |

एमविविएस, बिडिएस, बिएन, बिएससी नर्सिङ, इन्जिनियरिङ वन विज्ञान, कृषि र पशु विज्ञान विषयहरु सम्झिनु पर्दछ ।

**ख. सूचना प्रकाशनः** छात्रवृत्ति प्रदान गर्नका लागि यसभन्दा अघि प्रदेश सरकार सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र मातहतका कार्यालयबाट र अन्य स्रोतबाट छात्रवृत्ति नपाएका विद्यार्थीहरुका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना निर्देशनालयको वेभसाइट, अन्य विद्युतिय माध्यम र राष्ट्रियस्तरको पत्रिकामा प्रकाशन गरी तोकिएका कागजात सहित निवेदन माग गर्ने ।

**ग. निवेदन पेश गर्ने स्थानः** अनुसुची-३३ को ढाँचामा शिक्षा विकास निर्देशनालयमा पेश गर्नु पर्नेछ ।

- नागरिकताको प्रमाणपत्र,
- दलित जाति खुल्ने प्रमाणित कागजातको प्रतिलिपि,
- शहिद वेपत्ता परिवारको विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु,
- जनआन्दोलनका घाइते र द्वन्द्वपिडित खुल्ने प्रमाणित कागजात र स्थानीय तहको किटानी सिफारीस पत्र,
- भर्ना भएको प्रमाण खुल्ने र अन्यत्रबाट छात्रवृत्ति नपाएको भन्ने क्याम्पसको प्रमाणित पत्र,
- कक्षा १२ उत्तिर्ण प्रमाणपत्रको प्रतिलिपी
- SLC/ SEE र कक्षा १२ सामुदायिक विद्यालयमा अध्ययन गरेको भए सम्बन्धित जिल्लाको शिक्षा विकास तथा समन्वय इकाईबाट प्रमाणित सिफारिस
- आर्थिक अवस्था कमजोर भएका गरिब विद्यार्थी भएमा निजको आर्थिक अवस्था खुल्ने गरी स्थानीय तहको सिफारिस पत्र
- लोपोन्मुख तथा अल्पसंख्यक जातिका विद्यार्थी भएमा सो खुल्ने प्रमाणित कागजातहरु

**घ. छात्रवृत्ति रकम सम्वन्धमाः** छात्रवृत्ति वापतको रकम देहाय बमोजिम उपलब्ध गराउनु पर्नेछ।

अ. एमविविएस कार्यक्रमका लागि प्रति विद्यार्थी एकमुष्ट दुई लाख रुपैंया

आ. तोकिएका अन्य प्राविधिक बिषयका लागि प्रति विद्यार्थी एकमुष्ट पचास हजार रुपैया

**ङ. छात्रवृत्ति कोटा वितरणः** एमविविएस- ५ (पाँच) र अन्य प्रविधिक विषय- १९ (उन्नाइस)।

**च. मूल्याङ्कनः** प्राप्त भएका निवेदनहरुको अनुसूची-३४ बमोजिमका आधारहरुमा मूल्याङ्कन गरी महानिर्देशक समक्ष सिफारीस गर्न निर्देशनालयमा देहाय बमोजिमको एक समिति गठन हुनेछ।

- संयोजकः निर्देशक, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय
- सदस्यः मन्त्रालयले तोकेको अधिकृत प्रतिनिधि
- सदस्यः मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले तोकेको अधिकृत प्रतिनिधि
- सदस्य सचिवः शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास

| | | |
|---|---|---|
| | | निर्देशनालय<br>**छ. छात्रवृत्ति रकम भुक्तानीः** छात्रवृत्ति प्राप्तीका लागि स्वीकृत भएका विद्यार्थीहरुको खातामा रकम भुक्तानी दिनुपर्नेछ । |
| ६. | अपेक्षित उपलब्धि प्रतिफल | शहिद र वेपत्ता परिवारका छोराछोरी, द्वन्द्वपिडित, जनआन्दोलनका घाइते, लोपोन्मुख, अल्पसंख्यक, दलित तथा गरिब परिवारका विद्यार्थीहरुलाई उच्च शिक्षा अध्ययन पूरा गर्न प्रोत्साहन पुगेको हुनेछ । |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | सम्बन्धित विद्यार्थीको बैंक खाता विवरण (चेकको फोटोकपी) |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, शिक्षा विकास निर्देशनालय पोखरा । |
| | | |

### २.३८ शैक्षिक प्रदर्शनी

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ | १ | ६०० | दोस्रो, तेस्रो र चौथो |

| क.स. | शिर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | शिक्षण सिकाइ क्रियाकलाप सहजता पुर्वक सञ्चालन गर्न आवश्यक पर्ने सिकाइ सामाग्री तथा प्रविधिसँग सम्बन्धित रही तयार भएका तथा सिकाइलाई सहज र व्यवहारिक तुल्याउन सहयोग गर्नका लागि शिक्षक तथा विद्यार्थीहरुबाट निर्मित र संकलित सिकाइ सामाग्रीको संवर्द्धन तथा प्रचार प्रसारका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २ | कार्यक्रमको उद्देश्य | शिक्षण सिकाइमा नयाँ प्रविधिसँग प्रत्यक्ष साक्षात्कार गराई बालबालिकामा अन्तर्निहित सिर्जनशीलता जागृत गराउँदै सिकाइलाई जीवन्त व्यबहारिक र अर्थपूर्ण बनाउदै शैक्षिक गुणस्तर सुधार र उपलब्धी वृद्धि गर्ने । |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय, सामाजिक विकास कार्यालयहरु |
| ४ | बजेट बाँडफाड | कार्यक्रम संचालन एवं व्यवस्थापन, पुरस्कार लगायतका खर्चहरु |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | यो कार्यक्रम सञ्चालनका लागि देहाय बमोजिमका कार्यहरु सञ्चालन गर्नुपर्ने छ।<br>**क. सूचना प्रकाशनः** शिक्षक एवम् विद्यार्थीले आफुले निर्माण गरेका नमूना योग्य एबम् अनुकरणीय सिकाइ सामाग्री प्रचार प्रसार तथा प्रवर्द्धनका लागि कम्तिमा २१ दिनको सार्वजनिक सूचना प्रकाशन गर्ने ।<br>**ख. सामग्री मूल्याङ्कनको क्षेत्रः** शैक्षिक प्रदर्शनीमा सामग्री मूल्याङ्कनको क्षेत्र देहाय बमोजिम हुनेछ ।<br>१. विज्ञान र प्रविधि<br>२. गणित<br>३. सामाजिक क्षेत्र (भाषा, कला, साहित्य, संस्कृति, पुरात्त्व)<br>**ग. निवेदन संकलनः** शिक्षक र विद्यार्थीले आफूले निर्माण गरेका र गर्न सक्ने सामग्रीहरु प्रदर्शन गर्न चाहेमा सम्बन्धित विद्यालय र स्थानीय तहको सिफारिस र अनुसुची-३५ बमोजिमको ढाँचामा सामाजिक विकास कार्यालय वा शिक्षा विकास निर्देशनालयमा निवेदन दिनुपर्नेछ । निवेदन संकलन ईमेलबाट पनि पठाउन सक्ने व्यवस्था निर्देशनालयले मिलाउनु पर्नेछ ।<br>**घ. सामग्रीका विशेषताहरुः** प्रदर्शनका लागि पेश निर्माण भएका वा निर्माण हुने सामग्रीहरु देहाय बमोजिम हुनुपर्नेछ ।<br>१. शिक्षक वा विद्यार्थी स्वयमले वा एउटै विद्यालयका विद्यार्थीको समूहले निर्माण गरेको हुनुपर्नेछ ।<br>२. विद्यालय शिक्षाको शैक्षिक सामग्रीको रुपमा प्रयोग गर्न मिल्ने प्रकृतिको हुनुपर्नेछ ।<br>३. स्थानीय स्तरमा उपलव्ध हुने सामग्रीबाट निर्माण गरिएको हुनुपर्नेछ ।<br>४. सजिलै देख्न सकिने आकारमा निर्माण भएको हुनुपर्नेछ,<br>५. सामाजिक क्षेत्रका सामग्रीहरुले कुनै भूगोल, धर्म, जाती, सम्प्रदाय, परम्परा र संस्कारमा खलल पुग्ने खालको हुनु हुँदैन् । |

| | | |
|---|---|---|
| | | **ङ. सहभागीलाई जानकारी गराउनुपर्नेः** सूचनाको म्यादभित्र प्राप्त निवेदनहरुको गरी क्षेत्रगत रुपमा एकिकृत सूची तयार गरी सूचनाको म्याद समाप्त भएको मितिले ७ दिन भित्र उक्त विवरण निर्देशनालयको वेवसाइट मार्फत जानकारी गराउनुपर्नेछ भने कार्यक्रम सञ्चालन हुनुभन्दा १० दिन अगावै सम्बन्धित व्यक्ति वा समूहको संयोजकलाई सो सम्बन्धमा पत्राचार र टेलिफोन दुवै माध्यमले जानकारी गराई सहभागिको एकिन विवरण तयार गर्नुपर्नेछ ।<br>**च. कार्यक्रम सञ्चालनः** कार्यक्रम सञ्चालन गर्दा कुनै पनि परीक्षा सञ्चालन नहुने समय र वार्षिक परीक्षा सञ्चालन हुनुभन्दा २ महिना अगावै सम्पन्न गर्नुपर्नेछ साथै सहभागिको सङ्ख्या र स्रोत समेतलाई आधार मानि सकेसम्म शिक्षक र विद्यार्थीको प्रर्दशनी एकै दिनमा सञ्चालन गर्नुपर्नेछ । कार्यक्रम सञ्चालन सम्बन्धमा सबै स्थानीय तहहरु र स्थानीय तह मार्फत विद्यालयहरुलाई जानकारी गराउनु पर्नेछ ।<br>**छ. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन समिति गठन एवम् समितिको कार्य विविरणः** कार्यक्रम प्रभावकारी रुपमा सञ्चालन तथा व्यवस्थापन गर्ने कार्यका लागि देहाय बमोजिमको एक समिति गठन गर्नुपर्नेछ ।<br>१. निर्देशक,योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय- संयोजक<br>२. मन्त्रालयले तोकेको शिक्षा सेवाको अधिकृत प्रतिनिधि- सदस्य<br>३. निर्देशनालयले तोकेको शिक्षा विकास तथा समन्वय इकाई प्रमुख- सदस्य<br>४. शाखा अधिकृत, योजना तथा कार्यक्रम शाखा, शिक्षा विकास निर्देशनालय-सदस्य सचिव<br>**समितिको कार्यविवरणः**<br>१. प्रर्दशनी सञ्चालन एवम् व्यवस्थापन,<br>२. आवश्यकता अनुसार मन्त्रालय, शिक्षा विकास तथा समन्वय इकाइ र स्थानीय तहहरुसँग समन्वय गर्ने,<br>३. कार्यक्रम सञ्चालनको मिति समय र स्थान निर्धारण गर्न महानिर्देशक समक्ष सिफारिस गर्ने,<br>४. क्षेत्रगत रुपमा मूल्याङ्कनकर्ता छनौट,<br>५. पुरस्कार रकम निर्धारण,<br>६. सहभागी यातायात खर्च लगायत अन्य सुविधाहरु निर्धारण गर्ने।<br>**ज. समिक्षा एवम् प्रतिवेदनः** कार्य सम्पन्न भईसकेपश्चात मन्त्रालय समेतको सहभागितामा समिक्षा गर्ने र समग्र प्रतिवेदन तयार गर्ने । |
| ६. | अपेक्षित उपलब्धि प्रतिफल | • नविनतम सिकाइ प्रविधिको प्रयोग हुने ।<br>• सिकाइ उपलब्धी वृद्धि गर्न सहयोग पुग्ने ।<br>• सिकाइलाई जीवन्त,व्यबहारिक र दिगो बनाउन सहयोग पुग्ने।<br>• अन्तर्निहित प्रतिभा प्रस्फुटन एबम् गरेर सिक्ने बानिमा थप सहयोग पुग्ने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | सिफारिस समितिको निर्णयको प्रतिलिपी, कार्यक्रमका विल भरपाईहरु, शैक्षिक प्रदर्शनी गर्दै गरेका फोटाहरु, तथा प्रतिवेदन । |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ मन्त्रालय , शिक्षा विकास निर्देशनालय |

## २.३९ आधारभूत तहको परीक्षा व्यबस्थापन सम्बन्धि अभिमुखीकरण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | १ | १ | ६०० | दोस्रो |

| क्र.स. | शिर्षक | विवरण |
|---|---|---|
| १ | कार्यक्रमको पृष्ठभूमि | संघियता कार्यन्वयनसँगै माध्यमिक तहसम्मको शिक्षाको जिम्मेवारी स्थानीय तहमा रहेकोछ । स्थानीय तहहरुले आ-आफ्नै तवरबाट आधारभूत तहका परीक्षाहरु सञ्चालन एवं व्यबस्थापन गर्दै आएका छन् । परीक्षा प्रणालीलाई प्रदेशभर एकरुपता कायम गर्दै मर्यादित,व्यवस्थित एवं विश्वासनिय तवरबाट सम्पन्न गर्न स्थानीय तहहरुलाई सहज होस् भन्नका लागि मन्त्रालयबाट स्वीकृत निर्देशिका अभिमुखीकरण गर्न यो कार्यक्रम समावेस गरिएको छ । |
| २ | कार्यक्रमको उद्देश्य | आधारभूत तहको परीक्षा सञ्चालन तथा व्यबस्थापन सम्बन्धमा अभिमुखीकरण गरी व्यवस्थित र मर्यादित रुपमा परीक्षा सञ्चालन गर्न गराउन स्थानीय तहको क्षमता विकास गर्ने । |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय, स्थानीय तहहरु । |
| ४ | बजेट बाँडफाँड | कार्यक्रम सञ्चालनसँग सम्बन्धित खर्च |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयबाट स्वीकृत भएको निर्देशिका सम्बन्धमा स्थानीय तहका शिक्षा युवा तथा खेलकुदा शाखाका कर्मचारीहरुलाई अभिमुखीकरण सञ्चालन गर्ने । |
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | आधरभूत तह कक्षा- ८ को परीक्षा सञ्चालन तथा व्यवस्थापनमा एकरुपता आउने । |
| ७ | पेश गर्नुपर्ने कागजातहरु | सहजीकरणका विषयवस्तुहरु, सहभागि उपस्थिति विवरण, खर्चका बील भरपाई र प्रतिवेदन |
| ८ | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र शिक्षा विकास निर्देशनालय |

## २.४० एसईई परीक्षाको प्रश्न बैंक निर्माणका लागि विषयगत शिक्षक कार्यशाला

| खर्च शीर्षक | | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|---|
| २२५२२ | | पटक | १ | १००० | पहिलो |
| क्र.स. | शिर्षक | विवरण | | | |
| १ | कार्यक्रमको पृष्ठभूमि | संघियता कार्यान्वयनसँगै माध्यमिक शिक्षा परीक्षा (कक्षा -१०) को अन्तिममा हुने एसईई परीक्षालाई शिक्षा विकास निर्देशनालय, गण्डकी प्रदेशबाट सञ्चालन गर्नका लागि मर्यादित, व्यवस्थित रुपमा प्रदेशस्तरमा सञ्चालन गर्न गराउनका लागि विषयगत प्रश्नबैंक (प्रश्नपत्र र उत्तरकुञ्जिका) निर्माण गर्न र विषयगत शिक्षकहरुलाई प्रश्नपत्र निर्माणको सम्बन्धमा ज्ञान, सीप र क्षमता विकासका लागि यो कार्यक्रम राखिएको हो । | | | |
| २ | कार्यक्रमको उद्देश्य | शिक्षकहरुमा भएको दक्षता र विज्ञताको उपयोग गरी पाठ्यक्रमले निर्दिष्ट गरेका सक्षमताहरु प्राप्त हुने गरी सम्बन्धित विषयका प्रश्नबैंक निर्माण गर्न शिक्षकहरुको क्षमता विकास भई स्तरीकृत प्रश्नबैंक निर्माण हुने । | | | |
| ३ | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | शिक्षा विकास निर्देशनालय, शिक्षा विकास तथा समन्वय इकाइ | | | |
| ४ | बजेट बाँडफाड | क्षमता विकास र कार्यशाला सञ्चालनसँग सम्बन्धित कार्यका लागि खर्च | | | |
| ५ | सञ्चालन गरिने क्रियाकलाप | विषयगत शिक्षकहरुलाई सहभागी गराउनका लागि निम्न अनुसारका कार्यक्रमहरु सञ्चालन गर्नुपर्नेछ-<br>**क. पत्राचारः** सबै जिल्ला र माध्यमिक तह (कक्षा ९-१०) मा पढाई हुने सबै मूल विषयका शिक्षकहरु सहभागी हुने गरी शिक्षा विकास तथा समन्वय इकाइहरु मार्फत खण्ड **ख** मा उल्लेखित बमोजिमका आधारहरु पुगेका शिक्षकहरु मध्येबाट सहभागी गराउने व्यवस्थाका लागि सिफारिस गर्न पत्राचार गर्ने ।<br>**ख. सहभागिको न्युनतम योगयताः**<br>• स्थायी शिक्षकका रुपमा कम्तीमा पाँच वर्ष काम गरी सम्बन्धित विषय अध्यापन गर्दै आइरहेको ।<br>• एसइइ परीक्षाको उत्तरपुस्तिका परीक्षण तथा संपरीक्षणको कार्य गरेको।<br>• कुनै पनि प्रकारको विभागिय सजाय नपाएको ।<br>**ग. कार्यक्रम सञ्चालनः** कार्यक्रम सञ्चालनलाई दुई खण्डमा विभाजन गरी सञ्चालन गर्नुपर्नेछ। राष्ट्रिय परीक्षा बोर्ड, परीक्षा नियन्त्रण कार्यालय, कक्षा-१० सानोठिमी, भक्तपुरसँग समन्वय गरी विषयविज्ञ शिक्षकहरुद्वारा सहजीकरण गर्ने व्यवस्था मिलाउनुपर्नेछ ।<br>१. **क्षमता विकासः** कक्षा १० को परीक्षा र प्रश्नपत्र एवम् उत्तरकुञ्जिका निर्माणका लागि १ दिनको क्षमता विकास सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने<br>२. **कार्यशाला सञ्चालनः** विषयगत रुपमा फरक फरक समूहभा सहभागिको विभाजन गरी कार्यशाला सञ्चालन गर्ने ।<br>**घ. समीक्षा र प्रतिवेदनः** कार्य सम्पन्न भईसकेपश्चात मन्त्रालय समेतको सहभागितामा समिक्षा गर्ने र समग्र प्रतिवेदन तयार गर्ने | | | |

| | | |
|---|---|---|
| ६ | अपेक्षित उपलब्धि प्रतिफल | एसइइ परीक्षालाई व्यवस्थित र मर्यादित रुपमा सञ्चालन गर्ने गराउने कार्यमा प्रश्नबैंक मार्फत शिक्षा विकास निर्देशनालयलाई टेवा पुग्ने । |
| ७ | पेश गर्नुपर्ने कागजातहरु | • शिक्षा विकास तथा समन्वय इकाइहरुको शिक्षक सिफारिस सम्बन्धी पत्र<br>• शिक्षकहरुको स्थायी नियुक्ति पत्रको प्रतिलिपी<br>• प्रशिक्षण सामग्री<br>• सहभागी उपस्थिति विवरण<br>• खर्चका बील भरपाईहरु<br>• प्रतिवेदन । |
| ८ | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

**ग) तालिम केन्द्रबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड**

**२.४१ आधारभूत तथा माध्यमिक तहका शिक्षकका लागि ५ दिने मनोसामाजिक परामर्श तालिम**

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ५६ | ५०० | पहिलो र दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | बालबालिकाहरूको रुचि तथा क्षमता अनुसार सिकाइ जटिलता तथा सिकाइ समस्याको निराकरण गरी संवेग व्यवस्थापनमा सहयोग गर्ने दक्ष शिक्षकहरुको उत्पादन गर्न यो तालिम कार्यक्रम विकास गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | समयमा नै बालबालिकाहरूको तनाव तथा मनोसामाजिक समस्याहरूको पहिचान गरी तनाव व्यवस्थापन तथा मनोसामाजिक परामर्श मार्फत उनीहरूमा जटिल प्रकारको मानसिक स्वास्थ्य समस्या विकसित हुनबाट रोकथामका उपाय पहिचान क्षमता विकास गर्नु । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. बजेटवाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन खर्चहरु |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ख) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धि प्रतिफल | ५६ जना शिक्षकहरुको मनोसामाजिक परामर्श क्षमता विकास भएको हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४२ आधारभूत र माध्यमिक शिक्षकका लागि सिर्जनात्मक कला तालिम

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | १०० | १००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | राष्ट्रिय प्राठ्यक्रम प्रारुप, २०७६ ले निर्दिष्ट गरेका सिर्जनात्मक कला सम्बन्धी विषयवस्तुको ज्ञान, सीप र क्षमताको विकास गरी निर्दिष्ट क्रियाकलापहरु सञ्चालन गर्न सक्ने दक्ष शिक्षकहरुको उत्पादन गर्न ५ दिने तालिम सञ्चालन गर्न यो कार्यक्रम समावेश हो । |
| २. कार्यक्रमको उद्देश्य | पाठ्यक्रमले निर्दिष्ट गरेका सिकाइ उपलव्धी हासिल गर्न सिर्जनात्मक कला विषयवस्तुलाई वालमैत्री शिक्षणमा तादम्यता कायम गर्न |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धि/प्रतिफल | आधारभूत तहका शिक्षकहरुको सिर्जनात्मक कला सम्बन्धी क्षमता अभिवृद्धि भएको हुने |
| ७. पेशगर्नुपर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन तयारी |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४३ मा.वि. तथा आधारभूत तहका शिक्षकलाई नविनतम शिक्षण विधिको प्रयोग सम्वन्धी पुनर्ताजगी तालिम

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु. हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ८३ | ७५० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | शिक्षा क्षेत्रमा आएका नविनतम शैक्षणिक विधि तथा रणनीतिसंग परिचित भई विकसित भएका नयाँ नयाँ शैक्षिक उपागमहरु शिक्षकहरुमा अद्यावधिक गर्न आवश्यक भएकोले उक्त विधि र रणनीतिको अभ्यासबाट शिक्षण सिकाइमा गुणस्तरियता कायम गर्न ५ दिनसम्म सञ्चालन हुने पुनर्ताजगी तालिम कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | नविनतम शिक्षण विधिको उपयोगबाट शिक्षकहरुको शिक्षण कार्य कुशलतामा प्रभावकारीता ल्याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धि/प्रतिफल | ८३ जना शिक्षकको नविनतम शिक्षण विधिको प्रयोग सम्वन्धी पुनर्ताजगी तालिम उपलव्ध भएको हुने |
| ७. पेश गर्नु पर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन तयारी |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४४ आधारभूत र माध्यमिक शिक्षकका ICT तालिम

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | १०० | ६०० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | शिक्षण सिकाइमा सूचना प्रविधिको आधारभूत ज्ञान र सीपको विकास गरी डिजिटल गतिविधि सञ्चालन गर्न सक्ने दक्ष शिक्षकहरुको उत्पादन गर्न ५ दिने तालिम सञ्चालन गर्न यो कार्यक्रम तयार पारिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सूचना तथा सञ्चार प्रविधिको प्रयोग गरी पेशागत क्षमतालाई आधुनिकीकरण गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धि/प्रतिफल | सिकाइका वैकल्पिक उपायहरुको खोजी गरी सूचना प्रविधिको प्रयोगको माध्यमबाट विद्यार्थी सिकाइ क्रियाकलाप सञ्चालनमा सहयोग पुगेको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) तयारी कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४५ रोष्टर प्रशिक्षक प्रशिक्षण

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | २५ | ५०० | पहिलो |

| | शीर्षक | विवरण |
|---|---|---|
| १. | कार्यक्रमको पृष्ठभूमि | तालिम केन्द्रबाट सञ्चालन गरिने शिक्षकको पेशागत विकास र कष्टमाइज्ड प्रकृतिका तालिम कार्यक्रमहरु सञ्चालन गर्न मौजुदा प्रशिक्षकहरुबाट मात्र सम्भव नहुने भएकाले स्थानीयस्तरमै प्रशिक्षकहरु तयार गरी तालिम सञ्चालन गर्न, खर्चको मितव्ययिता ल्याई गुणस्तर कायम गर्नुका साथै एकरुपता समेत कायम गर्न ७ दिने प्रशिक्षक प्रशिक्षण तालिम सञ्चालन गर्न यो कार्यक्रम विकास गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | विभिन्न ठाउँमा सञ्चालन हुने तालिम कार्यक्रमबीच एकरुपता कायम गरी तालिमको गुणस्तर वृद्धि गर्ने । |
| ३. | कार्यक्रम कार्यान्वयनमा संलग्न हने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. | बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. | अपेक्षित उपलव्धि/प्रतिफल | तालिम सञ्चालनमा एकरुपता एवं गुणस्तरीयता कायम हुन रोष्टर प्रशिक्षक तयार हुने |
| ७. | पेश गर्नुपर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन तयारी |
| ८. | अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४६ अपाङ्गता भएका शिक्षकहरुलाई मागमा आधारित विशेष तालिम

| खर्चशीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | २५ | २५० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | सामुदायिक विद्यालयहरुमा कार्यरत अपाङ्गता भएका शिक्षकहरुको पेसागत दक्षता अभिवृद्धि गरी सिकाइ सहजीकरणमा सहजता प्रदान गर्न यो कार्यक्रम कार्यान्वयन गरिनेछ । अपाङ्गताको क्षेत्र अन्तर्गत दृष्टिविहिन, बहिरा र शारिरिक अपाङ्गता भएका शिक्षकहरुको पेसागत क्षमता अभिवृद्धिका लागि तालिमका आवश्यकताको पहिचानका आधारमा ५ दिने विशेष तालिम सञ्चालन गरिनेछ। |
| २. कार्यक्रमको उद्देश्य | अपाङ्ता भएका शिक्षकहरुको क्षमता विकास गरी सिकाइ सहजीकरणमा सहजता प्रदान गर्ने, |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकस तथा समन्वय इकाइ |
| ४. बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) खाना/खाजा<br>घ) स्टेशनरी र मसलन्द |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन र प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धि/प्रतिफल | अपाङ्ता भएका शिक्षकहरुको क्षमता विकास गरी सिकाइ सहजीरकणमा सहजता हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन तयारी |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.४७ नवप्रवेशी शिक्षकहरुका लागि सेवा प्रवेश तालिम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | जना | ३३४ | ३००० | तहगत सिफारिस पश्चात |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको पृष्ठभूमि | आ.व. २०७९/८० र २०८०/८१ मा शिक्षक सेवा आयोगबाट सिफारिस भई नियुक्ति भएका शिक्षकहरुका लागि सेवा सम्बन्धी अभिमुखीकरण र पेसागत सहजताका लागि ७ दिने तालिम कार्यक्रम सञ्चालन गर्न यो मापदण्ड तयार पारिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | नवप्रवेशी शिक्षकहरुलाई कक्षाकोठामा सिकाइ सहजीकरणका लागि तयार गर्नु |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | शिक्षा तालिम केन्द्र, स्थानीय तहहरुका शिक्षा, युवा तथा खेलकुद महाशाखा/शाखा र शिक्षा विकास तथा समन्वय इकाइ |
| ४. बजेट बाँडफाँट | क) तालिम सामग्री विकास/अद्यावधिक<br>ख) तालिम कार्यशाला सहजीकरण एवं सञ्चालन<br>ग) स्टेशनरी र मसलन्द लगायतको व्यवस्थापन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) स्वाध्यायन सामग्री विकास, स्वीकृति तथा छपाइ<br>ख) तालिम योजना निर्माण<br>ग) सम्वन्धित निकायसँग समन्वय र सहभागी छनौट<br>घ) कार्यशाला सञ्चालन<br>ङ) प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलब्धि/प्रतिफल | नवनियुक्त शिक्षकहरुको कक्षाकोठामा सिकाइ सहजीकरणका लागि सहयोग पुग्ने |
| ७. पेश गर्नु पर्ने कागजातहरु | क) तालिम योजना निर्माण<br>ख) स्वाध्यायन सामग्रीहरु<br>ग) कार्यशाला सञ्चालन<br>घ) खर्चको विल भरपाई<br>ङ) प्रतिवेदन तयारी |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय र शिक्षा विकास निर्देशनालय |

## २.४८ गण्डकी विश्वविद्यालयलाई सशर्त पूँजीगत अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४२३ | पटक | १ | १५०००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | जीवनोपयोगी मुल्य, मान्यतामा आधारित राष्ट्रिय तथा अन्तरराष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्न सक्षम, नेतृत्वदायी जनशक्ति तयार गर्न, गुणस्तरीय उच्च शिक्षाका लागि प्रदेशको विश्वविद्यालय स्थापना गरी सञ्चालन गर्ने गण्डकी प्रदेश सरकारको उदेश्य वमोजिम गण्डकी विश्वविद्यालयको स्थापना भई उच्च शिक्षका विभिन्न कार्यक्रम मार्फत पठनपाठन, अध्ययन अनुसन्धान एवं आविस्कार सम्बन्धी कार्यहरु भईरहेका छन्। पठनपाठन, अध्ययन, अनुसन्धान एवं आविस्कारकालागि सहज एवम् अनुकुल वातावरण निर्माण गरी गुणस्तरीय उच्च शिक्षामा टेवा पुऱ्याउन विश्वविद्यालयलाट चालु आ.व.मा सञ्चालन हुने पुँजीगत कार्यक्रमहरुलाई व्यवस्थित, कानुन सम्मत एवम् समयमानै कार्य सम्पन्न गराउन यो मापदण्ड निर्माण गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | पठनपाठन, अध्ययन, अनुसन्धान एवं आविष्कारका लागि सहज एवम् अनुकुल वातावरण सिर्जना भई गुणस्तरीय जनशक्ति उत्पादनमा टेवा पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | गण्डकी विश्वविद्यालय |
| ४. बजेट बाँडफाँट | न्यासिक परिषदको निर्णय वमोजिम । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) विश्व विद्यालयको चालु आ. व. को वार्षिक कार्यक्रम माग गर्ने ।<br>ख) कार्यक्रम तथा कार्ययोजना स्वीकृत गरी अख्तियारी प्रदान गर्ने ।<br>ग) त्रैमासिक प्रगति/खर्च विवरणका आधारमा थप निकासा दिने।<br>घ) नियमानुसार खर्च गर्ने, लेखा राख्ने र लेखा परीक्षण गर्ने दायित्व गण्डकी विश्वविद्यालयको हुने। |
| ६. अपेक्षित उपलव्धी | पठनपाठन, अध्ययन, अनुसन्धान एवं आविष्कारका लागि सहज एवम् अनुकुल वातावरण सिर्जना भई गुणस्तरीय जनशक्ति उत्पादन गर्ने विश्वविद्यालयका रुपमा विकास हुने |
| ७. पेश गर्नुपर्ने कागजातहरु | • विश्वविद्यालय न्यासिक परिषदको निर्णय वमोजिमका कार्यक्रम /क्रियाकलाप<br>• त्रैमासिक र वार्षिक प्रगति प्रतिवेदन |
| ८. अनुगमन गर्ने निकाय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय र सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २ ४९.गण्डकी विश्वविद्यालयको समन्वयमा काम गर्ने गरी राष्ट्रिय आविष्कार केन्द्र, नेपाल (National Innovation Center, Napal ) लाई अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१३ | पटक | १ | ८०००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | उपलव्ध साधनस्रोत,सुविधा र वातावरणको प्रयोगवाट कम लागतमा स्तरीय कार्य सम्पादन गरी प्रदेश र प्रदेशवासीको विशेषगरी आर्थिक पक्षमा सुधार गर्न नवीन विधि एवम् प्रविधिहरुको आविष्कार अपरिहार्य हुन्छ। प्रदेशको आवश्यकता र संभावनाहरुलाई मध्येनजर गरी उपभोग्य, उत्पादन र उत्पादकत्व जस्ता विविध क्षेत्रमा आविष्कारको माध्ययमवाट, हाल अवलम्वन भइरहेको विधि प्रकृया र पद्धतिलाई परिष्कृत, परिमार्जन वा परिवर्तन गरी सरल र कम लगानीमा स्तरीय सेवा प्रासिमा टेवा पुऱ्याउन गण्डकी विश्वविद्यालयको समन्वयमा काम गर्ने गरी राष्ट्रिय आविष्कार केन्द्र, नेपाल (National Innovation Center, Napal ) लाई अनुदान कार्यक्रमको व्यवस्था गरिएको र कार्यक्रमहरुलाई व्यवस्थित, कानुन सम्मत एवम् समयमानै कार्य सम्पन्न गराउन यो मापदण्ड निर्माण गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | आविष्कारको माध्यमवाट सेवा, उत्पादन र उत्पादकत्वको क्षेत्रामा कम लागत र समयमा उत्कृष्ट कार्य सम्पादन गरी उत्पादन र उत्पादकत्वमा गुणस्तरीयता र परिमाणात्मक बृद्धिमा टेवा पुऱ्याउने। |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने निकाय | गण्डकी विश्वविद्यालयको समन्वयमा राष्ट्रिय आविष्कार केन्द्र, नेपाल |
| ४. बजेट बाँडफाँट | बैठक व्यवस्थापन तथा कार्यक्रम छनौट<br>प्रस्ताव वमोजिमका कार्यक्रमहरुको कार्यान्वयन<br>कार्यक्रम अनुगमन |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क) सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालयले खर्चको अख्तियारी गण्डकी विश्वविद्यालयलाई दिने।<br>ख) राष्ट्रिय आविष्कार केन्द्रवाट प्रस्ताव माग गर्ने ।<br>ग) गण्डकी विश्वविद्यालयले प्रस्ताव वमोजिम कार्यक्रम कार्यान्वयनका लागि आवश्यकता अनुसार विज्ञ संमिलित प्रस्ताव मूल्याङ्कन एवम् छनौट समिति गठन।<br>घ) गण्डकी विश्वविद्यालयवाट कार्यक्रम स्वीकृत गर्ने ।<br>ङ) राष्ट्रिय आविष्कार केन्द्र, नेपालले प्रचलित आर्थिक ऐन, नियम वमोजिम खर्च एवम् कार्यक्रम कार्यान्वयन गरी भुक्तानी माग गर्ने।<br>च) गण्डकी विश्वविद्यालयले कार्य सम्पन्नताको अवस्था वमोजिम भुक्तानी दिने, लेखा राख्ने तथा लेखा परीक्षण गराउने ।<br>छ) राष्ट्रिय आविष्कार केन्द्र नेपालले कार्यक्रम सम्पन्नताको प्रतिवेदन मन्त्रालय र गण्डकी विश्वविद्यालयमा पेश गर्ने । |

## २.५० मागका आधारमा सामुदायिक क्याम्पसको स्तरोन्नति अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | क्याम्पस | १ पटक | ७५०० | पहिलो, दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | सामुदायिक क्याम्पसहरूलाई गुणस्तरीय र दिगो रूपमा सञ्चालन गर्नका लागि क्याम्पसको न्यूनतम् आवश्यकता पूरा गर्न मागमा आधारित स्तरोन्नती अनुदान व्यवस्था गरिएको हो । सामुदायिक क्याम्पसको आवश्यकताका आधारमा फर्निचर व्यवस्थापन, सूचना प्रविधि व्यवस्थापन, मर्मत सम्भार, खानेपानी तथा शौचालय र पुस्तकालय व्यवस्थापनलाई प्राथमिकतामा राखी कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकोले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | सामुदायिक क्याम्पसहरुको स्तरोन्नतिमा टेवा पु-याउने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामुदायिक क्याम्पसहरु |
| ४. बजेट बाँडफाँट | – मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>– कार्यक्रम कार्यान्वयनको लागि अभिमुखिकरण/ सझौता<br>– कार्यक्रम कार्यान्वयन<br>– अनुदान (मूल्याङ्कनको आधारमा प्रति क्याम्पस): देहायको तोकिएको रकम बढी प्रतिशत अङ्क प्राप्त गर्ने क्याम्पसहरुलाई प्राथमिकता दिई क्रमशः वजेट पुगेसम्म उपलव्ध गराइनेछ ।<br>➢ ७० प्रतिशत भन्दा बढि अङ्क प्राप्त गर्नेलाई बढीमा रु. पाँच लाख<br>➢ ४० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्नेलाई बढीमा रु. चार लाख<br>➢ ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्नेलाई बढीमा रु. तीन लाख<br>– कार्यक्रम संचालन, अभिमुखिकरण, अनुगमन तथा मूल्याङ्कनमा बढिमा २ प्रतिशत खर्च गर्न सकिनेछ । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **सूचना प्रकाशनः** सम्वन्धित संस्थासँग कार्यक्रम सञ्चालनका लागि २१ दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्ने । सामुदायिक क्याम्पसले क्याम्पस व्यवस्थापन समितिको निर्णय सहित अनुसूची-३८ बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्ने । **प्रस्ताव पेश गर्दा देहायका कागजातहरु पेश गर्नुपर्नेछ ।**<br>• क्याम्पस व्यवस्थापन समितिको निर्णय प्रतिलिपि सहित कार्यक्रम तथा बजेट माग गरेको पत्र,<br>• अनुदानका लागि स्थानीय तहको सिफारिस पत्र<br>• क्याम्पस सञ्चालन अनुमति/नविकरण पत्र<br>• निर्माण कार्यको हकमा मात्र लागत अनुमान (प्राविधिकको इस्टिमेट),<br>• अनुसूची अनुसारको विवरण एवम् पुष्टयाईका कागजातहरु<br>• सामुदायिक क्याम्पसको प्रमाणपत्र<br>ख. **प्रस्ताव मूल्याङ्कन एवम् अनुदान सिफारिसः** प्राप्त प्रस्तावहरु अनुसूची ३९ वमोजिमको आधारमा मूल्याङ्कन तथा छनौट गरी मन्त्रालय समक्ष |

| | |
|---|---|
| | सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन, छनौट तथा सिफारिस समिति रहनेछ :<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. सामुदायिक क्याम्पस एसोसियसनको प्रमुख वा प्रतिनिधि- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख- सदस्य सचिव<br>***(समितिले आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।)***<br>ग. चालु आ.ब.को सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान उपलव्ध गराउने निर्णय भएको सामुदायिक क्याम्पसहरुलाई यस कार्यक्रमको मूल्याङ्कनमा समावेश गरिने छैन ।<br>घ. सामुदायिक क्याम्पसहरुलाई देहाय बमोजिमको शीर्षक अन्तर्गत कार्य सम्पादन गर्ने गरी अनुदान उपलव्ध गराइनेछ :<br>• फर्निचर व्यवस्थापन,<br>• सूचना प्रविधि व्यवस्थापन<br>• मर्मत सम्भार<br>• खानेपानी तथा शौचालय<br>• पुस्तकालय व्यवस्थापन<br>• प्रयोगशाला व्यवस्थापन<br>• शिक्षक र कर्मचारीको कार्यक्षमता विकास कार्यक्रम<br>ङ. यस कार्यक्रम अन्तर्गत छनौट भै उपलव्ध हुने कूल वजेटको बढीमा २५ प्रतिशत रकम क्याम्पसका शिक्षक र कर्मचारीहरुको कार्यक्षमता विकासका लागि खर्च गर्न सकिनेछ ।<br>च. समितिले सामुदायिक क्याम्पसको छनौट मूल्याङकन सिफारिस गर्दा अधिकतम् आवश्यकता, विद्यमान अवस्था, लाभान्वित हुने विद्यार्थी सङ्ख्या, सञ्चालित संकाय, तह, भौगोलिक अवस्था, संस्थाको आन्तरिक आयस्रोत, अनुमति प्राप्त भएको अवधि आदिको आधारमा मुल्याङकनका आधारहरु तय गर्न सक्नेछ। |
| ६. अपेक्षित उपलव्धी | – समयानुकुल सिकाइका अवसरहरु विस्तार हुने |
| ७. सामुदायिक क्याम्पसले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>क. सम्झौता र सामग्री/निर्माण कार्य खरिद गर्ने समितिको निर्णय<br>ख. कोटेशन<br>ग. तुलनात्मक तालिका र समितिको बैठकबाट सामग्री/ निर्माण कार्य खरिद गर्ने फर्मको छनौट ।<br>घ. सामग्रीको हकमा खरिद आदेश र दाखिला प्रतिवेदन<br>ङ. बील भरपाई<br>च. समितिको काम सम्पन्न र खर्च अनुमोदनको निर्णय |

| | |
|---|---|
| | छ. कार्यक्रमसँग सम्बन्धित फोटो समेतको अनुगमन प्रतिवेदन<br>ज. निकासाका लागि निवेदन<br>झ. बैंक खाता सम्बन्धी विवरण<br>ञ. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमाली, २०६४ ले व्यवस्था गरेका कागजातहरु<br>निर्माण सम्वन्धि कार्यको हकमा थप कागजातहरु<br>• लागत अनुमान<br>• निर्माण सम्पन्न कार्यका फोटाहरु<br>• कार्य सम्पन्न प्रतिवेदन र समितिको अनुमोदनको निर्णय<br>• स्थानीय तहको सिफारिस |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, |

## २ ५१.सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा अनुदान

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट (रु.हजारमा) | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २६४१२ | क्याम्पस | १ पटक | १०००० | सवै |

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | गण्डकी प्रदेशमा सामुदायिक स्तरमा सञ्चालित उच्च शिक्षा प्रदायक क्याम्पसहरूमा अध्ययनरत विद्यार्थी सङ्ख्या, संकाय, सञ्चालित विषय, प्रदान गर्ने छात्रवृत्ति, नियमित आम्दानीका स्रोतहरु, आर्थिक कारोबारमा पारदर्शीता, भौतिक पूर्वाधार, सेवा पुऱ्याएको क्षेत्र, उपलब्धि, समुदाय, समाजमा पुऱ्याएको योगदान आदि विषयमा सामुदायिक क्याम्पसहरूको क्षमता र कार्य सम्पादनमा विविधता छ। क्याम्पसहरुको भौतिक, शैक्षिक एवम् आर्थिक अवस्था र विकासका लागि गरेका कार्य सम्पादनका आधारमा क्याम्पसहरुलाई थप प्रोत्साहित गर्न आवस्यक भएकोले यो कार्यक्रमको व्यवस्था गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | सामुदायिक क्याम्पसहरुलाई क्षमता तथा कार्य सम्पादनका आधारमा शैक्षिक सुधारका लागि थप प्रोत्साहन गर्ने। |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामुदायिक क्याम्पसहरु |
| ४. | बजेट बाँडफाँट | • मूल्याङ्कन एवम् छनौटका लागि बैठक व्यवस्थापन<br>• कार्यक्रम कार्यान्वयनको लागि अभिमुखिकरण<br>• कार्यक्रम कार्यान्वयन अनुदान<br>• अनुदानको सिमा<br>• अनुदान (मूल्याङ्कनको आधारमा प्रति क्याम्पस) : देहायको तोकिएको रकम बढी प्रतिशत अङ्क प्राप्त गर्ने क्याम्पसहरुलाई प्राथमिकता दिई क्रमशः वजेट पुगेसम्म उपलब्ध गराइनेछ ।<br>➢ ७० प्रतिशत भन्दा बढि अङ्क प्राप्त गर्नेलाई बढीमा रु. पाँच लाख<br>➢ ४० देखि ७० प्रतिशतसम्म अङ्क प्राप्त गर्नेलाई बढीमा रु. चार लाख<br>➢ ४० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्नेलाई बढीमा रु. तीन लाख<br>• कार्यक्रम संचालन, अभिमुखिकरण, अनुगमन तथा मूल्याङ्कनमा बढिमा २ प्रतिशत खर्च गर्न सकिनेछ । |
| ५. | सञ्चालन गरिने क्रियाकलाप | क. **सूचना प्रकाशनः** सम्वन्धित संस्थासँग कार्यक्रम सञ्चालनका लागि २१ दिनको सार्वजनिक सूचना मार्फत प्रस्ताव माग गर्ने । सामुदायिक क्याम्पस व्यवस्थापन समितिको निर्णय सहित **अनुसूची-४०** बमोजिमको ढाँचामा प्रस्ताव पेश गर्ने ।<br>**प्रस्ताव पेश गर्दा पेश गर्नुपर्ने कागजातहरुः**<br>• व्यवस्थापन समितिको निर्णय सहित कार्यक्रम तथा बजेट माग गरेको पत्र,<br>• स्थानीय तहको सिफारिस पत्र<br>• सञ्चालनको अनुमती पत्र<br>• निर्माण कार्यको हकमा मात्र लागत अनुमान (प्राविधिकको इस्टिमेट),<br>• अनुसूचि अनुसारको विवरण |

| | |
|---|---|
| | ख. **प्रस्ताव मूल्याङ्कन एवम् अनुदान सिफारिसः** प्राप्त प्रस्तावहरु अनुसूची ४१ वमोजिमको आधारमा मूल्याङ्कन तथा छनौट गरी मन्त्रालय समक्ष सिफारिस गर्न देहाय बमोजिमको प्रस्ताव मूल्याङ्कन तथा अनुदान सिफारिस समिति रहनेछ :-<br>१. उच्च शिक्षा तथा संस्कृति महाशाखा प्रमुख- संयोजक<br>२. प्रशासन तथा योजना महाशाखा प्रमुख- सदस्य<br>३. सामुदायिक क्याम्पस एसोसियसनको अध्यक्ष वा प्रतिनिधि- सदस्य<br>४. आर्थिक प्रशासन शाखा प्रमुख- सदस्य<br>५. उच्च शिक्षा तथा शैक्षिक गुणस्तर शाखा प्रमुख- सदस्य सचिव<br>***(समितिले आवश्यकता अनुसार विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।)***<br>ग. चालु आ.ब.को मागका आधारमा सामुदायिक क्याम्पसको स्तरोन्नति अनुदान कार्यक्रम अन्तर्गत अनुदान उपलव्ध गराउने निर्णय भएका सामुदायिक क्याम्पसहरुलाई यस कार्यक्रमको मूल्याङ्कनमा समावेश गरिने छैन ।<br>घ. कार्यक्रम कार्यान्वयनको क्षेत्रः छनौटमा परेका क्याम्पसहरुले निम्न कार्यक्रमहरु मध्येवाट कार्यक्रम कार्यान्वयन गर्नु पर्नेछ।<br>• फर्निचर व्यवस्थापन<br>• सूचना प्रविधि व्यवस्थापन<br>• भौतिक पूर्वाधार निर्माण तथा मर्मत सम्भार<br>• खानेपानी तथा शौचालय<br>• पुस्तकालय व्यवस्थापन<br>• प्रयोगशाला व्यवस्थापन<br>ङ. यस कार्यक्रम अन्तर्गत छनौट भै उपलव्ध हुने कूल वजेटको बढीमा २५ प्रतिशत रकम क्याम्पसका शिक्षक र कर्मचारीहरुको कार्यक्षमता विकासका लागि खर्च गर्न सकिनेछ । |
| ६. अपेक्षित उपलव्धी | समयानुकुल सिकाइका अवसरहरु विस्तार हुने |
| ७. सामुदायिक क्याम्पसले पेश गर्नुपर्ने कागजातहरु | **भुक्तानीका लागि पेश गर्नुपर्ने कागजातहरु**<br>क) सम्झौता<br>ख) सामग्री/निर्माण कार्य खरिद गर्ने समितिको निर्णय<br>ग) कोटेशन<br>घ) तुलनात्मक तालिका-समितिको बैठकबाट सामग्री/ निर्माण कार्य खरिद<br>ङ) सामग्रीको हकमा खरिद आदेश र दाखिला प्रतिवेदन<br>च) बील भरपाई<br>छ) समितिको काम सम्पन्न प्रतिवेदन र खर्च अनुमोदनको निर्णय<br>ज) कार्यक्रमसँग सम्बन्धित फोटोहरु<br>झ) अनुगमन प्रतिवेदन<br>ञ) निकासाका लागि निवेदन<br>ट) बैंक खाता विवरण (चेकको फोटोकपी)<br>ठ) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमाली, २०६४ ले व्यवस्था गरेका |

| | |
|---|---|
| | कागजातहरु<br>**निर्माण सम्वन्धि कार्यको हकमा (थप कागजातहरु)**<br>• लागत अनुमान<br>• निर्माण कार्यका फोटाहरु<br>• समितिको कार्य सम्पन्न प्राविधिक विल र अनुमोदनको निर्णय<br>• स्थानीय तहको  सिफारिस<br>• अनुगमन प्रतिवेदन<br>• निकासाका लागि निवेदन |
| ८. अनुगमन | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय, सामाजिक विकास कार्यालयहरु |

## घ) प्रदेश सङ्ग्रहालयबाट कार्यान्वयन हुने कार्यक्रमको मापदण्ड

## (अ) पुँजीगत तर्फका कार्यक्रमहरु

### २.५२ संग्रहालयको परिसरमा डि.पि.आर. वमोजिम श्रब्यदृष्य कक्ष,सभाहल निर्माण कार्य (क्रमागत निरन्तरता)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११११२ | पटक/संख्या | १ | ५००० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयको मुख्य प्रवेशद्धारसंगै रहेको पुरानो भवन विस्थापित गरी डि.पी.आर. वमोजिमको श्रब्यदृष्य कक्ष, सभाहल, पुस्तकालय, सोभिनियर सप, विशिष्ट पाहुना भेटघाट कक्ष, अण्डर ग्राउण्ड पार्किङ सहितको कलात्मक भवन निर्माण गर्ने उद्देश्यका साथ यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | श्रब्यदृष्य कक्ष निर्माण गरी संग्रहालयमा प्रवेश गर्ने पर्यटकहरुलाई विभिन्न विषयमा जानकारी गराउने ।<br>पुस्तकालय निर्माण गरी सर्वसाधारण पाठकहरुलाई अध्ययन अनुसन्धानमा सहयोग पुर्‍याउने । |
| ३. कार्यक्रम कार्यान्वयनमा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेटको वाडफांड | लागत अनुमान/ठेक्का सम्झौता वमोजिमका मुल्यांकन समितिको खर्च, सुचना प्रकाशन एवं कन्टेन्जेन्सीवाट गरिने खर्च र निर्माण कार्यसंग सम्बन्धी खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – डी पी आर अनुसारको लागत अनुमान तयार गरि लागत अनुमान स्वीकृत,<br>– सार्वजनीक खरिद तथा अनुगमन कार्यालयको वेभसाइ६ मार्फत १ महिना म्याद दिइ विधुतिय वोलपत्र आव्हान गरिने (राष्ट्रिय स्तरको पत्रिकामा ३० दिनको सुचना प्रकाशन समेत),<br>– रित पुगी आएको वोलपत्रहरु ३१ औं दिनमा खोलिने,<br>– वोलपत्रहरुको मुल्यांकन गर्ने,<br>– आषयपत्र जारी गर्ने,<br>– सम्झौता गरि कार्यादेश दिने,<br>– सम्झौता वमोजिम निर्धारित समयमा कार्य प्रगतिका आधारमा अन्तिम भुक्तानी दिने । |
| ६.अपेक्षित उपलव्धी/प्रतिफल | संग्रहालयको आवश्यकता अनुसार डिपीआर बमोजिमको निर्माण कार्य सम्पन्न हुने । |
| ७ पेश गर्नुपर्ने कागजात | कार्य सम्पन्न प्रतिवेदन, नापी किताब, कार्य प्रगतिका आधारमा अन्तिम भुक्तानी, साथै अन्य विल भरपाई, मुल्यांकन समितिको वैठक उपस्थिति |
| ८. समन्वय/अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.५३ कम्पाउण्ड वाल निर्माण तथा परिसरमा ढुङ्गा छाप्ने

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक/संख्या | १ | १००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयको स्थापना कालमा निर्माण भएको कम्पाउड वाल हाल पुरानो र कतिपय ठाउमा भत्किएर जीर्ण भएको हुंदा संग्रहालय परिसरको कपाउण्ड वाल निर्माण एवं विभिन्न स्थानमा ढुंगा विच्छ्याइ प्रदेश संग्रहालयलाई थप आकर्षक र सुरक्षित वनाउने योजना अनुसार यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | कपाउण्ड वाल निर्माण एवं ढुंगा विच्छ्याउने कार्य गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेटको वाडफांड | लागत अनुमान/ठेक्का सम्झौता वमोजिम रनिङ्ग बिल/अन्तिम बिलको आधारमा विल भुक्तानी, मुल्यांकन समितिको खर्च, सुचना प्रकाशन एवं कन्टेन्जेन्सीवाट गरिने अन्य खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – लागत अनुमान तयारी र स्वीकृत,<br>– सार्वजनिक खरिद नियमावली अनुसार न्युनतम ३ वटा फर्मसंग दररेट मागी न्युनतम दररेट पेश गर्ने फर्म संग कार्य गराउने,<br>– सम्झौता गरि कार्यादेश दिने,<br>– सम्झौता वमोजिम निर्धारित समयमा र अन्तिम बिलका भुक्तानी दिने । |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | संग्रहालय पसिरको कम्पाउण्ड वाल र ढुंगा विच्छ्याउने कार्य सम्पन्न हुनेछ । |
| ७ पेश गर्नुपर्ने कागजात | कार्य सम्पन्न प्रतिवेदन, नापी कितात र अन्तिम बिलको आधारमा भुक्तानी, मुल्यांकन समतिको वैठक उपस्थिति साथै अन्य विल भरपाई । |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.५४ संग्रहालयको बगैचा सुधार कार्यक्रम (सालबसाली)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक/संख्या | १ | ४०० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयको परिषरमा वगैचाको सौन्दर्यिकरण/ वगैचा विस्तारका लागि बाह्रै महिना विभिन्न मौसमी एवं वेमौसमी फुल विरुवा रोप्ने, क्यारी निर्माण, दुवो रोप्ने लगायतका कार्यहरु गरि संग्रहालयको सौन्दर्यिकरण हरियाली वनाउने योजना अनुसार वगैचा सुधार कार्यक्रम राखिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालयको परिसर/वगैचामा सुधार गरि थप आकर्षक वनाउने। |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | आवश्यकता अनुसार बाह्रै महिना सौन्दर्यीकरण गर्नुपर्ने भएको हुंदा फुल, विरुवा मल दुवो खरिद गरिएको खर्च। |
| ५. सञ्चालन गरिने क्रियाकलाप | विभिन्न नर्सरी वाट फुल, विरुवा, मल, दुवो इत्यादी खरिद गरि बगैचा विस्तार गर्ने |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | संग्रहालय परिसरको बगैचा सौन्दर्यिकरण एवं हरियाली प्रवर्द्दन हुनेछ। |
| ७ पेश गर्नुपर्ने कागजात | आवश्यक विल भरपाई |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.५५ प्रदर्शनी कक्षमा डमी निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक/संख्या | १ | १००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | वि.सं. २०४१ सालमा साविक क्षेत्रीय संग्रहालयको रुपमा स्थापना भई प्रादेशिक संरचना अनुसार हाल प्रदेश संग्रहालयको रुपमा रहेको यो संग्रहालयको प्रदर्शनी कक्षहरु समय सान्दर्भिक परिवर्तन गर्दै लैजान आवश्यक महशुस गरि सम्पूर्ण प्रदर्शनी कक्षहरुको प्रारम्भिक कार्ययोजना बनाई सकिएको र उक्त योजना अनुसार संग्रहालयको प्रदर्शनी कक्ष/परिसर गण्डकी प्रदेशमा वसोवास गर्ने विभिन्न जातनजाती र तीनको संस्कृति संग सम्वन्धित डमी (Life size) निर्माण गरि प्रर्दशन गर्नुपर्ने भएको हुंदा चालु आ.व. मा प्रदर्शनी कक्ष विस्तारका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालयको प्रदर्शनी कक्ष विस्तार /आकर्षक वनाउनका डमी निर्माण गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | निर्माण संग सम्वन्धित कार्यमा तोकिए वमोजिमका खर्चहरु, कन्टेन्जेन्सी वाट गरिने अन्य विल भरपाइ खर्चहरु, |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – लागत अनुमान तयारी र स्वीकृत<br>– सार्वजनिक खरिद नियमावली अनुसार न्युनतम ३ वटा फर्मसंग दररेट मागि न्युनतम दररेट पेश गर्ने फर्म संग कार्य गराउने ।<br>– सम्झौता गरि कार्यादेश दिने। |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | संग्रहालय को प्रदर्शनी कक्ष/परिसर विस्तारका लागि डमी निर्माण हुनेछ। |
| ७ पेश गर्नुपर्ने कागजात | कार्य सम्पन्न प्रतिवेदन, अन्तिम बिल |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.५६ संग्रहालयको सूचना कक्ष निर्माण/गण्डकी प्रदेशको प्रतिकृती (मोडल निर्माण)

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक/संख्या | १ | १००० | दोस्रो र तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयको प्रारम्भिक कार्ययोजना अनुसार साविक कार्यालय रहेको आगन्तुक सुचना कक्ष निर्माण गरिनेछ । गण्डकी प्रदेशको प्रतिकृती मोडल वनाएर यहाँ आउने पर्यटकहरुलाइ गण्डकी प्रदेशको भौगोलिक, ऐतिहासिक, धार्मिक सम्पदाहरुको विषयमा एकिकृत जानकारी गराउने र संग्रहालयको अवलोकन अवधि वढाउने उद्देश्यले यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालयमा सुचना कक्ष निर्माण एवं गण्डकी प्रदेशको प्रतिकृति मोडल निर्माण गरि गण्डकी प्रदेशको भौगोलिक, ऐतिहासिक, धार्मिक सम्पदाहरुको विषयमा एकिकृत जानकारी गराउने र संग्रहालयको अवलोकन अवधि वढाउने । |
| ३. कार्यक्रम कार्यान्वियन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | लागत अनुमान/सम्झौता वमोजिम Final Document को आधारमा विल भुक्तानी, सुचना प्रकाशन खर्च, मुल्यांकन समतिको भत्ता एवं कन्टेन्जेन्सीवाट गरिने अन्य खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – सम्वधित क्षेत्रका विज्ञ, सरोकारवालाहरुसँग बैठक वस्ने र सोहि बैठकवाट कार्यक्षेत्र शर्त तयारी गर्ने र प्रारम्भिक प्रारुप तयारी गरी प्रतिकृतिको एकिन गर्ने ।<br>– कार्यक्षेत्र शर्त (TOR) स्वीकृति गर्ने,<br>– लागत अनुमान तयारी र स्वीकृति,<br>– RFP (प्राविधीक र आर्थिक प्रस्ताव) पठाउने,<br>– रित पुर्वक समयमै आएका प्राविधिक प्रस्ताव खोल्ने र मुल्यांकन समितिले मुल्यांकन गर्ने,<br>– प्राविधिक प्रस्तावमा उत्तीर्ण भएका फर्महरुको मात्र आर्थिक प्रस्ताव खोल्ने,<br>– मुल्यांकन समितिले आर्थिक र प्राविधिक प्रस्तावको एकमुष्ठ मुल्यांकन गर्ने,<br>– मूल्यांकनबाट प्रभावग्राही उत्कृष्ट फर्मसंग सम्झौता गरि कार्य गराउने,<br>– कार्यसम्पन्न प्रतिवेदन तयारी र रकम भुक्तानी |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | संग्रहालयमा आउने विभिन्न पर्यटकहरुले गण्डकी प्रदेशका प्राकृतिक ऐतिहासिक धार्मिक सम्पदाहरुको विषयमा एकिकृत जानकारी पाउनेछन । |
| ७ पेश गर्नुपर्ने कागजात | वैठककव उपस्थिति, कार्यसम्पन्न विवरण सहित सम्वन्धित अन्य खर्चको विल भरपाइ । |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.५७ प्रदर्शनी कक्षमा शोकेश निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | १००० | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयको प्रदर्शनी कक्षहरुमा परंपरागत रुपमा निर्माण गरिएका शोकेशहरुलाइ समयानुकुल परिवर्तन गरि संग्रहालय विज्ञानको दृष्टिकोणले आधुनिक शोकेशहरु निर्माण गर्नका लागि यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | आधुनिक शोकेशहरुको निर्माण गरि प्रदर्शनीमा राखिएका वस्तुहरुलाइ सुरक्षित, संरक्षित राख्ने, वस्तुहरुलाइ थप आकर्षक देखाउने र अवलोकनकर्तालाइ अवलोकनमा सहजता पुऱ्याउने । |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | लागत अनुमान/सम्झौता वमोजिम Final Document को आधारमा विल भुक्तानी, सुचना प्रकाशन खर्च, मुल्यांकन समतिको भत्ता एवं कन्टेन्जेन्सीवाट गरिने अन्य खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – लागत अनुमान तयारी र स्वीकृत,<br>– सार्वजनिक खरिद नियमावली अनुसार न्युनतम ३ वटा फर्मसंग दररेट मागि न्युनतम दररेट पेश गर्ने फर्म संग कार्य गराउने,<br>– सम्झौता गरि कार्यादेश दिने,<br>– सम्झौता वमोजिम निर्धारित समयमा र Final Bill भुक्तानी दिने । |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | प्रदर्शनीमा राखिएका वस्तुहरुलाइ सुरक्षित, र संरक्षित रहने, राखिएका वस्तुहरुको आकर्षण वढ्ने र अवलोकनकर्तालाइ अवलोकनमा सहजता हुने । |
| ७ पेश गर्नुपर्ने कागजात | कार्य सम्पन्न प्रतिवेदन र अन्तिम विल भरपाई |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

### २.५८ बाल उद्यान व्यवस्थित गर्ने

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | ३०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालय परिसरमा वगैचासंगै रहेको वाल उद्यानमा मनोरञ्जनका लागि सामग्रीहरु थप गरि संग्रहालयमा वालवालिकाको आकर्षण वढाउन यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालयलाई वालमैत्री मनोरञ्जन स्थलको रुपमा विकास गरी संग्रहालय अवलोकन गर्न आउने वालवालिकाहरुको संख्यामा वृद्दी गर्ने। |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | – सार्वजनिक खरिद नियमावली अनुसार न्युनतम ३ वटा फर्मसंग दररेट मागि न्युनतम दररेट पेश गर्ने फर्मसंग कार्य गराउने।<br>– वालउद्यान मा सामाग्री खरिद/निर्माण बापतको विल भुक्तानी |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – लागत अनुमान तयारी र स्वीकृत,<br>– सार्वजनिक खरिद नियमावली अनुसार न्युनतम ३ वटा फर्मसंग दररेट मागि न्युनतम दररेट पेश गर्ने फर्म संग कार्य गराउने,<br>– अन्तिम विल भुक्तानी। |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | वालमैत्री वालउद्यानको विस्तार भइ वालवालिकाहरु संग्रहालय प्रति आकर्षित हुने। |
| ७ पेश गर्नुपर्ने कागजात | वाल उद्यानमा मनोरञ्जनका सामग्री खरिद  वापतको विल भरपाई |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय। |

## २.५९ अभिलेखालयको लागि अभिलेख/पाण्डुलिपि ऐतिहासीक दस्तावेज संकलन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | ५०० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | गण्डकी प्रदेशका विभिन्न स्थानमा रहेका/प्रदेश संग सम्वन्धित ऐतिहासिक, पुरातात्विक, धार्मिक दृष्टीकोणले महत्वपुर्ण अभिलेख/दस्तावेज/पाण्डुलिपीहरुलाई संकलन/संरक्षण गरि पुरातात्विक एवं ऐतिहासिक अध्ययनको केन्द्रको रुपमा प्रदेश अभिलेखालयको स्थापना गर्ने उद्वेश्यका साथ यो कार्यक्रम समावेश गरिएको छ। |
| २. कार्यक्रमको उद्देश्य | ऐतिहासिक, पुरातात्विक, धार्मिक महत्वका महत्वपुर्ण अभिलेख /दस्तावेज/पाण्डुलिपी संकलन भई गण्डकी प्रदेशको इतिहास, संरक्षणमा टेवा पुग्नेछ। |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकाय | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा। |
| ४. बजेटको वाडफांड | – सचेतना कार्यक्रम सञ्चालन वापतको विल भरपाई,<br>– सम्वन्धित स्थानको दै.भ्र. भत्ता वापतको रकम भुक्तानी<br>– सोसंग सम्वन्धित अन्य विल भरपाई |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – सचेतना कार्यक्रम सञ्चालन<br>– सम्वन्धित स्थानको भ्रमण<br>– सामग्री/प्रतिलिपी संकलन<br>– संरक्षण र व्यवस्थापन |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | ऐतिहासिक तथा पुरातात्विक महत्वका अभिलेख, दस्तावेज, पाण्डुलिपी संरक्षण हुनुका साथै गण्डकी प्रदेशका महत्वपुर्ण ऐतिहासिक दस्तावेजहरुको अध्ययनमा सहयोग पुग्नेछ। |
| ७ पेश गर्नुपर्ने कागजात | सचेतना कार्यक्रमका उपस्थिति, बील भरपाई |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय। |

## २.६० मौलिक एवं पुरातात्विक सामग्री संकलन

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| ३११५९ | पटक | १ | ५०० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | गण्डकी प्रदेशमा वसोवास गर्ने जातजातीहरुको मौलिक संस्कृति, संस्कार, परम्परा र दैनिक जीवनशैली झल्काउने लोपोन्मुख सामाग्रीहरु खरिद गरि संकलन गर्ने र संग्रहालयको प्रदर्शनी कक्षहरुमा नियमित प्रदर्शनीको लागि राख्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | लोपोन्मुख, पुरातात्विक र सांस्कृतिक महत्वका सामाग्रीहरुको संकलन गरि प्रदर्शनमा राखि उक्त सामाग्रीहरुको विषयमा अवलोकनकर्ताहरुलाई जानकारी गराउने । |
| ३. कार्यक्रम कार्यान्वयन मा संलग्न हुने मुख्य निकायः | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | – बैठक व्यवस्थापन<br>– दै.भ्र भत्ता वापतको रकम भुक्तानी,<br>– सामग्री संकलनसंग सम्वन्धित व्यक्तिगत, सामुदायिक, संस्थागत र फर्महरुसंग खरिद गरिएका अन्य विल भरपाई । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – मौलिक तथा पुरातात्विक सामग्री संकलन समितिको वैठक<br>– संकलनका क्षेत्र र मापदण्ड निर्धारण<br>– सामग्री संकलनका लागि सम्वन्धित स्थानको भ्रमण<br>– सामग्री संकलन (मुल्य निर्धारण समेत)<br>– खरिद गरिएका सामग्रीहरुको समितिद्वारा मुल्यांकन ।<br>– भण्डार कक्षमा सामग्री दाखिला |
| ६.अपेक्षित उपलब्धी र प्रतिफल | मौलिक संस्कृति, संस्कार, परम्परा र दैनिक जीवनशैली झल्काउने सामाग्रीहरु संकलन भइ संस्कृतिको संरक्षणमा टेवा पुग्ने । |
| ७. पेश गर्नुपर्ने कागजात | – संकलन गरिएका सामाग्रीहरुको दाखिला प्रतिवेदन<br>– दैनिक भ्रमण वापतको विल भरपाइ, संकलन गरिएका सामग्रीहरुको प्रतिवेदन<br>– सम्वन्धित अन्य विल भरपाइ |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय । |

### (आ) चालु तर्फका कार्यक्रमहरु

### २.६१ कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५१२ | पटक | १ | १०० | तेस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. कार्यक्रमको परिचय | संग्रहालयमा कार्यरत विभिन्न तहका कर्मचारीहरुको सीप, दक्षता, ज्ञान, अभिवृद्धीको लागि प्रशिक्षणमुलक कार्यशाला गोष्ठी/विभिन्न सिपमुलक तालिम कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले यो कार्यक्रम प्रस्ताव गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | कर्मचारीहरुको सीप दक्षता, ज्ञान अभिवृद्धी गरि गुणस्तरीय  कार्यसम्पादनमा सहयोग पुऱ्याउने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेटको वांडफांड | प्रशिक्षणमुलक कार्यशाला गोष्ठी, एवं सीपमुलक तालिम कार्यक्रम सञ्चालन सम्वन्धि विल भरपाई, उपस्थिति, खाना, खाजा, लगायत खर्च |
| ५. सञ्चालन गरिने क्रियाकलाप | कार्यशाला गोष्ठी/प्रशिक्षण कार्यक्रम<br>विभिन्न सीपमुलक तालिम कार्यक्रम सञ्चालन |
| ६. अपेक्षित उपलव्धी | कर्मचारीहरुको सीप दक्षता, ज्ञान अभिवृद्दी गरि गुणस्तरिय  कार्यसम्पादनमा सहयोग पुग्नेछ । |
| ७  पेश गर्नुपर्ने कागजात | प्रशिक्षण तालिम/कार्यशाला गोष्ठी , कार्यक्रमको उपस्थिति, कार्यपत्र, स्टेशनरी लगायत अन्य विल भरपाई, कार्यक्रमको प्रतिवेदन |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.६२ संग्रहालय शैक्षिक कार्यक्रम सालवसाली

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | ५०० | सवै |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभुमी | संग्रहालय अनौपचारिक शैक्षिक केन्द्र भएको हुँदा विशेष गरि संस्थागत तथा सरकारी विद्यालयका विद्यार्थीहरुका लागि संग्रहालयको सदस्यता प्रदान गर्ने, सदस्य विद्यार्थीहरुलाई संग्रहालयवाट प्राप्त हुने विभिन्न सेवा सुविधा ( जस्तै, अन्य संग्रहालय समेत निशुल्क अवलोकन, प्रतियोगितात्मक कार्यक्रमहरुमा सहभागी, अवलोकन भ्रमण, संग्रहालयको प्रवर्द्धनसंग सम्वन्धित विभिन्न जानकारीमुलक कार्यक्रम प्रदर्शनी इत्यादी) कार्यक्रम सञ्चालन गर्दै आएको सन्दर्भमा विगतका वर्षहरुमा जस्तै यस आ.व.मा पनि संग्रहालय शैक्षिक कार्यक्रम समावेश गरिएको छ । |
| २. कार्यक्रमको उद्देश्य | – संग्रहालय र विद्यार्थीहरु वीच समन्वयकारी भुमिका निर्वाह गर्ने ।<br>– संग्रहालयलाई ज्ञान आर्जन गराउने थलोको रुपमा विकास गराउने ।<br>– संग्रहालय र मौलिक संस्कृति प्रति भावी पुस्तामा जनचेतना अभिवृद्वि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय: | प्रदेश संग्रहालय गण्डकी प्रदेश पोखरा |
| ४. बजेटको वाडफांड | हलभाडा, सहभागी स्टेशनरी, खाजा, साउण्ड सिस्टम, पुरस्कार, प्रश्नपत्र निर्माण, सहजीकरण भत्ता, यातायात,आवास विभिन्न सेवा शुल्क, प्रशिक्षक खर्च/संग्रहालयको प्रवर्द्धन कार्यक्रमसंग सम्वन्धित आवश्यक सामग्री लगायत प्रस्तावनामा उल्लेख भई स्वीकृत हुने अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – प्रतियोगितात्मक कार्यक्रमको अवधारणापत्र तयार गर्ने<br>– प्रतियोगितात्मक कार्यक्रम<br>– अवलोकन कार्यक्रम<br>– संग्रहालय सदस्यता वितरण कार्यक्रम<br>– संग्रहालय प्रवर्द्धनसँग सम्वन्धित जानकारीमुलक कार्यक्रमहरु |
| ६. अपेक्षित उपलव्धी | कास्की २० विद्यालयका जम्मा ६० विद्यार्थीहरु प्रत्यक्ष र ५००० विद्यार्थी अप्रत्यक्ष लाभान्वित हुने |
| ७. पेश गर्नुपर्ने कागजात | कार्यपत्र, प्रतिवेदन, आवश्यक विल भरपाईहरु । |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.६३ श्रव्य दृष्य कक्षमा गण्डकी प्रदेशका ऐतिहासिकपुरातात्विक महत्वका सम्पदा एवं /सांस्कृतिक/धार्मिक/ परम्पराहरुको वृत्तचित्र निर्माण

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | ५०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश वहुजातीय, बहुभाषिक बहुधार्मीक एवं बहुसांस्कृतिक विशेषता भएको प्रदेश हो । यहाँ विभिन्न जाती धर्म सम्प्रदायको आ-आफ्नै मौलिक परम्परा संस्कृति एवं पुरातात्विक महत्वका सम्पदाहरु रहेका छन् । संग्रहालयलाई हरेक देशले आफ्नो राष्ट्रको पहिचान, इतिहास, सभ्यता, संस्कृति वैभव र प्रतिष्ठा आदि प्रस्तुत गर्ने थलोको एवं अनौपचारिक शैक्षिक केन्द्रको रुपमा लिइएको छ । जहाँ हरेक वर्गका अवलोकनकर्ता तथा दर्शकले ज्ञान प्राप्त गर्न सक्दछन । सिमीत समयमा पनि संग्रहालयको अवलोकन मार्फत त्यस देश, प्रदेश, क्षेत्र वा स्थानीय गांउ शहरको इतिहास, पहिचान, सांस्कृतिक विकास आदिको संक्षिप्त र प्रष्ट ज्ञान हासिल गर्न सकिन्छ । संग्रहालयमा आउने सम्पुर्ण पर्यटकहरुका लागि एकिकृत जानकारी दिने उद्देश्यका साथ गण्डकी प्रदेशका ऐतिहासिक, धार्मिक, सांस्कृतिक पुरातात्विक महत्वका सम्पदाहरुको वृत्तचित्र निर्माणगरि श्रव्यदृश्य कक्ष मार्फत वृतचित्र देखाउने योजना अनुरुप यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | श्रव्यदृश्य कक्षमा गण्डकी प्रदेशका ऐतिहासिक/धार्मिक/सांस्कृतिक/पुरातात्विक महत्वका सम्पदा एवं परम्पराहरुको वृत्तचित्र निर्माण गर्ने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा |
| ४. बजेटको वाडफांड | लागत अनुमान/सम्झौता वमोजिम अन्तिम कागजातहरुका आधारमा विल भुक्तानी, सुचना प्रकाशन खर्च, मुल्यांकन समीतिको भत्ता एवं कन्टेन्जेन्सीवाट गरिने अन्य खर्च । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – फर्म सुचिकृतका लागि सुचना प्रकाशन गर्ने<br>– सम्वन्धित क्षेत्रका विज्ञ, सरोकारवालाहरुको उपस्थितिमा बैठक वस्ने र सोहि बैठकवाट कार्यक्षेत्र शर्त तयारी गर्ने<br>– कार्यक्षेत्र शर्त (TOR) स्वीकृति गर्ने<br>– लागत अनुमान तयारी र स्वीकृति<br>– सार्वजनिक खरिद नियमावली २०६४ अनुसार आवश्यक प्रक्रिया मार्फत कार्य गर्ने<br>– वतचित्र स्वीकृत गर्ने ।<br>– कार्यसम्पन्न पश्चात भुक्तानी |
| ६. अपेक्षित उपलब्धी | गण्डकी प्रदेशमा रहेका ११ वटा जिल्ला मध्ये छनौट गरिएका जिल्लाहरुको ऐतिहासिक/धार्मिक/ सांस्कृतिक/पुरातात्विक महत्वका सम्पदाहरुको वृत्तचित्र निर्माण गरी प्रर्दशन गरिने |
| ७ पेश गर्नुपर्ने कागजात | वैठक सम्बन्धी कागजात, सम्वन्धित फर्मले तयार पारेको वृतचित्रको Mastercopy एवं वृतचित्र निर्माण संग सम्वन्धित अन्य खर्चको विल भरपाइ । |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.६४ गण्डकी प्रदेशमा रहेका संग्रहालयहरुको संरक्षण र सञ्चालनका लागि कार्यशाला गोष्ठी

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | २०० | दोस्रो |

| शीर्षक | विवरण |
|---|---|
| १. पृष्ठभूमि | गण्डकी प्रदेश अन्तर्गत सञ्चालनमा रहेका र निकट भविष्यमा सञ्चालनमा आउने ( निर्माण एवं सामग्री व्यवस्थापन कार्यसम्पन्न भएका) सरकारी, संस्थागत सामुदायिक र व्यक्तिगत संग्रहालयहरुलाई संग्रहालयसंग सम्वन्धित (संग्रहालयको परिचय, प्रकार, सामग्री संकलन विधि सामग्रीहरुको संकलन, व्यवस्थापन, प्रदर्शन र संरक्षण विधि र पद्धति साथै संग्रहालय सञ्चालनसंग आधारभुत ज्ञान प्रदान गर्न आवश्यक देखिएको हुंदा संग्रहालयको सञ्चालन र संकलित सामग्रीहरुको संरक्षणका लागि क्षमता अभिवृद्धिमुलक कार्यशाला गोष्ठी १ दिने सम्पन्न गर्नका लागि यो कार्यक्रम समावेश गरिएको हो । |
| २. कार्यक्रमको उद्देश्य | संग्रहालयका पदाधिकारीहरुलाई संग्रहालयको व्यवस्थापन, सञ्चालन र संकलित सामग्रीहरुको संरक्षण सम्वन्धित ज्ञान अभिवृद्धि गर्ने । |
| ३. कार्यक्रम कार्यान्वियन गर्ने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा । |
| ४. बजेटको वाडफांड | हलभाडा, सहभागी स्टेशनरी, खाजा, खाना, सहजीकरण भत्ता, सहभागीको यातायात, आवास खर्च, विभिन्न सेवा शुल्क, विविध लगायत प्रस्तावनामा उल्लेख भई स्वीकृत हुने अन्य खर्चहरु । |
| ५. सञ्चालन गरिने क्रियाकलाप | • अवधारणा पत्र तयारी<br>• सहभागी छनौट<br>• लागत अनुमान तयारी<br>• कार्यक्रम/गोष्ठी सञ्चालन<br>• प्रतिवेदन तयारी |
| ६. अपेक्षित उपलव्धी | संग्रहालयको व्यवस्थापन, सञ्चालन र सामग्रीहरुको संरक्षण सम्वन्धित आधारभुत जानकारी प्राप्त हुनेछ । |
| ७ पेश गर्नुपर्ने कागजात | प्रतिवेदन , कार्यपत्र, दै. भ्रमण भत्ता विल, स्टेशनरी, सहभागिताको प्रमाणपत्र, होटल विल, हल भाडा विल लगायत अन्य खर्चका विल भरपाई र प्रतिवेदन |
| ८. समन्वय एवं अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय |

## २.६५ गण्डकी प्रदेशको इतिहास/संस्कृति सम्वन्धि टक्स शो कार्यक्रम

| खर्च शीर्षक | इकाई | लक्ष्य | विनियोजित वजेट रु.हजारमा | त्रैमासिक अवधि |
|---|---|---|---|---|
| २२५२२ | पटक/संख्या | १ | २०० | तेस्रो |
| शीर्षक | विवरण | | | |
| १. कार्यक्रमको परिचय | संग्रहालयको कार्यक्षेत्र नियमित प्रदर्शनीको अलवा कला, इतिहास, संस्कृति मौलिक सभ्यताको संरक्षण र संवर्द्धन पनि हो । संग्रहालयद्वारा संचालन गरिने अन्य क्रियाकलापहरुमध्ये कार्यक्षेत्र अन्तर्गतको विषयवस्तुहरुलाइ समेटी संग्रहालयसंग सरोकार राख्ने/इतिहास र संस्कृति प्रति जिज्ञासु व्यक्तिलाई कुनै एक विषयवस्तुको विषयमा विज्ञद्वारा कार्यपत्र प्रस्तुत गरि विभिन्न चरणहरुमा टक्स शो कार्यक्रम सञ्चालन गर्ने योजना अनुरुप यो कार्यक्रम समावेश गरिएको हो । | | | |
| २. कार्यक्रमको उद्देश्य | गण्डकी प्रदेशको कला, इतिहास संस्कृति मौलिक सभ्यता र पुरातत्वको विषयमा जिज्ञासुलाई जानकारी प्रदान गर्ने, भावी दिनहरुमा गण्डकी प्रदेशको कला, इतिहास, संस्कृति मौलिक सभ्यता र पुरातत्वको थप खोज र अनुसन्धानको लागि आधार तयार गर्ने | | | |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने मुख्य निकाय: | प्रदेश संग्रहालय, गण्डकी प्रदेश, पोखरा | | | |
| ४. बजेटको वाडफांड | हलभाडा, सहभागी स्टेशनरी, खाजा, साउण्ड सिस्टम, पुरस्कार, कार्यपत्र/ सहजीकरण, खर्च, यातायात खर्च, विविध लगायत प्रस्तावनामा उल्लेख भइ स्वीकृत हुने अन्य खर्चहरु | | | |
| ५. सञ्चालन गरिने क्रियाकलाप | – संक्षिप्त अवधारणा पत्र तयारी<br>– गण्डकी प्रदेशको कला, इतिहास, संस्कृति मौलिक सभ्यता र पुरातत्वको विषयवस्तु माथि आधारित रही विज्ञद्वारा कार्यपत्र प्रस्तुत गरिनेछ ।<br>– यस कार्यक्रममा दर्शक/स्रोताको रुपमा संग्रहालयसंग सरोकार राख्ने/गण्डकी प्रदेशको इतिहास र संस्कृति अध्ययन गर्ने विद्यार्थी/व्यक्तिहरुलाई आमन्त्रण गरि कार्यक्रम सञ्चालन गरिनेछ । | | | |
| ६. अपेक्षित उपलव्धी | इतिहास, संस्कृति, पुरातत्व र संग्रहालय अध्ययन गर्ने विद्यार्थीहरुका साथै प्रदेशको संस्कृति र सभ्यताको विषयमा चासो राख्ने व्यक्तिहरु लाभान्वित हुनेछन । | | | |
| ७ पेश गर्नुपर्ने कागजात | कार्यपत्र, प्रतिवेदन, आवश्यक विल भरपाई | | | |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास तथा स्वास्थ्य मन्त्रालय | | | |

## ३. सामाजिक विकास कार्यालयहरुबाट सञ्चालन हुने कार्यक्रमको कार्यान्वयन मापदण्ड, २०८०

### ३.१ हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासिय विद्यालयमा आवासिय व्यवस्थापन

(प्रभात किरण मा.वि., धार्चे गा.पा., गोरखा, जननर्मल मा.वि., बारागुङ मुक्तिक्षेत्र गा.पा., मुस्ताङ, हेम मा.वि., धवलागिरी गा.पा., म्याग्दी र शिख मा.वि., अन्नपूर्ण गा.पा., म्याग्दी)

| शीर्षक | विवरण |
|---|---|
| १. परिचय | प्रदेशको दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चालित विद्यालयहरु नमूना आवासिय विद्यालयका रुपमा छनौट भई सञ्चालनमा रहेका विद्यालयहरुमा आवास सञ्चालन एवम् व्यवस्थापन कार्यलाई व्यवस्थित रुपमा सञ्चालन गर्न **हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासिय विद्यालयमा आवासिय व्यवस्थापन** कार्यक्रम कार्यान्वयन गर्न आवश्यक भएकाले यो मापदण्ड निर्माण गरिएको हो ।<br>**परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यक्रममा,<br>**(क) "खाने वस्ने खर्च"** भन्नाले आवास सञ्चालन गरेका सामुदायिक विद्यालयहरुमा अध्ययनरत आवासिय विद्यार्थीहरुलाई पोषणयुक्त खाना व्यवस्थापनमा सहयोग पुऱ्याउन तथा उनीहरुको समतामूलक पहुँच विस्तार गर्न, पोषण अभिवृद्धि गर्न, टिकाउदर र शैक्षिक उपलव्धी सुधारका लागि प्रदान गरिने सहुलियत सम्झनु पर्दछ ।<br>**(ख) "नमूना आवासिय विद्यालय"** भन्नाले दुर्गम तथा हिमाली क्षेत्रमा आवास सञ्चालन गरेका नमूना आवासिय विद्यालयको रुपमा छनौट भएका विद्यालयहरुलाई सम्झनु पर्दछ । |
| २. कार्यक्रमको उद्देश्य | • लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुँच वढाउने,<br>• सिकाइ उपलव्धि बढाउने |
| ३. कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास कार्यालय, तोकिए बमोजिमका नमूना आवासिय विद्यालयहरु रहने स्थानीय तहहरु |
| ४. बजेट वाँडफाँट | छात्रवृत्ति रकम |
| ५. सञ्चालन गरिने क्रियाकलाप | क. **प्रस्ताव माग गर्नेः** नमूना आवासिय विद्यालयले आवास सञ्चालन एवम् व्यवस्थापन गर्नका लागि आवासीय विद्यार्थीहरुको खाने बस्ने खर्च अनुदान माग गर्न कार्ययोजना र लागत इष्टिमेट सहितको प्रस्ताव माग गर्नुपर्नेछ भने सम्बन्धित विद्यालयहरुले सामाजिक विकास कार्यालय समक्ष प्रस्ताव पेश गर्नु पर्नेछ ।<br>ख. **कार्यक्रम सञ्चालनः** विद्यालय र सामाजिक विकास कार्यालयबीच कार्यक्रम कार्यान्वयनको सम्झौता भएपछि कार्ययोजना र लागत इष्टिमेट समेतका आधारमा रकम निकासा लिई लक्षित समूहका गरीब, दलित तथा विपन्न परिवारका बालबालिकाहरुलाई प्राथमिकताका आधारमा विद्यार्थीहरुको खाने बस्ने सुविधा उपलव्ध गराउनु पर्नेछ ।<br>ग. **खाने बस्ने सुविधा उपलव्ध गराउने आधारः** खाने बस्ने सुविधा उपलव्ध गराउँदा प्रति विद्यार्थी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत **स्थानीय र प्रदेश तहमा सशर्त अनुदान एवम् शिक्षा विकास तथा समन्वय इकाइबाट कार्यान्वयन हुने कार्यक्रमसँग सम्बन्धित कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१** मा व्यवस्था भएको आवासिय छात्रवृत्ति बमोजिम |

| शीर्षक | विवरण |
|---|---|
| | हुनेछ । उक्त कार्यक्रम कार्यान्वयन पुस्तिका, २०८०/०८१ मा उल्लेख नभएको आवासिय विद्यार्थीहरुको खाने खर्च सम्वन्धमा देहाय वमोजिम गरिनेछः<br>• प्रति विद्यार्थी प्रति दिन बढीमा रु. एक सय तीस सम्म खाने खर्च वापत खर्च गर्न सकिनेछ ।<br>घ. **स्थानीय उत्पादन प्रयोगलाई प्राथमिकता दिनुपर्नेः** विद्यालयहरुले स्थानीय स्तरमा उत्पादन भएका वस्तु तथा खाद्यान्न प्रयोगलाई पहिलो प्राथमिकता दिनु पर्नेछ । सो सम्बन्धमा सामाजिक विकास कार्यालयले सम्झौताका अवसरमा वि.व्य.स.अध्यक्ष र प्रधानाध्यापकलाई अभिमुखिकरण गर्नु पर्नेछ।<br>ङ. **आवासिय विद्यार्थीलाई सिप विकास र उत्पादनमा सहभागी गराउनु पर्नेः** विद्यालयले विद्यालय समयका अतिरिक्त विहान बेलुका विद्यार्थीहरुलाई स्थानीय सीप र प्रविधि सिकाउनका लागि आवश्यक कार्य गर्नुपर्नेछ । यसका लागि स्थानीय उद्यमी/रोजगारदाताहरुको सहभागिता गराउनुपर्नेछ। |
| ६. अपेक्षित प्रतिफल | लक्षित समूहका बालबालिकाहरुको पठनपाठन निरन्तरता भएको हुने । |
| ७. पेश गर्नुपर्ने कागजातहरु | खाने वस्ने खर्च व्यवस्थापनसँग सम्बन्धित विद्यालय व्यवस्थापन समितिका निर्णयहरु, बिल भरपाईहरु र अनुगमन प्रतिवेदन । |
| ८. अनुगमन गर्ने निकाय | सामाजिक विकास कार्यालय, स्थानीय तहहरु |

## ३ २.हिमाली तथा दुर्गम क्षेत्रका नमूना आवासिय विद्यालयमा आवासिय भवन र पूर्वाधारको विकासको निरन्तरता

(प्रभात किरण मा.वि., धार्चे गा.पा., गोरखा, जननर्मल मा.वि., बारागुङ मुक्तिक्षेत्र गा.पा., मुस्ताङ, हेम मा.वि., धवलागिरी गा.पा., म्याग्दी र शिख मा.वि., अन्नपूर्ण गा.पा., म्याग्दी)

| शीर्षक | | विवरण |
|---|---|---|
| १. | परिचय | प्रदेशको दुर्गम तथा हिमाली क्षेत्रमा सञ्चालित विद्यालयहरु नमूना आवासिय विद्यालयका रुपमा छनौट भई सञ्चालनमा रहेका विद्यालयहरुको डिपीआर बमोजिम आवासिय भवन र पूर्वाधारको निर्माण कार्य सञ्चालन गर्न यो कार्यक्रम समावेश गरिएको हो । |
| २. | कार्यक्रमको उद्देश्य | लक्षित समूहका बालबालिकाहरुको शिक्षामा पहुँच वढाउने र सिकाइ उपलव्धि बढाउने । |
| ३. | कार्यक्रम कार्यान्वयन गर्ने निकाय | सामाजिक विकास कार्यालय, तोकिए बमोजिमका नमूना आवासिय विद्यालयहरु र विद्यालय रहने स्थानीय तहहरु |
| ४. | बजेट वाँडफाँट | निर्माण कार्यसँग सम्बन्धित खर्च |
